# परिच्छेद एक

## शोध परिचय

### १.१ विषय परिचय

नेपाली साहित्यका एक चर्चित प्रतिभा विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) बहु व्यक्तित्वका धनी मानिन्छन् । उनी हिन्दी भाषामा लिखित **हंस** नामक पत्रिकामा **वहाँ** भन्ने कथाको प्रकाशनबाट साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । कोइरालाले नेपाली साहित्यमा कथा, उपन्यास, कविता, निबन्ध, आत्मजीवनी जस्ता विधामा थुप्रै कृतिहरू लेखेका छन् । उनले आधुनिक नेपाली उपन्यासको विकासमा २०२५ सालदेखि जीवनपर्यन्त नै नयाँ औपन्यासिक मूल्य र मान्यता प्रदान गरेका छन् । उनका विशिष्ट औपन्यासिक कृतिहरूमध्ये **नरेन्द्रदाइ** दोस्रो उपन्यास हो । यस उपन्यासमा कोइरालाले मनोवैज्ञानिक, अस्तित्ववादी, विसङ्गतिवादी र नारीवादी विषयवस्तुलाई मुख्य रूपमा अँगालेका छन् ।

**नरेन्द्रदाइ** उपन्यासमा धेरै पात्रहरूको संयोजन गरिएको छ । तीमध्ये विभिन्न भूमिकामा रहेका पात्रहरूअन्तर्गत सानोबाबु, नरेन्द्र, गौरी, मुनरिया, सान्नानी, फगुनी, रम्पियरी, महारानी दिदी, जुन्टुनानी, कप्तान्नी आमा, सानीआमा, भान्छे बाहुनी, नजरियाकी दुलही, कप्तान बा, फुपू पर्दछन् । यस शोधपत्रमा उपन्यासको पात्रविधानगत दृष्टिकोणबाट पात्रहरूको अध्ययन, वर्गीकरण, विश्लेषण गरिएको छ । साथै यस उपन्यासको आधारमा तत्कालीन समाजमा नारीको स्थान र नारीको समाजप्रतिको दृष्टिकोणको मूल्याङ्कन गर्ने काम समेत प्रस्तुत शोधकार्यमा गरिएको छ ।

### १.२ समस्याकथन

विश्वेश्वरप्रसाद कोइरालाको **नरेन्द्रदाइ** उपन्यासका पात्रहरूको अध्ययन र विश्लेषण गर्नु यस शोधको मूल समस्या रहेको छ । प्रस्तुत शोधकार्यका निम्नलिखित समस्याहरू रहेका छन् :-

क) विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा के कस्तो रहेको छ ?

ख) औपन्यासिक पात्र विधानको सैद्धान्तिक स्वरूप कस्तो छ ?

ग) **नरेन्द्रदाइ** उपन्यासमा के कस्ता प्रतिनिधि पात्रहरू छन्

## १.३ उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्यहरू निम्न उल्लेखिन रहेका छन् : -

क) विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्राको निरूपण गर्नु ।

ख) औपन्यासिक पात्रविधानको सैद्धान्तिक स्वरूप पहिल्याउनु ।

ग) **नरेन्द्रदाइ** उपन्यासका प्रतिनिधि पात्रको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

विश्वेश्वरप्रसाद कोइरालाको आधुनिक नेपाली उपन्यासको विकासमा विशिष्ट योगदान रहेको छ । उनको योगदानलाई कदर गर्दै विभिन्न समीक्षक तथा शोधार्थीहरूले उनको उपन्यासमाथि विभिन्न कोणबाट अध्ययन अनुसन्धान गरेका छन् । विभिन्न पुस्तक,शोधकृति तथा पत्रपत्रिकाका माध्यमबाट आफ्नो तर्क तथा विचार पेस गरेका छन् । तिनै पूर्वकार्यहरूको विवरणलाई निम्नानुसार सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यहाँ **नरेन्द्रदाइ** उपन्यासबारे गरिएका पूर्वकार्यहरूलाई कालक्रमिक समिक्षा गरीएको छ ,

तारानाथ शर्माले **नेपाली साहित्यको ऐतिहासिक परिचय**(२०२९) नामक पुस्तकमा **नरेन्द्रदाइ** उपन्यासको विश्लेषण गरेका छन् । उनका विचारमा **नरेन्द्रदाइ** भौगोलिक वर्णन, सामाजिक परिचय र चरित्रचित्रणको राम्रो उदाहरण हो । यो समाजमा पुराना कुराहरू कसरी नष्ट हुँदै जान्छन् भन्ने विषयलाई औधी हृदयग्राही रूपमा यस उपन्यासले अघि सारेको छ । चरित्रचित्रण यस उपन्यासमा माथिल्लो दर्जाको छ । नरेन्द्रको मात्र होइन उसकी पत्नी र प्रेमिकाको चित्रण पनि साह्रै राम्रो छ । यसमा **नरेन्द्रदाइ** उपन्यासका पुरुषपात्र र नारीपात्रको भूमिकालाई समेत बस्तुपरक विश्लेषण गरिएको छ ।

इन्द्रबहादुर राईले **नेपाली उपन्यासका आधारहरू** (२०३१) नामक पुस्तकमा कोइरालाको औपन्यासिक पात्रहरूको विश्लेषण गरेका छन् । कोइरालाका औपन्यासिक कृतिहरू फ्रायडका मनोविश्लेषणवादी प्रकृतिमा आधारित रहेका छन् । उनका उपन्यासहरूमा जीवनको अस्तित्वको खोज तर्फ लक्षित देखिन्छन् । त्यसैले उनको उपन्यासका पात्रहरू अस्तित्व रक्षाका लागि सँधै प्रयासरत रहेका छन् ।

केशवप्रसाद उपाध्यायले **केही रचना केही विवेचना**(२०३२) भन्ने पुस्तकमा लेखेका छन्- मुनरियालाई नरेन्द्रप्रति अगाध र असीम प्रेम देखिन्छ । असिम प्रेम भए पनि आफ्नो जीवन र गाँस बासका लागि पुनर्विवाह वा बहुविवाह सामाजिक रूपमा स्वीकार्य रहेकाले उसले पुनर्विवाह गरेर यथार्थिक दृष्टिको परिचय दिएकी छ । उसले आत्मा मरेको कबुल गरी तर शरीर धर्मलाई पनि निर्वाह गरी रहेको देखिन्छ । गौरीले शरीर धर्मको अवहेलना गरी आत्माको धर्मलाई वरण गरेकी छ । पतिसितको सम्बन्ध प्रेमको आधारमा नभई धर्मको आधारमा जोड्ने नैतिक चेतना दिएको देखिन्छ । यसरी यस उपन्यासकी मुख्य पात्र गौरी  पतिव्रताका आदर्श नमुना बनेकी छ । यसमा गौरी र मुनरियाको दुर्दशालाई प्रस्तुत गरिएको छ ।

केशवप्रसाद उपाध्यायले **विचार र व्याख्या** (२०४०)  भन्ने पुस्तकमा कोइरालाका उपन्यासहरूको  विश्लेषणका क्रममा **तीनघुम्ती** स्वतन्त्र निर्णय गर्ने नारीको असफल दाम्पत्यको मर्मस्पर्शी कथा हो भने नरेन्द्रदाइ स्वतन्त्र निर्णय गर्ने पुरुषको दुःखान्त प्रेमको व्यथामय आख्यान हो भनेका छन् । यसमा पात्रहरूको कारुणिक अवस्थाको टिप्पणी गरिएको छ । ग्रन्थमा उपाध्यायले कोइरालाका उपन्यासमा यौन वा काम सर्वव्यापी चेतनाका रुपमा आएको र प्रेमले सर्वाधिक महत्व पाएको उल्लेख गरेका छन् । तर नरेन्द्रदाइ उपन्यासमा पात्रहरुको स्थिति के-कस्तो रहेको छ भन्ने बारेमा गहन अध्ययन र विश्लेषण भने गरेका छैनन् ।

विष्णुकुमारी शर्माले **मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाका साहित्य(सन् १९९१**) नामक पुस्तकमा कोइरालाको नरेन्द्रदाइ उपन्यासमा गौरी र मुनरियाको मनोवैज्ञानिक विश्लेषण गरिएको पाइन्छ । धेरै जसो विश्लेषकहरूमा फ्रायडेली सिद्धान्तको खोजी गरिएको पाइन्छ । उनले नारीपात्रहरूको अस्तित्ववादी वरणको समेत विस्तृत विश्लेषण तथा मूल्याङ्कन गरेकी छन् ।

भानुभक्त शर्माले **उपन्यासकार विश्वेश्वर प्रसाद कोइराला र नरेन्द्रदाइ उपन्यास** (२०४९)नामक पुस्तकमा विश्वेश्वरप्रसाद कोइरालाका साहित्यिक कृतिहरूमा जीवनको अस्तित्व र

संचेतनात्मक अनुभवको आत्मसात् भएको छ भन्ने कुरा गरेका छन् । यसबाट मान्छे आत्मिक रहस्य मात्र होइन जैविक तत्व पनि हो भन्ने कुरा बुझ्न सकिन्छ । यसमा नारी पात्रको खासै चर्चा गरिएको छैन ।

खेम दाहालले **विसङ्गतिवादी दृष्टिमा नरेन्द्रदाइ उपन्यासको सेरोफेरोको अवलोकन**(२०५२) नामक पुस्तकमा **नरेन्द्रदाइ** उपन्यासमा जीवनलाई हेर्ने दृष्टि नयाँ र पश्चिमी साहित्यबाट अनुशीलन गरिएको पाइन्छ । इन्द्रियले विवेकलाई झुक्याइरहेका हुन्छन् । जीवनमा सोचे सम्झे जस्तो गर्न सकिदैन । नैतिक चरित्रले सु-सज्जित भएको व्यक्तिभन्दा कामुक उद्दण्ड र स्वार्थी व्यक्ति सन्तोषको जीवन बाँच्दछ । यसमा **नरेन्द्रदाइ** उपन्यासका पात्रहरूको भूमिकालाई तुलना गरी आफ्नो मत राखेको छन्

शारदा शर्माले **विश्वेश्वर प्रसाद कोइरालाका नारी पात्र** (२०५३) शोधपत्रमा लेखेकी छन् । कोइरालाका प्रत्येक उपन्यासका मूल नारी पात्रहरू आ-आफ्नो दर्शन धारणा मान्यतामा पूर्णतया स्पष्ट र परिपक्व छँदैछन् । यसका साथ एउटा विशिष्ट वैचारिकताको आग्रह राख्ने आफ्नो युगका विशिष्ट नारीहरूका प्रतिनिधि पनि प्रतीत हुन्छ । नारीपात्रको चरित्रलाई प्रचलित सामाजिक बन्धन र नैतिक आदर्शको सीमाभित्र व्याख्या नगरी मानव मनको यौन मनोवैज्ञानिक धरातलमा नारी प्रकृतिका सूक्ष्म संवेगहरू तरङ्गित गरेर आवरण रहित बाधा र बन्धन रहित रूपमा स्वास्नीमान्छेको अन्तर्मनलाई केलाएर छुट्याउने प्रयत्न भएको छ । यसमा नारी मनोविज्ञानको सूक्ष्म रूपमा अध्ययन भएको छ । यस शोधकार्यमा नारीपात्रहरुको वारेमा विशद् अध्ययन गर्ने प्रयत्न गरे पनि कोइरालाको **नरेन्द्रदाइ** उपन्यासको पात्रहरुको सन्दर्भमा छुट्टै र विस्तृत अध्ययन भने भएको देखिदैन ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृति**(२०५३) भन्ने पुस्तकमा **नरेन्द्रदाइ** ‘उपन्यासमा अस्तित्वको पहिचान’ भन्ने शीर्षकमा नरेन्द्रदाइ उपन्यासमा मान्छेका अहंमतामा संरचित अधिकार र चाहनाहरू खण्डित भएपछि अस्मितामा विभक्त हुने विचार व्यक्त गर्दै नरेन्द्र, गौरी र मुनरियाको अहम् अस्मिता खण्डित भई आफ्नो अस्मिता खोज्दै अस्तित्वको लागि विविध कार्यहरू गरेका छन् भनेर सीमाङ्कन गरेका छन् ।

बासुदेव त्रिपाठीले **नेपाली साहित्यको शृङखला** (२०५६) नामक पुस्तकमा नेपाली समाजका अनेक अप्ठ्यारा र कठिनाई वा असङ्गति विसङ्गति र अर्न्तविरोधका बीच नै मानव मनोविज्ञानलाई संवोधन गरेका छन् । उनका कृतिहरुमा नरनारीका काम भावना वा यौन र रतिरागका सूक्ष्म पक्षलाई नै आफ्ना मुख्य विषयवस्तु बनाएका छन् ।

कृष्णप्रसाद दाहालले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरुमा द्वन्द्व विधान**(२०६०) आफ्नो विध्यावारिधिमा आधारित कृतिमा विश्वेश्वरप्रसाद कोइरालाका सबै उपन्यासहरुको विस्तृत अध्ययन र विश्लेषण प्रस्तुत गरेका छन् । उपन्यासका अतिरिक्त कोइरालाको संक्षिप्त जीवनी, उनका कथा, कविता, समालोचना र गैरसाहित्यिक लेख रचनाका बारेमा समेत अध्ययन प्रस्तुत गरिएको उक्त कृतिमा कोइरालाका उपन्यासमा प्रयुक्त द्वन्द्वविधानलाई गहन किसिमले विवेचना गरिएको छ । यसो भएता पनि प्रस्तुत शोधको मूल प्रश्नको सम्यक समाधान यसमा पनि भएको छैन ।

परशुराम श्रेष्ठ (२०६३) ले '**नरेन्द्रदाइ** उपन्यासमा  पात्र विधान' शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा कोइरालाको नरेन्द्रदाई उपन्यासको विश्लेषण गरेका छन् । पात्र वर्गीकरणको सामान्य मान्यताका आधारमा पात्रहरुलाई वर्गीकरण गरेर विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको उक्त शोधमा **नरेन्द्रदाइ** उपन्यासको पात्रविधानका बारेमा उनले यस्तो धारणा राखेका छन् । '**नरेन्द्रदाइ** वैचारिक उपन्यास हो र विचारको प्रस्तुतिमा पात्रहरुको उपस्थिति सार्थक रहेको छ । त्यसैले पात्रविधानमा **नरेन्द्रदाइ** सफल देखापर्दछ ।'उक्त शोधमा श्रेष्ठले कोइरालाका उपन्यासहरुले नौलो औपन्यासिक प्रवृत्ति र विचारलाई ग्रहण गर्दै नेपाली उपन्यास परम्परालाई नयाँ उचाई प्रदान गर्न ठुलो मद्दत पुगेको धारणा समेत राखेका छन् । यसका अतिरिक्त मानिस भित्र रहेका अनेक भाव र ग्रन्थिलाई कोइरालाका पात्रहरुले राम्ररी चिनाएको विचार उनले व्यक्त गरेका छन् । तर,यस शोधमा मूलपात्रहरुको बारेमा त्यति गहिरिएर विश्लेषण हुन सकेको छैन । चरित्र विश्लेषणका आधारमा पात्रविधानको सर्वपक्षीय अध्ययन नहुने हुँदा यो अध्ययन अपूर्ण नै देखिन्छ ।

दुर्गाबहादुर घर्तीले **मनोविश्लेषणात्मक नेपाली उपन्यासको परम्परा**(२०६७) पुस्तकमा कोइरालाको **नरेन्द्रदाइ** उपन्यासमा व्यक्तिको व्यवहार र प्रवृत्तिमा यौनशक्तिको प्रेरणा र प्रभाव देखाए पनि पात्रको अचेतन मनको उद्घाटन गरिएको छैन । पात्रहरू अनपेक्षित प्रतिकूल र विषय परिस्थितिको सिकार भएका छन् भनेर यस उपन्यासको मूल ध्येय मनोविश्लेषण होइन भन्ने कुरा  गरेका छन् ।

माथि प्रस्तुत भएका विभिन्न समीक्षाहरूको मतहरूले साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्व र योगदानलाई अध्ययन गरी आफ्नो मत विचार राखेका छन् । कतिपय विद्वान्हरूले उनको कृतिको विभिन्न दृष्टिकोणबाट समीक्षा पनि गरेका छन् । यिनै मतहरू नै कोइरालाको **नरेन्द्रदाइ** उपन्यासको पात्रहरुको अध्ययन विश्लेषण गरी सैद्धान्तिक ढाँचा र प्रकृया निर्माणमा उपयोगी रहेको छ ।

## १.५ अध्ययनको औचित्य र महत्व

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित **नरेन्द्रदाइ** उपन्यासलाई कृतिपरक, विधापरक तथा विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको तर यसको पात्रविधानगत दृष्टिले अध्ययन गरिएको छैन । तसर्थ यसको पात्रहरूको अध्ययन, वर्गीकरण, विश्लेषण  तथा मूल्याङ्कन गर्नु औचित्यपूर्ण रहेको छ । कुनै पनि कृतिमा  पात्रको भूमिका कस्तो छ भन्ने पक्षबाट पनि यो शोधकार्य महत्वपूर्ण ठहर्नेछ । यो शोधकार्य पात्रविधानको सैद्धान्तिक आधार निर्माण गर्न पनि उपयोगी रहेको छ । यसको आधारमा कुनै कृतिको पात्रहरुको अध्ययन, विश्लेषण, वर्गीकरण र मूल्याङ्कन गर्न चाहने पाठक वा अनुसन्धानका लागि यो शोधपत्र उपयोगी छ । **नरेन्द्रदाइ** उपन्यासका पात्रहरुका आधारमा तत्कालीन समाजको अध्ययन गर्न अध्येताको लागि यो शोधपत्र महत्वपूर्ण छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा विश्वेश्वरप्रसाद कोइरालाको जीवनी र व्यक्तित्वको चर्चा नगरी उनको उपन्यास यात्राको मात्र अध्ययन गरिएको छ । कोइरालाको अन्य कृतिहरूको अध्ययन नगरी **नरेन्द्रदाइ** उपन्यासको प्रतिनिधि पात्रको मात्र अध्ययन गरिनेछ । यसको पात्रविधान तत्वबाहेक अन्य तत्वहरूको चर्चा गरिएको छैन । यस उपन्यासको पुरुष पात्रको अध्ययनका साथै नारीपात्रको पनि अध्ययन गरिएको छ,

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य तयार पार्दा आवश्यक पर्ने सामग्रीको प्राथमिक स्रोतमा लेखक स्वयंको कृति र द्वितीयक स्रोतमा पूर्वकार्य भएका पुस्तक, लेख, शोधपत्र पत्रपत्रिका आदिको सङ्कलन गर्न पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोधकार्यका सामग्री विश्लेषणका क्रममा औपन्यासिक पात्रविधानको पूर्वस्थापित मान्यता नै यहाँ अनुसरण गरिएको छ । यसमा परम्परित शोधपद्धतिअन्तर्गत निगमनात्मक पद्धति अँगालिएको छ । अन्य कोणबाट पात्रहरूको अध्ययन गर्दा वैज्ञानिक पद्धतिको वर्णनात्मक पद्धतिको प्रयोग गरिएको छ । त्यस्तै गरी तत्कालीन समाजको नारीप्रतिको धारणाको निरूपण गर्ने क्रममा अन्तर्विषयक पद्धतिको पनि प्रयोग गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

यस शोधकार्यलाई निम्नलिखित विभिन्न परिच्छेदहरूमा विभाजन गरी क्रमानुसार प्रस्तुत गरिएको छ ।

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : औपन्यासिक पात्रको सैद्धान्तिक स्वरूप

परिच्छेद तीन : विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा

परिच्छेद चार : **नरेन्द्रदाइ** उपन्यासका प्रतिनिधि पात्रहरूको अध्ययन

परिच्छेद पाँच : निष्कर्ष

सन्दर्भग्रन्थ सूची

# परिच्छेद दुई

## औपन्यासिक पात्रविधानको सैद्धान्तिक स्वरूप

### २.१ विषय परिचय

उपन्यासका विभिन्न तत्वहरू मध्ये पात्र एक प्रमुख तत्व हो । पात्र संस्कृत स्रोतबाट लिईएको शब्द हो । पात्र शब्दले व्यक्तिको आनीवानी,व्यवहार, वा चरित्र भन्ने बुझाउँछ । त्यस्तै काव्य,नाटक,कथा उपन्यास,आदिमा वर्णन गरिएका नायक, नायिका वा अन्य व्यक्तिलाई पात्र भनिन्छ । बृहत शब्द कोशका अनुसार यस शब्दको विभिन्न अर्थ लाग्ने भएता पनि साहित्यका सन्दर्भमा नाटकको पात्र,अभिनेता तथा काव्य,कथा,उपन्यासआदिका नायक,नायिका वा अन्य व्यक्तिहरु भन्ने अर्थ नै उपयुक्त देखिन्छ । “पात्र” शब्द अङ्ग्रेजी साहित्यमा प्रचलित “क्यारेक्टर”(character)शब्दको पयार्यबाचीका रुपमा पनि नेपाली साहित्यमा प्रचलित रहेको छ । पात्र शब्द साहित्यमा पारिभाषिक रूपमा सत्रौं शताब्दीतिर प्रचलनमा आएको हो । अङ्ग्रेजी क्यारेक्टर शब्द , ग्रीक भाषाबाट आएको हो । जसको अर्थ अङ्कित गरिएको वा छाप लगाईएको भन्ने हुन्छ । प्राचीन ग्रीसेली साहित्यमा अरिस्टोटलले त्रासदीका सन्दर्भमा पात्रको विस्तृत चर्चा गरेका छन् (घर्ती ,२०६७:८२)। नेपाली साहित्यमा पात्रको समानार्थी रूपमा चरित्र शब्द पनि प्रचलित छ । चरित्रको शाब्दिक अर्थ व्यवहार, आदत, चालचलन, अभ्यास, प्रकृति , स्वभाव आदि हुन्छ । यसरी कोशीय अर्थलाई दृष्टिगत गर्दा पात्र' शब्दले व्यक्तिलाई र चरित्र शब्दले व्यक्तिका स्वभाव,आदत ,व्यवहार, चालचलन भन्ने वुझिन्छ । खासगरी आख्यानमा देखापर्ने पात्रहरु कतिपय नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् । त्यस्ता पात्रलाई चरित्र भनिन्छ । ( शर्मा , २०४९:११४) पात्र वा चरित्रलाई परिभाषित गर्ने क्रममा विभिन्न शब्दकोशमा , पुस्तक, पुस्तिकामा विभिन्न विद्वानहरुले आ–आफ्ना धारणाहरू व्यक्त गरेका छन् । ती मध्ये केही परिभाषाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ । आचार्य भामहले काव्यालङ्कार ग्रन्थमा पात्रलाई महान् व्यक्तिको महान चरित्रका रूपमा लिएका छन् । जसमा

मन्त्रणा,दूतसम्प्रेषण,सुन्दरव्यक्तिका रूपमा व्याख्या गरेका छन् ।आचार्य विश्वनाथका अनुसार सामान्यतया पात्र भन्नाले कुनै देवता त्यागी , वीर, कुलीन , सम्पन्न, रूप, यौवन र उत्साहले परिपूर्ण, तेजस्वी चरित्रवान् व्यक्ति नायक हो । जसमा धीरोदात्त, धीरोद्धत्त, धीरललित, धीरप्रशान्त गुण हुन्छ (विश्वनाथ, २०३२:९५) ।

चरित्र त्यो माध्यम हो , जसको आधारमा कुनै घटनाको कल्पना गरी यथार्थको प्रस्तुतीकरणको प्रयास गरिन्छ (उपाध्याय, २०३२:७६४)।

दयाराम श्रेष्ठले पात्रलाई आख्यानमा पात्र वा चरित्रहरू कथावस्तु वा उद्देश्यसँग गाँसिएका पक्षहरू हुन् भनेका छन् (श्रेष्ठ , २०६६:४) ।

राजेन्द्र सुवेदीले पात्रलाई मानव जीवनको व्यापक भाष्य उतार्ने तत्वका रुपमा परिभाषित गर्दै पात्र नै उपन्यासको कथानक, उद्देश्य लगायतका तत्वहरूसँग गाँसिएका हुने हुँदा कथानकको कार्यव्यापारलाई अगाडि बढाउने मुख्य तत्वका रुपमा देखा पर्ने र पात्रले नै आख्यानको समग्र पक्षलाई प्रभावकारी बनाउने कार्यमा केन्द्रीय भूमिका खेल्ने कुरा व्यक्त गरेका छन् (सुवेदी २०५१, २३/२४) ।

दुर्गाबहादुर घर्ती मगरले पात्रको परिभाषा दिने क्रममा उपन्यासमा जुनसुकै भूमिका खेल्ने मान्छे वा मानवीय अभिवृत्ति भएको व्यक्ति नै पात्र हो,भन्दै उपन्यासमा पात्रहरू मानवीय र मानवेतर दुवै किसिमका हुन्छन् रअतिमानवीय वा मानवेतर पात्रहरुले पनि मानवीय चरित्रको उद्घाटन गर्दछन् भन्ने धारणा व्यक्त गरेका छन्(घर्ती , २०६७:७२)।उनले पात्रलाई परिभाषित गर्ने क्रममा उपन्यासका घटनासँग सम्बद्ध व्यक्तिलाई पात्र भनिन्छ, भनि छोटो परिभाषा दिएका छन ।

कृष्णहरि बरालले पात्रलाई चिनाउने क्रममा कथावस्तुसित सम्बद्ध विविध कथानक तथा तिनीहरुलाई गति दिने माध्यम चरित्र हुन् ,भनेका छन् (बराल,२०५६:६५) ।

मोहनराज शर्माले चरित्र वा पात्र एक प्रकारको बौद्धिक , भावुक र हतार बानीहरूको समिश्रण हो , भनेका छन् (शर्मा, २०५९:३९४) ।

माथि उल्लेखित परिभाषाहरूको अध्ययन गरिसकेपछि पात्र भन्नाले कथानकको विकास गर्ने वा कथानकलाई गति दिने महत्वपूर्ण तत्व, बिचारको वाहक, उपन्यास वा कथानकमा घट्ने घटनाबाट प्रभावित हुने मानवीय र मानवेतर तत्व ,कथानकको उद्देश्य प्राप्तिका लागि अनिवार्य तत्व, उपन्यासको कथावस्तुका  जगका साथै व्यक्ति र चरित्रको अनुकृतिमूलक प्रतिनिधि र कथामा पाइने व्यक्ति वा चरित्रलाई बुझ्न सकिन्छ । यिनै परिभाषाहरूलाई आधार बनाएर निष्कर्षमा भन्नु पर्दा पात्र भनेको साहित्यकारले साहित्यको उद्देश्य प्राप्तिका लागि कथानकलाई गति दिन प्रयोग गर्ने प्रतिनिधिमूलक व्यक्ति वा चरित्र हो, जसले कथानक वा कृतिमा आएर निश्चित भूमिका पूरा गर्ने गर्दछ ।

## २.२ पात्र वा चरित्रका प्रकारहरू

उपन्यासमा प्रयोग गरीने पात्र वा चरित्रहरू जीवनका विभिन्न सन्दर्भहरू वा कथानकका विभिन्न अवस्था वा परिवेश अनुसार लिइएका हुन्छन् । यसकारण तिनिमा विभिन्नता हुनु स्वभाविक रहन्छ । कथानक र वातावरणको फरकपनले गर्दा पात्रका गुण वा चरित्रहरू फरक फरक हुन पुग्दछन् । उपन्यासमा प्रयोग गरिने चरित्रका केही प्रकारहरू निम्नानुसार छन् ।

- गतिशील र गतिहीन
- यथार्थ र आदर्श
- अन्तर्मुखी र बहिर्मुखी
- गोला र च्याप्टा
- सार्वभौम र आञ्चलिक
- पारस्परिक र मौलिक

### (क) गतिशील पात्र

जुन पात्रहरू सामाजिक रुपान्तरणका लागि समाज अनुकूल आफ्ना स्वभाव वा भूमिका परिवर्तन गरिरहन्छन् त्यस्ता पात्रहरु गतिशिल पात्र हुन् । गतिशील पात्रहरू प्राय : मार्क्सवादी मान्यताका हुन्छन् । यी पात्रहरु एउटा मात्र समस्या वा सोचाईमा रहँदैनन् ,समय अनुकुल

आफनो सिद्धान्त, स्वभाव , विचार र जीवनधारालाई परिवर्तन गरी समय सापेक्ष रहेका हुन्छन् ( बराल, २०५६:६७)।

**(ख) गतिहीन पात्र**

गतिहीन पात्रलाई स्थिर पात्र पनि भनिन्छ । जुन पात्रहरूले समय अनुकूल आफूलाई परिवर्तन गर्दैनन् त्यस्ता पात्र गतिहिन पात्र हुन् । परिवेश अनुसार उसको कुनै स्वभाव, विचार , सिद्धान्त, कुनैमा विचलन आउँदैन (बराल,२०५६:६७) ।

**(ग)यथार्थ पात्र**

उपन्यासमा समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने खालको पात्र याथार्थ पात्र हो । यसो उपन्यास पढ्दा यस्ता पात्रहरुको जीवन आफैले भोगेको जस्तो वास्तविक जीवनको अनुभुति व्यक्त गरे जस्तो हुन्छ (वराल र एटम, २०५६ : ६८) ।

**(घ) आदर्श पात्र**

उपन्यासमा प्रयोग हुने आदर्श पात्रले उच्च आकांक्षा बोके पनि यस्तो हुनु पर्दछ, भन्ने सन्देश दिन आउने हुनाले यसमा यथार्थको अभाव हुन्छ । (बराल एटम२०५६: २८) स्रष्टाले उसलाई मुखपात्र बनाउने उद्देश्यले उसका इच्छा वा यथार्थ चरित्रलाई लुकाएर कृतिम बनाएको हुन्छ ।

**ङ) अन्तर्मुखी पात्र**

जीवनलाई आफ्नै रचनामा ढालेर सांसारिक भद्रगोल देखी टाढा बस्न चाहने पात्र अर्न्तर्मुखी हुन्छ । यस्ता पात्रहरू वाहिरी संसारमा नरमाउने प्रवृत्तिका देखिन्छन् । (बराल एटम,२०५६ :

**च) बहिर्मुखी पात्र**

आपना मनका कुराहरू अरूलाई भनिहाल्ने र बाहिरी संसारमा रम्न मन पराउने पात्र बहिर्मुखी पात्र हुन् । यस्ता पात्रहरु आशावादि देखिन्छन् । उनीहरूले जीवनलाई रमाइलो अनुभवका रूपमा लिएका हुन्छन् ।

**(छ) गोला पात्र**

उपन्यासमा प्रयोग भएका गोला पात्रलाई गतिशिल पात्र पनि भनिन्छ । गोलापात्रहरू समय , परिर्सथिति, अनुसार परिवर्तनशिल हुन्छन् ।गोलापात्रमा स्वच्छन्दता र स्वभाविकता बढि हुन्छ ।यिनिहरुले जीवनलाई जटिल रुपले भोग्ने र क्षण क्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चक बनाउने गर्दछन् (बराल, २०५६:३५) ।

**(ज)च्याप्टा पात्र**

उपन्यासमा प्रयोग भएका च्याप्टा पात्रलाई स्थिर वा गतिहिन पात्र पनि भनिन्छ । च्याप्टा पात्रहरू सँधै भरी एकै किसिमका हुन्छन् । जीवनलाई स्पष्ट रुपमा बुझ्ने र बिशेष रुपमा सजिलै सँग भोग्न सक्ने पात्र च्याप्टा पात्र हुन् । त्यस्ता पात्रमा आदर्शको मात्रा बढि हुने हुनाले यिनिहरु आदर्श र स्थिर पनि हुन्छन् (बराल २०५६,..३५) ।

**(झ) सार्वभौम पात्र**

जताततै उहि रुपले ग्रहण गर्न सकिने पात्र सार्वभौम हुन्छ । जसका कृयाकलाप बाताबरणमा आरुढ हुँदैनन् । मानवकै मौलिक सम्पत्तिका रुपमा तिनले मान्यता पाउँछन् भने त्यस्ता पात्र सार्वभौम पात्रहरु हुन् ।(बराल २०६५,६३)

**(ञ) आञ्चलिक पात्र**

आञ्चलिक पात्र निश्चित परिवेशमा सिमित रहेका हुन्छन् । आञ्चलिक पात्रले निजि संस्कार र आन्तरिक रुप प्रदर्शन गर्दछन् । यस्ता पात्र सदैव आपनो एउटा विशिष्ट सन्दर्भ सँग जोडिएर वसेका हुन्छन् ।

**(ट) पारम्परिक पात्र**

पूर्व परिचित स्वभाव, आचरण र कार्यको अनुसरणमा हिंड्ने पात्र परम्परित वा रुढ पात्र हुन् । यस्ता पात्रहरु सिर्जना भईसकेका वा परम्पराको गोरेटोमा हिंड्ने गर्दछन् र प्रभावकारी पनि हुन्छन् ।

(ठ) **मौलिक पात्र**

मौलिक पात्र स्रष्टाको सिर्जनामा हुने पात्र हुन् । मौलिक पात्र परम्परित रूपमा परिचित हुँदैनन् । उपन्यासको कथानकमा मात्र घटित भएका पात्रहरू मौलिक पात्र हुन् ।

## २.३ चरित्र चित्रणका आधारहरू

उपन्यासमा प्रयुक्त पात्रहरूलाई निम्नलिखित आधारमा वर्गीकरण गरेर हेर्न सकिन्छ । ती आधारहरू हुन् :

(क) लिङ्गका आधारमा

क) कृतिगत भूमिकाका आधारमा

ख) स्वभावका आधारमा

ग) प्रवृत्तिका आधारमा

घ) जीवनचेतनाका आधारमा

ङ) आसन्नताका आधारमा

च) आबद्धताका आधारमा

### २.३.१ लिङ्गका आधारमा

पात्र वर्गीकरणका विभिन्न आधारहरूमध्ये लिङ्गका आधार पनि एक हो । यो आधार पात्रको शारीरिक जात छुट्याउने आधार हो । औपन्यासिक कृतिमा मानवीय पात्रहरू लिङ्गका आधारमा नारी र पुरुष गरी दुई किसिमका हुन्छन् । लिङ्गको आधारमा नायक र नायिका छुट्टिन्छन् । उपन्यासमा मानव जीवनको चरित्र प्रस्तुत गरिने भएकोले यसमा प्रायः मानव पात्रहरूलाई नै प्रस्तुत गरिएको हुन्छ । पात्रको शारीरिक वर्णन, काम, स्वभाव र उनका लागि प्रयुक्त भएको क्रियापदका आधारमा लिङ्ग छुट्याउन सकिन्छ । उपन्यासमा नारी तथा पुरुष दुवै खाले पात्रहरू भए पनि यी दुवैको सहकार्यमा उपन्यासले पूर्णता प्राप्त गर्दछ ।

### २.३.२ कृतिगत भूमिकाका आधारमा

उपन्यासको सिङ्गो जीवन तथा समाजको चित्रण गर्ने हुँदा यस्तो वृहत् आख्यानात्मक कृतिमा पात्र संख्या पनि अधिक नै हुन्छ । अतः उपन्यास विभिन्न घटनाहरूको एउटा श्रृङ्खला भएको हुनाले घटनै पिच्छे नयाँ - नयाँ पात्रहरू देखा पर्नु स्वभाविक देखिन्छ । यसरी उपन्यासमा आवश्यक अनावश्यक गरी अनेक पात्रहरू हुन्छन् र ती पात्रहरूलाई उपन्यासमा तिनको कृतिगत भूमिकाका दृष्टिले वर्गीकरण गरेर हेर्न सकिन्छ । यस सम्बन्धमा उपन्यासका चरित्रलाई मोटामोटी ३ तीन श्रेणीमा वर्गीकरण गरी हेर्न सकिन्छ ।

**क) प्रमुख पात्र**

उपन्यासको कथावस्तुमा शुरूदेखि अन्त्य सम्म मुख्य भूमिका निर्वाह गर्ने पात्र प्रमुख पात्र हो । यस अन्तर्गत उपन्यासमा अत्यधिक कृतिगत भूमिका भएको पात्रहरू देखा पर्दछन् । जसमा उपन्यासका नायक नायिका नै यस श्रेणीअन्तर्गत पर्दछन् । यिनै नायक नायिकाकै चारित्रिक विकाससँगसँगै उपन्यासको घटनाक्रम पनि विकास हुने हुँदा नायक नायिकालाई नै औपन्यासिक घटनाका प्रमुख सञ्चालक मान्न सकिन्छ नायक नायिकाको चारित्रिक परिवर्तनको घटनालाई समेत परिवर्तन गरी औपन्यासिक कथानकलाई अन्तिम परिणतिको बिन्दुसम्म पुऱ्याउँदछ ।

यसरी नै शोधकृति **नरेन्द्रदाइमा** उपस्थित भएका नरेन्द्रदाइ, गौरी र मुनरिया यस उपन्यासका मूल पात्रका श्रेणी भित्र पर्न आउँछन । यस्ता पात्रहरूको उपन्यासमा आउने जाने आवृत्तिक्रम पनि अन्य पात्रको तुलनामा ज्यादा नै हुन्छ र कतिपय उपन्यासहरूमा यस्ता पात्रहरू सुरुदेखि अन्त्यसम्म नै देखा परिरहन्छन्  (बराल ,एटम २०५६: ६१) ।

**(ख) सहायक पात्र**

उपन्यासको कथावस्तुमा प्रमुख पात्रको भूमिका भन्दा थोरै भूमिका भएको पात्र सहायक पात्र हो । यस्ता पात्रले प्रमुख पात्रलाई कतिवेला सहयोग पनि गरिरहेका हुन्छन् त कतिपय अवस्थामा खलनायकको भूमिका पनि खेलिरहेका हुन्छन् (शर्मा ,२०२९...१६३)।

### (ग) गौण पात्र

उपन्यासमा मूल पात्र र सहायक पात्रको कृतिगत भूमिकाभन्दा  कम औपन्यासिक भूमिका भएका पात्रहरूलाई नै गौण पात्रका श्रेणी भित्र राख्न सकिन्छ । अर्थात् उपन्यासमा यस्ता पात्र कतै कतै मात्र आएका हुन्छन् । यिनीहरूको भूमिका नगन्य हुन्छ । यस्ता पात्र लाई उपन्यासबाट झिकिदिएमा कथावस्तुमा कम असर पर्दछ ।

### २.३.३ स्वभावका आधारमा

उपन्यासका पात्रहरूलाई स्वभावको आधारमा दुई वर्गमा विभाजन गर्न सकिन्छ , स्थिर र गतिशील उपन्यासको जुन पात्र आरम्भदेखि अन्त्यसम्म एउटै मूल्य एउटै चरित्र, एउटै प्रवृत्तिका साथ देखा पर्दछन् । त्यस्ता पात्र स्थिर पात्र हुन् । यस्ता पात्रहरूको गतिमा कुनै भिन्नता वा आरोह-अवरोह देखिँदैन । यस्ता पात्रहरूलाई पारम्परिक पात्रको संज्ञा पनि दिइन्छ तर गतिशील पात्रहरू कथानकको मोड र गतिअनुसार क्रियाशील र फेरबदल हुन्छन् । “कथावस्तुमा देखिने अवरोध र गतिको चरण अनुसार असल र खराब वा भिन्न भिन्न प्रवृत्तिमा देखा पर्दछन् । यस्ता पात्रलाई गतिशील पात्र भनेर भनिन्छ” (बराल र एटम,२०५६:३५) । तसर्थ उपन्यासको आदिदेखि अन्त्यसम्म कुनै पनि वातावरण र परिस्थितिले परिवर्तन नहुने पात्र स्थिर र समय र पारिस्थिति अनि वातावरण अनुसार आफ्नो कार्य र प्रवृत्ति परिवर्तन हुने पात्र गतिशील पात्र हो ।

### २.३.४ प्रवृत्तिका आधारमा

पात्र वर्गीकरणका आधारहरूमध्ये प्रकृतिको आधार पनि एक महत्वपूर्ण आधार हो । यस अन्तर्गत सकारात्मक तथा अनुकूल र नकारात्मक तथा प्रतिकूल गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । उपन्यासमा कुनै पात्रहरूले सकारात्मक र कुनै पात्रहरूले नकारात्मक भूमिका निर्वाह गरेका हुन्छन् । यस संसारमा विभिन्न प्रकृतिका मानिसहरू रहने र तिनका कार्यको अनुकृति गर्ने व्यक्ति नै पात्र भएकोले तिनको प्रवृत्तिलाई पनि उपन्यासमा उतारिएको हुन्छ । उपन्यासमा सकारात्मक भूमिका निर्वाह गर्ने पात्र अनुकूल पात्र र नकारात्मक भूमिका निर्वाह गर्ने पात्र प्रतिकूल पात्र हुन् । अनुकूल पात्रमा नायक, नायिका र तिनीहरूलाई सहयोग पुर्‍याउने पात्रहरू पर्दछन् भने नायक नायिकालाई फल प्राप्ति गर्न बाधा अड्चन र व्यवधान पुर्‍याउने तथा

दोषयुक्त प्रवृत्ति भएका प्रतिनायक, प्रतिनायिका तथा तिनीहरूलाई सहयोग पुऱ्याउने पात्रहरूलाई प्रतिकूल अर्थात असलपात्रका रूपमा चित्रण गर्न सकिन्छ । त्यसपात्रले उपन्यासको कथानक र उद्देश्यको विकासमा सकारात्मक भूमिका निर्वाह गर्दै पाठकहरूको सहनुभूति बटुलेको हुन्छ भने यसको ठीक विपरीत नकारात्मक भूमिका निर्वाह गर्ने पात्रहरूले पाठक को घृणा, तिरस्कार प्राप्त गर्दछन् ।

### २.३.५ जीवनचेतनाका आधारमा

समाजको कुनै सिङ्गो वर्ग वा समूहको प्रतिनिधित्व गर्नु वा नगर्नु नै जीवनचेतनाको वा प्रतिनिधित्वको आधारमा हो । यसअन्तर्गत पात्रहरू व्यक्तिगत र वर्गगत गरी दुई किसिमका हुन्छन् । समाजमा विभिन्न  वर्गका मान्छे हुन्छन् समाजका त्यस्ता अभिजात्य मध्यम वा निम्नमध्ये कुनै एक वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गगत अन्तर्गत पर्दछ भने कुनै एक विशिष्ट प्रकारको व्यक्तिको प्रतिनिधित्व गर्ने वा आफ्नै मात्र प्रतिनिधित्व गर्ने पात्र व्यक्तिगत पात्र हो । त्यस्ता व्यक्तिगत पात्रहरू आफ्नै लागि मात्र लडिरहेका हुन्छन् तर वर्गगत पात्रले समाजका लागि पनि प्रतिनिधित्व गरी केही गर्न तम्सिएको पनि हुन सक्छ ।

### २.३.६ आसन्नताका आधारमा

पात्रहरुको उपस्थितिले कथानकलाइ कसरी अगाडि बढाउने भन्ने कुराको निर्धारण गर्दछ। बरालका अनुसार "उपन्यासको कथानकमा हुने पात्रहरूको उपस्थितिलाई आसन्नताको आधार भनिन्छ (बराल र एटम २०५६:३३) । यस आधारमा उपन्यासका पात्रहरूलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ । उपन्यासका पात्रहरू स्वयं प्रत्यक्ष रूपमा उपस्थित भएर भूमिका निर्वाह गर्ने वा उपन्यासकारबाट नामोच्चारण वा सङ्केतमात्र गरिने खालका हुन्छन् ।" यी पात्रहरूलाई क्रमशः मञ्चयि वा नेपथ्य पात्र गरी विभाजन गर्न सकिन्छ । पात्र स्वयं मञ्चमा नै उपस्थित भएर प्रत्यक्ष रूपमा कार्य सम्पादन गर्ने पात्र उपस्थित भएर प्रत्यक्ष रूपमा कार्य सम्पादन गर्ने पात्र मञ्चीय र परोक्ष रूपमा उपन्यासमा सम्उपस्थित भई प्रासङ्गिक रूपमा या अन्य पात्रले या उपन्यासकारले नामोच्चारण मात्र गरिने पात्र नेपथ्यीय पात्र हो । नेपथ्यीय पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन्  (श्रेष्ठ, २०६२:५८) ।

### २.३.७ आबद्धताका आधारमा

उपन्यासको कथानकसँग पात्रको गहिरो सम्बन्ध हुन्छ । उपन्यासमा कुनै पात्र यस्तो हुन्छ, जसलाई त्यहाँबाट हटाउँदा पनि केही फरक पर्दैन तर केही यस्ता पात्र पनि हुन्छन् । जसले कथाकलाई कथानकलाई बाँधेको हुन्छ र यस्ता पात्रलाई झिक्दा उपन्यासको संरचना नै बिग्रन्छ । उपन्यासको कथानकसँग पात्रको यही किसिमको हेराइलाई नै आबद्धताको आधार भनिन्छ । यस आधारमा औपन्यासिक पात्रहरू बद्ध र मुक्त दुई किसिमका हुन्छन् । कृतिबाट वा उपन्यासबाट हटाउँदा उपन्यासको कथावस्तुबाट अलग गराउँदा खासै फरक र असर नपर्ने पात्र मुक्त पात्र हो । बद्ध पात्रको प्रत्यक्ष सम्बन्ध उपन्यासको केन्द्रीय पात्र र मूल कथा वस्तुसँग रहेको हुन्छ । मुक्त पात्रको उपस्थिति उपन्यासमा केन्द्रीय पात्रको सहयोगीका रूपमा आएको हुन्छ । यसर्थ जुन पात्रलाई हटाउँदा कथानकमा भिन्नता आउँछ र विषयवस्तु बिग्रन्छ । त्यस्ता पात्र बद्ध र जुन पात्रलाई हटाउँदा पनि कथानकमा खासै भिन्नता आउँदैन, त्यस्ता पात्रलाई मुक्त पात्र भनिन्छ (शर्मा, २०५५:१२४-१२५) ।

## २.४ निष्कर्ष

उपन्यासमा घटना सञ्चालन गर्ने व्यक्तिलाई बुझाउने शब्द नै पात्र हो । 'पात्र' शब्दले विभिन्न अर्थ जनाएको भए तापनि उपन्यासमा घटनासंग सम्बद्ध भएर आउने व्यक्ति वा प्राणीलाई पात्र भनिन्छ र पात्रलाई नै चरित्र पनि भनिन्छ । पात्र वा चरित्रका सम्बन्धमा पूर्वीय पाश्चात्य तथा नेपाली साहित्यका समालोचकहरूले आ-आफ्ना ढङ्गले परिभाषा दिइएको भएतापनि औपन्यासिक कथानक र घटनावलीसँग जोडिएर आउने तत्व नै पात्र हो । उपन्यासमा पात्रको ठूलो भूमिका हुन्छ र पात्र बिना उपन्यासको कल्पना पनि गर्न सकिन्न । उपन्यासकारलाई परिवेश, काल, परिस्थिति र देश अनुसारका पात्रहरूको समायोजन गरेको हुन्छ र यसलाई नै पात्रविधान भनिन्छ । पात्रहरूलाई बाह्य आन्तरिक र नाटकीय गरी तीन किसिमले चरित्रचित्रण गर्न सकिन्छ । उपन्यासको पात्रहरू विभिन्न प्रकारका हुन्छन् । ती पात्रहरूको वर्गीकरण विभिन्न विद्वान्हरूले विभिन्न तरिकाले गरेको पाइन्छ । पात्र सम्बन्धी ती विद्वान्हरूद्वारा प्रस्तुत गरिएका सामान्य आधारहरूमध्ये मोहनराज शर्माद्वारा प्रस्तुत आधार नै हालसम्म स्पष्ट वैज्ञानिक र वस्तुनिष्ठ देखिन्छ । उनले पात्रहरूलाई लिङ्गका आधारमा, कार्यका

आधारमा प्रवृत्तिका आधारमा, स्वभावका आधारमा जीवन चेतनाका आधारमा आसन्नताका आधारमा र आबद्धताका आधारमा वर्गीकरण गरेका छन् । हरेक उपन्यासमा रहेका पात्रहरूलाई समेट्ने गरी उनले पात्रको सैद्धान्तिक वर्गीकरण गरेका छन् । उनको यही वर्गीकरण नै पात्रविधानको प्रमुख आधार मानिँदै आएको पाइन्छ ।

# परिच्छेद तीन

## विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा

### ३.१. विषयपरिचय

विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं.१९७१ साल भाद्र २४ मा बनारसमा भएको थियो । उनी मुल रूपमा साहित्यकार मात्र नभई साहित्यिक र राजनीतिक दुवै क्षेत्रलाई आफ्नो कर्मथलो बनाउन सफल भएका छन् । उनको पिताको नाम कृष्णप्रसाद कोइराला र माताको नाम दिव्या कोइराला हो । उनका बाजेको नाम नन्दिकेशर र बज्यै राज्यलक्ष्मी थिइन् । उनलाई बाल्यकालमा चूडामणि भनिए पनि उनका ठुलाबा कालिदासले काशीका आदिदेव विश्वनाथको प्रसादको रूपमा उनलाई विश्वेश्वरप्रसाद नाम राखेपछि उनको नाम यही रहन पुग्यो ।

कोइरालाको परिवार शिक्षित थियो । उनी आदर्श पिताको पुत्र भई जन्मेकाले उनको शिक्षादीक्षामा कुनै गाऱ्हो भएन । उनका पिताले शिक्षक, खेल प्रशिक्षक आदिको प्रबन्ध मिलाएर उनको शिक्षादीक्षाको उचित प्रबन्ध गरे । उनको बाल्यकाल बनारसमै पिताको निर्वासन कालमा नै बित्यो । उनले वि.सं.१९८७ मा बनारसबाट प्रवेशिका उत्तीर्ण गरे । त्यस्तै बनारस हिन्दू विश्वविद्यालयबाट वि.स.१९९१ मा बी.ए.र वि.सं.१९९४ मा कलकत्ता विश्वविद्यालयबाट बी.एलको औपचारिक शिक्षा पूरा गरे । अर्थशास्त्रमा एम.ए.गर्दागर्दै राजनीतितर्फ आकृष्ट भएकाले उनको औपचारिक शिक्षा यही टुङ्गियो । उनले नेपाली अङ्ग्रेजी, हिन्दी, मैथिली, उर्दु, नेवारी आदि भाषामा राम्रो ज्ञान हासिल गरेका थिए (सुवेदी, २०५३ :१४६) ।

कोइराला किशोरावस्थाबाटै राजनीतिक र साहित्यिक आकर्षणले उत्प्रेरित रहे । आफू १३/१४ वर्षको उमेर हुँदा काशीमा पढ्न बस्दाखेरि नै उनले सादा जीवन र उच्च विचारको परिपाठसँगै नेतृत्व कौशल एवं स्वअध्ययन गर्न पनि सिके (अधिकारी, २०५०:२१)। फलस्वरूप उनी एक सफल राजनीतिज्ञ बने । वि.सं.२००४ सालमा कलकत्तामा राष्ट्रिय कांग्रेसको गठन भएपछि कोइराला कार्यकारी अध्यक्ष बने । उनकै नेतृत्वमा विराटनगर मजदुर

आन्दोलन चर्कियो । राणाशासन अन्त्यपछि बनेको संयुक्त मन्त्रीमण्डलमा कोइराला गृहमन्त्री बने । २०१५ सालमा संसद् सदस्य निर्वाचित भए र प्रथम जननिर्वाचित प्रधानमन्त्री बने । उनको नेतृत्वमा बनेको सरकार १८ महिनापछि २०१७ सालको पुषमा विघटन भई कोइरालाले ८ वर्षसम्म जेलजीवन भोग्नु पर्‍यो । कोइराला २०२५ सालमा जेलमुक्त भई २०३३ सालसम्म भारतमा राजनीतिक शरण लिई नेपालमा प्रजातन्त्र ल्याउन सङ्घर्ष गरिरहे । वि.सं.२०३३ सालमा उनी राष्ट्रिय मेलमिलापको नीति लिई स्वदेश फर्के । नेपालमा २०३७ सालमा प्रजातान्त्रिक सुधारको लागि भएको जनमत सङ्ग्रह हेर्दै वि.सं.२०३९ साल श्रावण ६ गते क्यान्सर रोगले उनको निधन काठमाडौंमा भयो (अधिकारी २०५० : ४०) ।

कोइराला सर्वप्रथम हिन्दीका सुप्रसिद्ध कथाकार प्रेमचन्द्रबाट अभिप्रेरित भई हिन्दी भाषाबाट साहित्य सिर्जनातर्फ लागेका थिए । **चन्दवदन** उनको  प्रथम नेपाली कथा हो । यो वि.सं. १९९२ सालमा **शारदा**मा छापिएको थियो । उनको साहित्यिक व्यक्तित्व बहुमुखी देखिन्छ । उनले नेपाली कथा क्षेत्रमा **दोषी चस्मा** (२००६),र **श्वेत भैरवी** (२०३९) जस्ता र कथासङ्ग्रह लेखेका छन् । त्यस्तैगरी उनका **तीनघुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२६), **सुम्निमा** (२०२७), **मोदिआइन** (२०३६), **हिटलर र यहूदी** (२०४०), र **बाबु आमा र छोरा** (२०४५ गरी छ वटा उपन्यास प्रकाशित छन् । उनका **आफ्नो कथा** (२०४०) **जेलजर्नल** (२०५४) र **विश्वेश्वरप्रसाद कोइरालाको आत्मावृतान्त** (२०५५) जस्ता आत्मकथाहरू प्रकाशित छन् । उनको केही रचनाहरू **वी.पी.का छरिएका रचनाहरू** शीर्षकमा जीवनचन्द्र कोइरालाले आफ्नो सम्पादनमा प्रकाशित गरेको पाइन्छ  (अधिकारी २०५०: ५१) ।

यसरी नेपाली राजनीतिक र साहित्यमा दीर्घ सेवा पुर्‍याए बापत कोइराला विभिन्न पुरस्कार तथा सम्मानबाट सम्मानित भएका छन् । उनी २०३८ सालमा साहित्यिक पत्रकार संघद्वारा सम्मानित भएका थिए । विश्वेश्वर शताव्दी पुरस्कार स्थापना, सालिक निर्माण, हुलाक टिकटको प्रकाशन आदिले उनको राष्ट्रिय सम्मानसमेत भएको छ ।

### ३.१.१ विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइरालाको मुख्य रूपमा दुईवटा पाटाका व्यक्तित्व देखिन्छन् । ती हुन्: साहित्यिक र राजनैतिक व्यक्तित्व । कोइरालाको साहित्यिक र राजनैतिक व्यक्तित्वलाई सफल बनाउने कानुनी व्यक्तित्व पनि उल्लेख रहेको देखिन्छ । वि.सं.१९९४ मा कलकत्ता विश्वविद्यालयबाट बी.एल.सम्मको औपचारिक शिक्षा प्राप्त गरेका कोइरालाको न्यायिक व्यक्तित्वले सफल राजनीतिक एवं प्रशासक बन्नलाई ठूलो सहयोग पुऱ्याएको छ । त्यस्तै राजनीतिमा कोइराला राष्ट्रियता प्रजातन्त्र र समाजवादका त्रिवेणीको रूपमा सुपरिचित छन् । साहित्यमा कोइरालाको व्यक्तित्व बहुमुखी देखिन्छ । उनी मूलतः मनोवैज्ञानिक कथाकार र मनोवैज्ञानिक दार्शनिक उपन्यासकारका रूपमा चर्चित छन् । यो शोधकार्य कोइरालाको साहित्यिक व्यक्तित्वसित सम्बन्धित रहेको छ ।

#### ३.१.१.१ साहित्यिक व्यक्तित्व

साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक व्यक्तित्वको निर्माणमा विभिन्न क्षेत्रबाट प्रेरणा र प्रभाव प्राप्त भएको देखिन्छ । कोइरालाको साहित्य लेखनको प्रारम्भ हिन्दी भाषाबाट भएको थियो । उनले प्रेरणा पनि सर्वप्रथम त हिन्दी साहित्यकार प्रेमचन्द्रबाटै पाएका छन् । उनको आत्मकथामा मेरो साहित्यिक जीवनको शुभारम्भ र विकासका मूल प्रेरणास्रोत आलोचक शान्ति द्विवेदी थिए (कोइराला, २०४०:३२) भनेबाट प्रष्ट हुन्छ । द्विवेदीकै माध्यमबाट कोइरालाको सम्पर्क प्रेमचन्द्र, रामकृष्ण, जयशंकर जस्ता हिन्दी साहित्यकारसित हुनपुग्यो । विशेषतः उपन्यासकार कोइरालाको साहित्यिक भावनाको प्रस्फुटन तथा उद्बोधन आनुवंशिक संस्कारका साथै पारिवारिक सहजता एवं सङ्घर्षशीलता र भाषीय साहित्य, रुसी तथा फ्रान्सेली साहित्य आदिको स्वःअध्ययनको सामर्थ्यबाट भएको पाइन्छ (ढकाल, २०५६:२४)।

कोइराला खासगरी फ्रायडको मनोविश्लेषण र सार्त्र, कामु जस्ता अस्तित्ववादी विसङ्गतिवादी विचारकबाट बढी नै प्रेरित र प्रभावित भएका उपन्यासकार हुन् । एडलर, युङ्ग र भिक्टर ह्यूगो आदिबाट पनि कोइराला प्रभावित छन् । कोइरालाको साहित्यिक व्यक्तित्वभित्र

अनेक पक्षहरू छन् । उनको साहित्यिक व्यक्तित्वलाई  निम्न उपशीर्षकहरू भित्र राखेर हेर्न सकिन्छ ।

(अ) **हिन्दी साहित्यिक व्यक्तित्व**

कोइरालाको साहित्यिक यात्रा हिन्दी भाषाबाट सुरु भएको पाइन्छ । हिन्दी भाषामा प्रेमचन्द्रको सम्पादनमा निस्कने **हंस** मासिक पत्रिकामा **वहाँ** भन्ने हिन्दी लघुकथा छापिएर कोइरालाले साहित्यिक व्यक्तित्व सुरुवात गरेका थिए । कोइरालाका **वहाँ, पधिक, अपनी ही तरह, भैयादाइ** जस्ता कथाहरू हिन्दी भाषामा  प्रकाशित भएका छन् । उनको **बम्बईके प्रति** भन्ने कविता पनि **हंस** भन्ने पत्रिकामा छापिएको थियो । यसपछि कोइरालाको कलम क्रमशः नेपाली भाषातर्फ अघि बढ्न पुग्यो ।

(आ) **नेपाली साहित्यिक व्यक्तित्व**

नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइराला कथा र उपन्यास क्षेत्रमा सीमित साहित्यकार होइनन् । उनको नाटक विधामा बाहेक कथा, उपन्यास, कविता, निबन्ध, समालोचना, आत्मकथा, दैनिकी आदि क्षेत्रमा पनि कलम चलाएको देखिन्छ । यस्तो बहुमुखी साहित्यिक व्यक्तित्व कोइरालाको साहित्यिक योगदानका क्षेत्रहरूलाई तल क्रमशः प्रस्तुत गरिएको छ ।

**क) कथाकार व्यक्तित्व**

कोइरालाको वि.सं.१९९२ मा **शारदा** पत्रिकामा प्रकाशित **चन्द्रवदन** प्रथम आधुनिक मनोवैज्ञानिक नेपाली कथा हो । यसै कथाको माध्यमबाट नेपाली कथा क्षेत्रमा पनि मानव मनका सूक्ष्म तन्तुहरू केलाउने मनोवैज्ञानिक कथा लेखनको युग प्रारम्भ भयो । यसपछि कोइरालाका वि.सं.१९९५ सालमा **कथाकुसुम** भित्र **विहा, शत्रु** , र **सिपाही** कथा प्रकाशित भए । यस प्रकाशनले कोइरालाको कथा कलालाई सबैले मनन गर्न पाए । वि.सं. २००६ मा कोइरालाको प्रथम कथासङ्ग्रह **दोषीचस्मा** प्रकाशित भयो । यो नेपाली कथा भण्डारको अमूल्य रत्न सावित भएको छ । २००७ सालसम्म कोइरालाको कथा लेखनको गति तीव्र देखिन्छ । यस समयसम्म कोइरालाका झण्डै दुई दर्जन जति कथाहरू देखा परेका छन् । यसपछि कोइराला

राजनैतिक क्षेत्रमा सक्रिय बने र उनको लेखनकार्य शिथिल बन्न पुग्यो । उनको २०२८ सालमा **श्वेत भैरवी** र २०३९ सालमा **सान्नानी** कथा देखा पर्दछ । यिनै कथाहरूको सँगालो **श्वेतभैरवी** नामले वि.सं.२०३८मा प्रकाशित भयो । सङ्ख्यात्मक रूपमा हेर्दा कोइरालाले २६वटा नेपाली कथा लेखेका छन् ।

मानवमनका सूक्ष्म ग्रन्थिहरूको उद्घाटन गर्नु ,परम्परागत रुढिवादी धारणाले ग्रस्त यौन पक्षको मनोविश्लेषणद्वारा सम्पूर्ण अध्ययन गर्नु , र सामाजिक कुण्ठा एवं विसङ्गतिहरूलाई सरल एवं सरस तरिकाले पाठक हृदयमा सम्मानपूर्वक चित्रण गर्नु नै कोइरालाको कथात्मक वैशिष्ट्य हो (सुवेदी २०५३ : १५१) ।

**ख) उपन्यासकार व्यक्तित्व**

कोइराला वि.सं.२०१७ सालको राजनीतिक घटनापछि लामो समयसम्म जेलजीवन बिताउन विवश बने । उनले २०१७ सालदेखि २०२५ सम्म कठोर जेलजीवन बिताउने क्रममा धेरै उपन्यास रचना गरेका छन् । कोइरालाका छ वटा उपन्यासहरू मध्ये **हिटलर र यहूदी** लेखनका आधारमा पहिलो र प्रकाशनका आधारमा पाँचौं (सुवेदी २०५३ :१५१) भनेबाट कोइरालाका पाँच उपन्यासहरू जेलमा लेखेका मानिन्छन् । **हिटलर र यहूदी** कोइराला प्रधानमन्त्री हुनुपूर्व लेखिएको मानिन्छ । यसरी हेर्दा कोइरालाका प्रकाशित उपन्यासहरू **तीनघुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२६), **सुम्निमा** (२०२७), **मोदिआईन** (२०३६), **हिटलर र यहूदी** (२०४०) र **बाबु, आमा र छोरा** (२०४५) हुन् ।

आधुनिक नेपाली उपन्यासको चौथो मोड मनोवैज्ञानिक यथार्थवादी धारामा देखा पर्‍यो । कोइरालाका यी उपन्यासभित्र मनोवैज्ञानिक अस्तित्ववादी-विसङ्गतिवादी दृष्टिकोण मूल रूपमा देखा परेको पाइन्छ । सामाजिक यथार्थतालाई पूर्ववर्ती उपन्यासकारहरूको नयाँ नयाँ सम्भावनाहरूको खोजी गर्दै विश्लेषणात्मक शैलीले नेपाली उपन्यास जगत्लाई गतिशील बनाउँदै मनोविश्लेषण र विचारको एकै स्थानमा सहज चित्रण गर्नु कोइरालाका औपन्यासिक विशेषताहरू हुन् (ढकाल २०५६ : १६०) । फ्रायडको सिद्धान्तअनुसार मानवमनमा दमित यौन भावनालाई उदाङ्ग पारेर देखाइदिन कोइराला आफ्ना उपन्यासमा सफल छन् । उनले प्रेम र

यौन अनिवार्य मन शारीरिक आवश्यकतासित सम्बन्धित मौलिक तत्वहरू हुन् जसलाई सामाजिक मर्यादा, नीति, नियम, लाजशरम आदिसित जोडेर जतिसुकै मर्यादाको च्यादर ओडाए पनि मान्छेको जीवन यी दुईको तृप्तिबाट सुखद् र सामान्य हुन्छ  अन्यथा हुँदैन  (ढकाल २०५६ :१६०) भन्ने कुराको पुष्टि गरेका छन् । मूलतः नारी पात्रका केन्द्रीयतामा उपन्यासको रचना गर्ने कोइराला नेपाली उपन्यासका फाँटमा मनोवैज्ञानिक उपन्यासकारका रूपमा सफल छन् ।

### ग)  कवि व्यक्तित्व

कोइरालाले जीवनको अनन्त ज्वालाबाट टिपेको शब्दमा बाँधिनसकेको भाषाको नाजुक फिलिङ्गोलाई कवितामा मान्ने खालका गद्य कविताहरू लेखेका छन् । उनका प्रकाशित कविताहरूमा **बादल गोल मोल कोमल कोमल, छोरी र छाँया, एउटा सन्धि सम्झौता पोखरा** आदि हुन् । कवि कोइरालाको कविताकाल सुन्दरीजल बन्दीगृह भएकाले मानव कोमलताको र प्रकृतिको सुन्दरता नै कवितामा केन्द्रबिन्दु बन्न पुगेका छन्  (सुवेदी २०५३:१५२) ।

### घ) निबन्धकार व्यक्तित्व

कोइरालाको  निबन्धकार व्यक्तित्व त्यति उल्लेख्य देखिँदैन किनकि उनका निबन्ध धेरै छैनन् तर जति लेखेका छन् ती स्तरीय छन् । उनका **कला, कलाको दायित्व र मानवजीवन** कला सम्बन्धी विषयमा लिखित निबन्ध हो । यस निबन्धमा कला के हो ? यसको उद्देश्य वा दायित्व के हुनुपर्दछ ? भन्ने जस्ता पक्ष केन्द्रीय रूपमा रहेका छन् ।

### ३.१.१.२ साहित्येतर व्यक्तित्व

कोइराला आत्मवृत्तान्तकार, दैनिकीकार, साहित्यिक चिन्तनमूलक अन्तर्वार्ताकारका रूपमा परिचित छन् । उनको **आफ्नो कथा** (२०४०), **आत्मवृतान्त** (२०५५) ले उनलाई सफल आत्मवृत्तान्तकार बनाएको छ । त्यस्तै **जेलजर्नल** (२०५४) ले उनलाई दैनिकीकारका रूपमा चिनाएको छ । यसरी साहित्यकार विश्वेश्वरप्रसाद कोइराला हिन्दी भाषामा कथा लेखी साहित्य क्षितिजमा उदाएका छन् । नेपाली भाषामा चाहि उनले कथा क्षेत्र हुँदै उपन्यास, कविता, निबन्ध, समालोचना, आत्मकथा, दैनिकी आदि लेखेका छन् ।

### ३.१.१.२ (अ) राजनैतिक व्यक्तित्व

साहित्यिक क्षेत्रका साथै राजनैतिक क्षेत्रमा पनि वि.पि.कोइरालाको अतुलनिय योगदान रहेको छ ।आफ्नो विचार, आदर्शमा सदा निष्ठावान उनले जीवनको लामो समय राजनैतिक वन्दिको रुपमा विताएका छन् ।कोइराला मूलतः राजनैतिक व्यक्ति हुन्  (कोइराला, २०४० : ३९) । नेपालको राजनैतिक इतिहास, चिन्तन र सङ्घर्षका शीर्षपुरुष विश्वेश्वर प्रसाद कोइरालाले सत्तामुखी राजनीतिलाई कहिल्यै साथ दिएनन् । विश्वेश्वरप्रसाद कोइरालाको राजनीति, राष्ट्रियता प्रजातन्त्र, कर्तव्य र प्रतिबद्धताप्रति लक्षित थियो । यिनी एक महान् राष्ट्रवादी व्यक्तित्व थिए । कोइराला नेपालको प्रजातान्त्रिक राजनीतिक चिन्तनका कुशल स्रष्टा, व्याख्याता र प्रयोक्ता पनि मानिन्छन् । विश्वेश्वरप्रसाद कोइरालाको राष्ट्रिय मेलमिलापको चिन्तन यिनका दृष्टिमा नेपाल र नेपाली प्रतिको यिनको कर्तव्यबोधको समसामयिक आवश्यक र निर्विकल्प राष्ट्रिय राजनीतिक अभियान थियो । वर्तमान राजनीतिक परिवेशमा समेत विश्वेश्वरप्रसादको राष्ट्रिय मेलमिलाप सान्दर्भिक हुन आउँछ ।

नेपालको प्रजातान्त्रिक राजनैतिक इतिहासको मूल्याङ्कन गर्ने हो भने कोइरालाले २०१५ सालमा परिवर्तित प्रजातान्त्रिक सरकारको नेतृत्व गरेर २०१७ सालपछि आजीवन प्रजातन्त्रको प्राप्तिका लागि  धेरै महत्वपूर्ण राजनीतिक कार्यहरू गरे । विश्वेश्वरप्रसाद कोइरालाको राष्ट्रिय मेलमिलाप सम्बन्धी चिन्तन त्यतिबेला प्रकाशनमा आयो जब यिनी पञ्चायती शासनको मध्य युगमा आफूलाई सफल प्रतिपक्षका रूपमा समर्पित गर्दै थिए । कोइरालाले राजनैतिक सङ्घर्षका क्रममा सबै किसिमका हतियारहरूको उपयोग गरेका थिए । प्रवचन, सम्बोधन, भेटवार्ता, पत्र व्यवहार, लेख पुस्तक प्रकाशक, विरोधयात्राको आयोजना र नेतृत्व भद्र अवज्ञा आन्दोलन र सशस्त्र आन्दोलनको आयोजना र संचालनमा समेत यिनी कुशल थिए (कोइराला २०४० : ६२)।

वि.सं.२००७ सालमा यिनले राणा शाहीतन्त्र विरुद्ध सशक्त आन्दोलनको नेतृत्व गरेका थिए भने २०१७ सालपछिको राजनीतिक कारावास जीवन पश्चात् पनि पञ्चायती राज्य शासन विरुद्ध सशक्त आन्दोलनको आह्वान गरेका थिए तर २००३ साल पुष १६गतेपछि

विश्वेश्वरप्रसाद कोइरालामा राजनीतिक परिवर्तन आएको पाइन्छ (शर्मा गोरखापत्र, २०५५:४) । विश्वेश्वरप्रसाद कोइराला प्रजातन्त्रका पक्षपाती थिए । राष्ट्रियताका हिमायती थिए । राष्ट्रियता र प्रजातन्त्रका आस्थावान् व्यक्ति न कठोर बन्न सक्दछन् न हिंसामा नै विश्वास राख्दछ । यिनले मौका मौकामा अवलम्वन गरेको सशक्त आन्दोलनको बाटो विकल्पहीन बाध्यात्मक क्षणको निर्णयको परिणति थियो तर यिनी पक्का गान्धीवादी थिए । शान्तिपूर्ण आन्दोलनमा विश्वास राख्दथे । देशलाई बचाउने उपाय एउटै मात्र छ । त्यो हो 'प्रजातन्त्र' यही राष्ट्रिय मान्यता राख्ने विश्वेश्वरप्रसाद कोइरालाले पञ्चायती शासनकालमा खतरामा पर्न लागेको मुलुकको राष्ट्रियताको अक्षुण्णता कायम राख्न 'राष्ट्रिय मेलमिलाप' नीतिको परिकल्पना गरेर यस नीति अथवा राजनीति चिन्तनभित्र खासगरी राजा, राष्ट्रियता र प्रजातन्त्रमा विश्वास राख्ने सम्पूर्ण नेपालीलाई एक सूत्रमा आबद्ध गरी प्रजातान्त्रीकरणका माध्यमबाट देशलाई आधुनिकीकरणतर्फ उन्मुख गराउने अठोट गरे । विश्वेश्वरप्रसाद कोइरालाले देशका निम्ति राजतन्त्रलाई एक अर्काका पूरक ठाने । बिना प्रजातन्त्र राजतन्त्र अड्दैन र राजा नभए देश पनि बाँच्दैन भन्ने कोइरालाको विश्वास लामो राजनैतिक अनुभव नेपालको इतिहास एवं भू-बनोटमा आधारित थियो । विश्वेश्वरप्रसाद कोइराला आजीवन राजतन्त्र विरोधी रहेनन् तर यिनले जहिले पनि प्रजातान्त्रिक राजालाई मात्र विश्वास गरेर संवैधानिक राजतन्त्रमा आस्था राखे (कोइराला २०४० : ६३)।

### ३.१.२ उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास यात्रा र चरण विभाजन

नेपाली उपन्यास साहित्यको क्षेत्रमा  योगदान दिने विश्वेश्वरप्रसाद कोइरालाले  आफ्नो कारावासको समयमा समेत उपन्यास लेखनलाई निरन्तरता प्रदान गर्दै उसको उपन्यास यात्रा अघि बढेको पाइन्छ । उनका उपन्यासमा मान्छेले नदेखेको भित्री मनस्थितिको चिरफार  प्रशस्तै मात्रामा भएको छ । अर्थात् बाहिरी समाजभन्दा अलग्ग रहेको मान्छेको मानसिक अवस्थाको चित्रण गर्ने कोइराला प्रत्यक्ष रूपमा फ्रायडबाट प्रभावित भएका  छन् । आफ्नो छोटो जीवनकालमा समेत नेपाली साहित्यको सिर्जनामा विशिष्ट योगदान दिन सफल कोइरालाका उपन्यास यात्रालाई विभिन्न चरणमा विभाजन गरी हेर्न सकिन्छ ।

### ३.१.२.१ तीनघुम्ती (२०२५)

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका छवटा उपन्यासहरूमध्ये पहिलो प्रकाशित उपन्यास **तीनघुम्ती** (२०२५) हो । यो उपन्यास परम्परागत मान्यताप्रति आस्थावान् हुनेका निम्ति अपाच्य हुन सक्छ किनकि हाम्रो नैतिक आदर्शसित नमिल्ने खालको क्रियाकलापलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । **तीनघुम्ती** उपन्यासकी मुख्य पात्र इन्द्रमाया हुन् । यस उपन्यासमा रमेश, पिताम्बर, इन्द्रमायाकी आमा, पसल्नी बूढी, पसल्नी बूढीकी नातिनी, रमा, इन्द्रमायाकी छोरी रमाको पुरुष साथी आदि पात्रहरू रहेका छन् ।

उपन्यास पुरै नारीको समस्यामा केन्द्रित भएको छ । उपन्यासकारको सहानुभूति इन्द्रमायामाथि पोखिइएको छ ।कोइराला आफैं इन्द्रमायाकै जीवनको घटनाहरूको पेरीफेरीमा उपन्यास घुमिरहेको छ भन्ने कुरा कोइराला आफैं भन्दछन् ।

"तीनघुम्तीमा मैले नारी समस्यालाई प्रस्तुत गर्न खोजेको छु ।"(राई, २०३१ : ८९) इन्द्रमाया ज्यादै विद्रोहि छन् । उनले प्रेमिका, भार्या र माताका तीन घुम्ती पार गरी विद्रोह गरिन् । यस विचमा इन्द्रमायाले कुनै पनि स्थितिमा सहारा पाउँदिन । कतिसम्म भने मातृत्वको अन्तिम प्राप्ति बोकेर घर छोडेर हिँडेको बेलामा पनि इन्द्रमाया सहाराहीन नै देखिन्छे । त्यसैले **तीनघुम्ती**ले स्वास्नीमानिसको वास्तविक अस्तित्वको समस्या हेर्न खोजेको छ ।इन्द्र बहादुर राईको भनाइ अनुसार इन्द्रमायाको पीताम्बरसँग विवाह गर्ने निर्णय, रमेशसँगको शारीरिक संसर्गको निर्णयहरू अस्तित्वका कार्यहरू हुन् र यी सर्तको अस्तित्ववादी विचारधारासँग ठ्याक्कै मेल खान जान्छ । सर्त आफ्नो निर्णय मान्छे आफै गर्छन् र ऊ आइपरेका विसङ्गतिमूलक घातप्रतिघातसँग सङ्घर्ष गर्छु भन्छन् । भने तीनघुम्तीका इन्द्रमायाका टड्कारा १६, २५ र २७ वर्षे घुम्तीहरू पनि यस्तै निर्णयका सङ्घर्षहरू हुन् आफ्ना वैचारिक जीवनमा आइपरेका विसङ्गतिमूलक घात प्रतिघातका प्रतिशोधक हुन् (राई, २०३१ : २५०-२५१) ।

उपन्यासकार कोइराला पुरुषप्रधान समाजमा नारीको अस्तित्व पक्षको संरक्षणप्रति बढी सचेत छन् । आफ्नो अस्तित्वप्रति इन्द्रमाया सधैं जागरुक भएकी छ । उनको बारेमा कोइराला भन्छन् "तीनघुम्तीमा इन्द्रमाया त्यस्ती युवती हो जसका अगाडि पीताम्बर एउटा सानो मान्छे

मात्र हो । उसले गरेका निर्णयहरूका लागि इन्द्रमायालाई ठूलो मान्नु पर्दछ । यदि इन्द्रमाया जस्ती साहसी नारी हाम्रो समाजमा कतै छन् भने तिनकाप्रति मेरो आदर छ (आचार्य २०५३) ।

निष्कर्षमा **तीनघुम्ती** उपन्यासमा नारीको अस्तित्व खोतल्ने प्रयास गरिएको छ । इन्द्रमाया पीताम्बरकी पत्नीको रूपमा सामाजिक आदर्शप्रति सचेत देखिन्छे तर दोस्रो निर्णय रमेशसँगको सम्बन्ध स्थापनामा देखिएको वैचारिक द्वन्द्व र त्यस पछिका यावत् स्थितिहरू उनले जीवनमा आफ्नै 'स्व' सित सङ्घर्ष गरिरहनुपर्ने स्थितिको अस्थिर चरित्र उनमा पाइन्छ । जे होस् **तीनघुम्ती** नेपाली उपन्यास परम्परामा देखा परेको एउटा सशक्त वैचारिक उपन्यास हो, जसले परम्परागत मान्यताको विरोधमा एउटा नयाँ आदर्शको वीजारोपण गरेको छ ।

### ३.१.२.२ **नरेन्द्रदाइ** (२०२६)

**नरेन्द्रदाइ** कोइरालाको उपन्यासहरूमध्ये थुप्रै पात्र र थुप्रै घटनाहरूको संयोजन रहेको उपन्यास एक हो । कोशीको वरपरको वातावरणीय विश्लेषण र तराईको सामान्य परिवेशको चित्रण गरिएको छ । यस उपन्यासमा नरेन्द्र, गौरी र मुनरिया मुख्य पात्र हुन् । त्यस्तै अन्य पात्रहरूमा सान्नानी, सानोबाबु, फगुनी, रम्पियरी, महारानी दिदी, जुन्टुनानी, कप्तान्नी आमा, भान्छे बाहुनी, नजरियाकी दुलही, फुपु, लखनमडरको छोरो, भटना, बाबुसाहेब, मिठु, पिताजी, भान्दाइ सार्की, कप्तान बा, लक्ष्मनीया, मुनरियाको बाबु, दुलाहा, फुपूका छोरा भतिजाहरू, लेलहा, जौहरी, बयलवान, डाक्टर आदि हुन् ।

यस उपन्यासका चरित्रहरू निर्दोष भए पनि दोषी बन्नु परेको छ । गौरी नरेन्द्रकी धर्मपत्नी हुन् । गौरीको शारीरिक अङ्ग विकासको अभावले नरेन्द्रमा यौन इच्छा पूरा नभइ मुनरियासँग आकर्षित हुन्छ तर नरेन्द्रसँग यौन आकर्षण चाहने गौरी नरेन्द्रको यौन विकर्षणबाट पीडित छ । गौरी समाज, धर्म र परिस्थितिबाट प्रभावित जीवनका यावत् घटना र आकस्मिकतालाई नियतिको लेखा सम्झेर चुपचाप सहन्छिन् र यही सहनशीलतामा नै आफ्नो जीवनको सार्थकता भेटाउँछिन् । दुःखको बेलामा त उनीप्रति करुणार्द्र हुने ठाउँ छदैंछ भने पति फर्केर आएपछि उनले पाएको सुख पनि ज्यादै हृदयविदारक लाग्छ । नरेन्द्रदाइ भिन्न परिस्थितिले चेप्टाएको

विवश मान्छेका रूपमा देखिन्छन् । यौन विकर्षणका कारण नरेन्द्र रुखो र कठोर बन्दै गइरहेका हुन्छन् र एकदिन नरेन्द्र घरकी दासी मुनरियालाई लिएर घर नै छाडिदिन्छन् ।

**तीनघुम्तीकी** इन्द्रमाया र **नरेन्द्रदाइकी** मुनरियाको प्रकृति र स्वभाव बीच निकै सादृश्य छ । इन्द्रमाया जस्तै उनी भन्छिन् ... हाम्रो प्रेम नै अप्ठ्यारो किसिमको थियो.. । समाजको मर्यादाभन्दा बाहिरको यदि समाजका मर्यादाहरूको रक्षा गर्नेपट्टि म लागेकी भए मेरो प्रेम प्रेम नै हुने थिएन (कोइराला २०४९:६२, ६३) । नरेन्द्रले केवल यौन इच्छा शान्त गर्नका लागि मुनरियासँग प्रेम गरेनन् । प्रेमका प्राप्तिमा शरीर र आत्मा दुवैको आवश्यकता हुन्छ । मुनरियामा उनले दुवै थोक भेटे । मुनरियाले पनि नाफा र नोक्सानको हिसाब गरेर प्रेम गरिनन् । यहाँनिर मुनरियाप्रति पनि लेखकको सहानुभूति रहेको देखिन्छ ।

यस उपन्यासमा नरेन्द्र, गौरी र मुनरिया एक अर्कालाई सुखसँग बाँच्न पनि दिँदैनन् र स्वयं पनि बाँच्न सकेनन् । यसलाई मानवीय स्वभाव होइन नियति भनी स्वीकारेर इन्द्रबहादुर राई भन्छन् । “विसङ्गतिको सुनियोजित प्रस्तुतिकरण हो यो र नरेन्द्र र गौरी आदिले पाउनु परेको मानवीय नियतिभन्दा उपन्यासकारको आन्तरिक एकालापले बढ्ता उपन्यासलाई विसङ्गतिवादी तुल्याइदिएको छ ”राई (२०३१:७०)। मानवीय आकाङ्क्षाहरूको हार र उपन्यासकारको विसङ्गति अर्थहीनता र शून्यता अनुभूतिलाई राईले निस्सारताको प्रज्वल उदाहरण मानेका छन् ।

**नरेन्द्रदाइ** उपन्यासका पात्रहरू सबै स्थिर चरित्रका छन् । नरेन्द्रदाइ बाह्य रूपमा अस्थिर देखिए पनि उनको मूलभूत प्रवृत्ति स्थिर नै हो । उनले पत्नीलाई सुख दिन्छु भनेर उनी गाउँ आएको होइन र मुनरियाले दुःख पाओस् भनेर छोडेका पनि होइन । उसले आफ्नो प्रेमको र शरीरको आवश्यकता हेरेर हरेक निर्णय लिएको छ । गौरी सुरुदेखि नै पत्नीत्व, सामाजिक आदर्श र मर्यादाबाट आफूलाई गौरवान्वित ठान्छिन् भने मुनरिया नरेन्द्रबाट पाएको प्रेमको सुखमा तृप्त छन् । यसरी नरेन्द्रदाइका सबै पात्रहरूले आ-आफ्नै बलिया मान्यता र सुदृढ धारणा बोकेका छन् ।

### ३.१.२.३ **सुम्निमा** (२०२७)

कोइरालाको **सुम्निमा** उपन्यास पौराणिक जस्तो लाग्ने तर श्रुतिपरम्पराबाट प्राप्त कथावस्तुका आधारमा लेखिएको यस उपन्यासमा धेरै पात्रहरू छैनन् । मूल पुरुष पात्र सोमदत्त र मूल नारी पात्र सुम्निमा हो । पुलोमा सहायक नारी पात्रका रूपमा देखिन्छन् । अन्य पात्रहरूमा सोमदत्तकी आमा, पूलोमाका बाबु, बिजुवा बा, भिल्ल, राजकुमार, पुरुषोत्तमकी आमा, सुम्निमाकी छोरी, सुम्निमाकी आमा आदि रहेका छन् ।

उपन्यासकारको सहानुभूति सुम्निमा र सोमदत्तप्रति देखिन्छ । सोमदत्त आफ्नो जीवनको क्षुब्धता र नीरसताबाट ज्यादै पीडित हुँदा उनीप्रति दयापूर्ण सहानुभूति उब्जन्छ भने सुम्निमाप्रति उसका सम्पूर्ण सोचाइ, मान्यता, सरलता र नैराश्यका लागि सहानुभूति प्रकट गर्न सकिन्छ । सोमदत्त आत्मा र शरीर दुवै पक्षबाट पराजित हुन पुग्दछ तर पनि उनी सजिलैसँग स्वीकार गर्न चाहँदैनन् । जीवनको अन्तिम प्रहरमा मात्र निश्चय नै निरर्थकता बोध गर्छन् तर जीवनभर आफूभित्रैको सङ्घर्षको नराम्रोसँग सिकार बनेका छन् । मानवीय स्वप्रकृति र आदर्शका बीचको युद्ध उनीभित्र छेडिन्छ । यथार्थ जीवन र उनको कल्पनाको आदर्श कहिल्यै सादृश्य हुदैन । कल्पनाको आदर्श प्राप्तिका लागि सधैं शरीरलाई कष्ट दिन्छन्  तर पनि कहिल्यै मानसिक शान्ति र शारीरिक सुख प्राप्ति गर्न सक्तैनन् । सोमदत्तले यसरी पाठकको सहानुभूति प्राप्त गर्न सक्छन् । सुम्निमा शरीर र मानवीय स्वभावका तथा प्रकृतिकी पक्षपाती छन् । उनले शारीरिक रूपमा  कुनै कष्ट भोग्नु नपरे पनि आत्मिक तहबाट उनी पनि असन्तुष्ट नै छन् । शारीरिक पक्षबाट सहज जीवन यापन गरेपनि उनीभित्रका भावना तरलता, भोग र विखण्डनहरूले पाठकलाई उनीप्रति करुणार्द्र हुने स्थिति पैदा गर्छन् । सुम्निमा ममता र सहनशीलताकी शीतल मूर्तिका रूपमा देखिन्छिन् । सोमदत्तलाई दिने खालको सहानुभूति पुलोमालाई पनि दिन सकिन्छ । सायद पुलोमा सोमदत्तभन्दा बढी पीडित छन् । प्रेमको खाँचो महसुस गर्छिन् । अन्तमा यो सुम्निमाको प्रेम सोमदत्तले प्रत्यक्ष जस्तै प्राप्त गर्दछ तर पुलोमा लागि भिल्ल युवकको साहचर्य स्मृति भ्रम मात्रै हो । त्यसैले पुलोमा शारीरिक साथै आत्मिक प्रेमको अभावमा सधैं छट्पटाउँछिन् । आफू र आफ्नो लोग्नेले भोगेको कष्टको निस्सारताप्रति

उनको दृष्टि फर्कन्छ । अन्त्यमा उनी पनि प्रेमको अजेय स्वभावप्रति हृदयदेखि नै सहमति प्रकट गर्छिन् ।

यस उपन्यासमा मनोविश्लेषणभन्दा बढी आध्यात्मिक र भौतिक दर्शनको द्वन्द्व पैदा गर्ने प्रयोजनले प्रयोग गरिएका बेजोड तर्कहरू छन् जसलाई आ-आफ्ना पक्षबाट पात्रहरूले संवादका रूपमा व्यक्त गरेका छन् । यो उपन्यास भौतिकता र शरीर धर्मको औचित्यबारे वकालत गराउन सक्षम रहन सक्ने पात्र चयन कोइरालाले सुम्निमालाई छाडे तर उनको उमेर र वरिपरिको वातावरणमा उनले प्रकट गर्ने विचारको स्तर मेल नखाएको जस्तो देखिन्छ । तर पनि सुम्निमा उपन्यास ज्यादै सफल उपन्यास मानिन्छ ।

### ३.१.२.४ **मोदिआइन** (२०३६)

कोइरालाको **मोदिआइन** उपन्यास हिन्दू धर्मग्रन्थ गीताको आदर्शलाई मूल्याङ्कन गर्ने चाहनामा लेखिएको छ । यस उपन्यासमा प्रमुख नायिका मोदिआइन हुन् । उनी उपन्यास भित्रको उपकथाको नायिका महाभारतकालको कौरव पक्षीय सेनाकी प्रेमिका पत्नी नारी हुन् । यस उपन्यासमा म पात्रले आफ्नो बाल्यकालको घटनालाई सम्झेको झझल्कोबाट नै **मोदिआइन** उपन्यास बनेको छ । अरु नारी र पुरुष पात्रहरू पनि थुप्रै महाभारतकालीन पात्रहरूका साथै मोदी, मिसरजी अनि एउटी मछुवारिनसमेत छन् । धृतराष्ट्र, दुर्योधन, युधिष्ठिर, आदि कौरव र पाण्डवहरू बाहेक दुई केन्द्रीय चरित्रहरू श्रीकृष्ण र अर्जुन पनि छन् ।

यो उपन्यास म पात्र र मोदिआइनको कृयाकलाप र संवादमा अघि बढ्दछ । उपन्यासकारको सहानुभूति नायिकामाथि छ । समग्रमा यो उपन्यास मानवत्व र ईश्वरत्व बीचको द्वन्द्वमा आधारित छ । सम्पूर्ण कौरव र पाण्डवहरू मानवीय भावनाले पूर्ण छन् तर श्रीकृष्ण आफूलाई ईश्वर घोषणा गर्दछन् । यसरी गीतादर्शनका माध्यमबाट मान्छेलाई निष्काम कर्म गर्ने कर्तव्यका खातिर युद्ध गर्न उनी उत्तेजित देखिन्छन् । मानवभित्र मानवीयता रहुञ्जेलसम्म ऊ मानव हुन्छ । जब मान्छेमा ईश्वरत्व आउँछ ऊ मानव रहँदैन ईश्वर जस्तै करुणाहीन र हृदयहीन बन्न पुग्छ । यस उपन्यासमा गीताद्वारा श्रीकृष्णले पाण्डवहरूलाई र सम्पूर्ण योद्धाहरूलाई नै ईश्वरत्वले भरिपूर्ण बनाउन खोजेका छन् । साथै द्रौपदीले पनि आफ्नो

बेइज्जतिको बदलामा आफ्नो पतिलाई बारम्बार घच्घच्याई रहेको देखिन्छ । यहाँ श्रीकृष्ण र द्रौपदीलाई मानवीय संवेदनारहित पात्रका रूपमा आएका छन्  भने कौरव पट्टिबाट दुर्योधन नै अमानवीय पात्रका रूपमा प्रस्तुत छन् ।

उपन्यासको अन्त्यमा श्रीकृष्ण र द्रौपदी उपन्यासकारको झै पृष्ठमा सहानुभूति उत्पन्न हुँदैन । गीताको प्रभावले अर्जुन ईश्वर आरुढ हुन्छन् , मानवीयता हटाउँछ  र उनी फेरि स्वजन समुदायको प्रहार गर्न गाण्डीव उठाउँछन् । उपन्यासमा धेरै जसो घटना वर्णनात्मक किसिमका छन् ।

### ३.१.२.५ हिटलर र यहूदी (२०४०)

कोइरालाको **हिटलर र यहूदी** उपन्यासको म पात्र कथावस्तुसँग सम्बन्धित छ । उपन्यासका नारायण लक्ष्मी र रेखा प्रमुख पात्रहरू हुन् । सहायक नारी पात्र थियोडोरा र इल्जे प्रस्तुत छन् । अन्य पात्रहरूमा डेविड, जकरिया गोल्डवर्ग, मिस मागरेट, मिसेज मैकडोनल्ड, स्वीडेनकी बुढिया, ग्रेटा याकुव, रेवाको लोग्ने, गोल्डेन सुनील भट्टचार्य, पत्रकार आदि छन् ।

यस उपन्यासमा द्वितीय विश्वयुद्धले यूरोपमा छोडेको प्रभावको वर्णन नै मुख्य प्रसङ्ग हो यहाँ युद्धका क्रममा हिटलरले साठी लाख यहूदीलाई ग्यास च्याम्बरमा मारेको दुर्दान्त विवरणको चित्रण गरिएको छ । उपन्यासकार कोइराला स्वयंका अनुसार हिटलर र यहूदी गीतालाई आधार मानेर लेखिएको उपन्यास हो । यहाँको हिटलर अविवाहित छ । जनसंरक्षण गर्ने वहनामा गरिएको अक्षम्य नरसंहारलाई श्रीकृष्णले महाभारतमा गराएको युद्धलाई वा नरसंहारलाई स्वकर्तव्य वा पृथ्वी भारहरू सम्झेझै स्वकर्तव्य सम्झिन्छ । यसै हुँदा हिटलरलाई मैले गीताको श्रीकृष्णको रूप दिएको छु । दुवै अद्भूत छन्, दुवैमा मानव विनाशको कुनै अर्थ छैन । दुईवटैमा मानव संवेदनशीलता पटक्कै पाइदैन । त्यत्रो भएको नरसंहार र स्वकीय पतनपछि पनि प्रेतात्मा हिटलर स्वर्गमा गएर ईश्वरसँग आफू पनि धरातलमा छँदा र आफ्नो बुद्धि अनुसारको सानोतिनो ईश्वर थिए भन्ने दावी बोकेको सावित गर्दै ईश्वरलाई पनि तिम्रो अस्तित्व समाप्त भएपछि वा मजस्तै तिमी पराजित भएपछि अवश्य मेरो चेतावनी समेत दिन्छ । गीतामा मानवेत्तर देवत्व प्राप्त व्यक्तिका रूपमा श्रीकृष्ण छन् भने **हिटलर र यहूदी**को हिटलर त्यस्तै अमानवीय व्यक्तित्व

छ । उता मानवीय व्यक्तित्व भएका यहूदीहरू स्वधर्म बहिष्कारका रूपमा देखिएका छन् । त्यसै हुँदा यस उपन्यासले गीताको आदर्श अनुरूपको हिटलरको निष्काम कर्म जन्य नरसंहारकारी प्रवृत्तिका साथै यहूदीको निजी धारणा समेत प्रष्ट पार्न खोजेको छ (पराजुली, २०४०:३५) ।

यस उपन्यासमा हिटलरको भट्टीमा पोलिएका साठी लाख यहूदी र द्वितीय महासमरले जीर्ण बनाएर छाडेका इल्जे र थियोडोरा जस्ता मान्छेहरू नै छन् तर हिटलरलाई पूरै उपेक्षा गर्ने ठाउँ पनि दिइएको छैन । महाभारत युद्धको बैचारिक आधार मानिएको गीताकै दोस्रो महासमर तथा साठी लाख यहुदीको हत्याको समेत प्रेरणा बनेको आशय उपन्यासमा पाइन्छ । यसमा गीताद्वारा प्रतिपादित निष्कर्मको सिद्धान्तमा अन्तर्निहित मानवीय संवेदनशीलताको अभावलाई प्रष्ट पार्न खोजिएको छ ।

### **३.१.२.६ बाबु, आमा र छोरा** (२०४५)

उपन्यासकार कोइरालाले यस उपन्यासमा एउटा अनौठो संयोगपूर्ण घटनालाई विषयवस्तु बनाएर सबैभन्दा पछि प्रकाशित **बाबु, आमा र छोरा** उपन्यासमा तीनजना प्रमुख पात्र छन् । ती पात्रहरूमा बाबु बस्नेत, आमा र छोरा शिवप्रसाद हुन् । आमाहरू दुईजनामध्ये स्वर्गीय पत्नी विष्टकी छोरी नै शिवप्रसादकी आमा हुन् । बस्नेतकी दोस्रो श्रीमती वा शिवप्रसादकी कान्छी आमा उमा शिवप्रसादकै कलेजकी साथी, प्रेमिका र गान्धर्व विवाह समेत गरेका हुन्छन् । अन्य पात्रहरू उमाकी फुपू उसकी आमा, बाबु, दाजु होस्टेलका माली-मालिनी काठमाण्डौंमा उमाहरू बसेको घरको घरपट्टिको कान्छो छोरो डाक्टर कीर्तिमान प्रोफेसर ज्ञवाली उमाको भाइ र सङ्गिनीहरू नोकर नोकर्नीहरू र छिमेकी दाहाल्नी आदि हुन् । यस उपन्यास मनोविश्लेषणात्मक छ । पात्रहरू स्वयं आफ्ना अनुभवको वृत्तान्त स्मृतिका रूपमा प्रस्तुत गरिएको छ । खासमा प्रेम र यौन जीवनका जटिल स्थितिका कारण मान्छेहरूको मस्तिष्क र भावनाका उठेका तथ्यलाई मूल विषय यस उपन्यासमा पाइन्छ । त्यसैले सामाजिक स्थितिबाट असङ्गत विसङ्गत परिणतिको मार नै यस उपन्यासका पात्रहरूमा परेको पाइन्छ ।

बाबु र आमा र छोरा शीर्षकमा दुई परिच्छेदमा विभाजन गरिएको यस उपन्यासमा प्रथम खण्ड बाबुमा बस्नेत आफ्नो प्रेमसम्बन्धी अनुभवको वर्णन गर्छ । जेठी श्रीमतीको मृत्युपश्चात्

अर्धवयष्क उमेरमा बिहे गरेकी आफूभन्दा बीस पच्चीस वर्ष कान्छी पत्नीका प्रेमको तुलना गर्दै बस्नेत प्रेमको मूल्य खोजिरहेका छन् । कान्छी पत्नीको असामान्य गम्भीरता र अनाग्रह पूर्ण मनस्थितिको अनुभूति गर्दा बिहेका निम्ति क्षण क्षण आफूलाई दोषी अनुभव गर्ने बस्नेतको मनोदशा देखिन्छ । नारीप्रेमको स्वभाव आमा बनेपछि पतिप्रति प्रेमको परिवर्तन, दाम्पत्य सुख, पतिप्रति नारीको समर्पणभाव, अमिल्दो उमेरका कारण दाम्पत्य जीवनमा देखा परेका दुर्दशा यस खण्डमा प्रस्तुत छन । दोस्रो खण्डमा आमामा उमाको जीवनको अचिन्त्य र विष्मयकारी र दुर्घटनाका क्रममा आफूले भोगेको सत्य तथ्यलाई प्रस्तुत गरिएको छ । उमा बस्नेतकै जस्तो गरी जीवनमा प्रेम यथेष्ट हुँदोरहेछ भन्ने निचोडमा पुगेकी छन् । नारी कर्ता नभएर कर्म हुन पुगेकी हुँदा उसको जीवन भाग्यमा आधारित हुने धारणा उमाको छ । यस खण्डमा उमा र शिवप्रसादको प्रेम उठबसका बारेमा चर्चा छ । उनीहरू शिवलिङ्गका अगाडि पति पत्नीसमेत हुन पुग्दछन् । एक रातको शारीरिक सम्पर्क पश्चात् भोलिपल्ट शिवप्रसाद बाबुको बिहेका लागि सामान किन्न कलकत्ता जान्छन् । त्यसबेला उमालाई दाजुले बिहे गरिदिन काठमाडौं लिएर जान्छन् । उमाले आफ्नो बिहे भइसकेको र गर्भसमेत भएको कुरा गरे पनि आमा र दाजुको जबरजस्तीले गर्दा आफ्नो प्रेमी शिवप्रसादका बाबुसँग बिहे हुन्छ । यहाँ एउटा आश्चर्यजनक परिबन्दको विन्दुमा उमा पुग्छे । यस उपन्यासमा उमा आफ्नो आमाको सिकाई अनुसार स्वास्नीमान्छेको जीवन प्रारम्भकै खेल सम्झी दोस्रो विवाह पश्चात् गृहस्थी भई आफ्नो पतिको रुचिमा आफुलाई ढालेकी छ । सुरुमा पतिप्रति अरुचि विद्रोहभाव पैदा भए पनि पछि आफ्ना पतिप्रतिका कर्तव्यहरू धैर्य र संयमपूर्वक निर्वाह गर्दै जान्छिन् । उमालाई आफ्नी आमाको मृत्युपछि सम्भवतः असुरक्षाको कारण अझ पतिको नजिक पुग्छिन् । पतिको दुःखी जीवन अनुभव गर्दा उनलाई पतिप्रति प्रेमको सट्टा दया जागेको छ र पतिको एकाग्र विश्वासपूर्ण प्रेमले उमालाई पगालेको छ । उपन्यासमा उपन्यासकारको सहानुभूति उमाप्रति विशेष देखा पर्दछ । यसरी स्वास्नीमान्छेलाई समाजले , समाजको संरचना प्रकृयाले कमजोर विवश र लाचार पारिदिएको छ । त्यहाँ उनको आफ्नो रुचि अरुचि धारणा र निर्णय भन्ने नै केही बाँकी छैन उनी समाजको मान्यताले जता बगाउँछ त्यतै बग्छिन् । त्यस्तैगरी बस्नेतको पनि उराठलाग्दो छ । कान्छी पत्नीको वास्तविकता उनी जान्दैनन् तर आफू बूढो भईसकेर पनि एउटी तरुनी केटीको

जीवन बर्बाद पारेको अनुभूतिले सधैं आफूलाई दोषी ठहऱ्याउँछ । त्यसैले सधैं उनले जीवनमा प्रेम पर्याप्त हुँदो रहनेछ भन्ने निष्कर्ष निकाल्दछ ।

शिवप्रसादको जीवन पनि कारुणिक देखिन्छ । प्रिया पत्नीको अर्कैसँग बिहे हुन लागेको थाहा पाएपछि उनी विक्षिप्त जस्ता हुन्छन् , वर्षौ वेपत्ता हुन्छन् । आमाको मृत्युपश्चात् उनी बाबुलाई असीम स्नेह गर्छन् । बाबुको एक्लोपन हटाउन उनलाई दोस्रो विहेको सल्लाह दिने उनी नै हुन् तर बाबुको दोस्रो विवाह आफ्नै प्रिया पत्नी पनि हुन सक्ने कुरा उनले कहिल्यै सोचेका थिएनन् । आफै पछि घर फर्के आएपछि सत्य कुरा थाहा पाउँछन् । त्यसै बिन्दुमा उपन्यास टुङ्गिएको छ । प्रस्तुत उपन्यासमा नियतिको चक्रमा पिल्सिएका यी तीनजना पात्रहरू कोही पनि दोषी देखा पर्दैनन् । उपन्यासमा पात्रहरूमा चारित्रिक स्थिरता भेटिन्छ । बस्नेतकी जेठी स्वास्नी पनि स्थिर स्वभावकी थिइन् । उनको विचार पुरानो, पतिपरायण, फरासिलो र सन्तोषी उनी प्रेमको देवत्वमा विश्वास गर्छिन् । उनी मृत्युपर्यन्त पनि आफ्नो विश्वासमा अटल छन् ।

## ३.२ कोइरालाका औपन्यासिक प्रवृत्तिहरू

आधुनिक नेपाली कथाका क्षेत्रमा मनोवैज्ञानिक यथार्थवादी धारामा कथा लेखनका सुरुवात गर्ने विश्वेश्वरप्रसाद कोइराला उपन्यासका क्षेत्रमा पनि कम छैनन् । कोइरालाले कथामा यौन मनोविज्ञानको सफल प्रस्तुति गरेका छन् । कोइरालाका उपन्यास यौनमनोविज्ञान साथमा अस्तित्ववाद, विसङ्गतिवाद, नियतिवाद, मानवतावाद आदि हुँदै मिथक, दर्शन, विविध पक्षमा अगाडि बढेका छन् । यसरी कोइरालाका ६ वटा उपन्यासमा भिन्न प्रवृत्ति पाइन्छ । तिनै उपन्यासका आधारमा कोइरालाको औपन्यासिक प्रवृत्तिलाई निम्नअनुसार उल्लेख गरिएको छ ।

### क) मनोवैज्ञानिक यथार्थवादी उपन्यासकार

विश्वेश्वरप्रसाद कोइराला खासगरी मनोवैज्ञानिक उपन्यासकारका रूपमा चिनिन्छन् । फ्रायड, एडलर र युङ्गका मनोविश्लेषणवादी सिद्धान्तलाई उनले आफ्ना सबै उपन्यासका समाहित गर्ने कार्य गरेका छन् । कोइरालाले आफ्ना उपन्यासका पात्रका बाह्य जगतको भन्दा आन्तरिक जगत्को समस्यालाई उजागर गरेका छन् । उनले आफ्ना उपन्यासमा कथानक भन्दा

पात्रको आन्तरिक चरित्रमा, अचेतनका उतारचढाव, यौन, कुण्ठा, आवेग, संवेग, अन्तर्द्वन्द र त्यसबाट समाजमा सिर्जित मानसिक विकृति र विसङ्गतिको विश्लेषण तथा अवलोकन गरेका छन् । त्यस्तै गरी **तीनघुम्ती**की इन्द्रमायाले रमेशसँग प्रणय भोग गर्छे भने **नरेन्द्रदाइ**को नरेन्द्रले मुनरियालाई अँगाल्छ । **सुम्निमा**को सोमदत्त सुम्निमासँग र पुलोमा भिल्लसँगको रतिक्रियाको भ्रममा आनन्दित छन् । यसर्थ कोइराला नेपाली साहित्यमा मनोविश्लेषणलाई सबैभन्दा राम्ररी र सबैभन्दा सरल ढङ्गबाट प्रस्तुत गर्ने उपन्यासकार हुन् ।

### (ख) विसङ्गतिवादी चेतना

जीवनको भोगाईको क्रममा देखापर्ने विसङ्गत क्षण र तिनको परिहारका लागि लागिपरेको मान्छेको प्राप्तिशून्यता  र निरर्थक प्रयासलाई कोइरालाको **नरेन्द्रदाइ** उपन्यासले प्रकट गरेको छ । नरेन्द्र, गौरी र मुनरियाले चाहेको र बाँचेको जीवनमा विसङ्गतिका तिता अनुभवहरु भरिएका छन् । ती इच्छा र आकांक्षाहरू सानोबाबुले भने जस्तै बालुवाका कमजोर त्रिकोण हुन् । अस्तित्वको रक्षाको लागि लाग्दा लाग्दै पनि विसङ्गतिकै भुमरीमा पिंधिनु नै यसमा गौरीको विक्षिप्तता, नरेन्द्रको रोग अनि मुनरियाको मानसिक मृत्युको कारण भएको छ । **बाबु , आमा र छोरा**मा छोराकी प्रेमिका बाबुसँग वैवाहिक सम्वन्धमा गाँसिएको नितान्त विसङ्गति भएर सामाजिक कुसंस्कार अगाडि आएको छ । यस्तो विसङ्गतिमुलक जीवनको व्याख्यामा **मोदिआईन** पनि महत्वपूर्ण छ । युद्द गरेर धर्मको रक्षा गर्ने पाखण्डि प्रवृत्ति विसङ्गतिको चरम नमुना हो भन्ने यसमा देखिन्छ । थोरै भए पनि विसङ्गतिवादि चेतनाको प्रभाव कोइरालाको उपन्यासमा परेको छ ।

### (ग) अस्तित्ववादी प्राप्ति

विसङ्गतिमाझ पनि अस्तित्व र स्वतन्त्रताका लागि लडिरहने प्रवृत्ति कोरालाका उपन्यासका पात्रहरुमा पाइन्छ । **तीन घुम्ती** यस सन्दर्भमा सबैभन्दा सार्थक प्रयोग ठहरिन्छ । इन्द्रमायाले यसमा आफ्नो स्वतन्त्र निर्णय गर्ने क्षमताको उपयोग गरेर सचेत रूपमा तिन वटा महत्वपूर्ण निर्णयहरू गरेकि छ । तिनै निर्णय र परिणामले उसलाई तीन मोडमा पु-याएका छन् । यसबाट ईन्द्रमायाले अस्तित्वबोध गरेकि छ । नरेन्द्रदाईमा पत्नी गौरी हुँदाहुँदै पनि नरेन्द्रले स्वतन्त्र रुपमा

मुनरियालाई चयन गर्नाले पनि अस्तित्वको दावीलाई सङ्केत गर्दछ । **सुम्निमा**को सोमदत्तले मनुवादहमा नुहाएर अस्तित्व प्राप्त गरेको छ भने **हिटलर र यहूदी**मा नायिका रेवाको स्वतन्त्र क्रियाकलापले अस्तित्वको वरणमा महत्व प्रदान गरेको छ । 'स्वतन्त्र निर्णय गर र त्यसको परिणाम आफै भोग' भन्ने अस्तित्ववादि सिद्धान्तमा कोईरालाका पात्रहरु दृढ रहेका छन् ।

### (घ) दार्शनिकता

कोइरालाका सम्पूर्ण उपन्यासहरू दर्शनकै केन्द्रीयतामा रचेका छन् र तिनमा यौन र प्रेमको महत्वपूर्ण भूमिका निर्वाह भएको छ । परम्पराविरोधी मूल्यको स्थापना गर्नका लागि सामाजिक मुल्यलाई निषेध वा परिवर्तन गर्नु जरुरी हुन्छ । समाजका आदर्श र नियमका बन्धनले व्यक्तिको स्वतन्त्रता , जीवनको मूल्य र आस्थालाई निमिट्यान्न पार्ने भएकाले कोइरालाको उपन्यासमा त्यस्ता नियमलाइ चुँडाइएको पाइन्छ । इन्द्रमायाले **तिन घुम्ति**मा पत्नीत्व वा सतीत्व र शारीरिक भोकको विभेद मेट्न खोजेकी छ भने **नरेन्द्रदाइ**मा नरेन्द्रले परिवार तथा समाजको अवहेलना गर्दै पत्नीलाई छाडि नोकर्नीलाई भगाएर लगेको छ । **सुम्निमा**को सोमदत्त र पुलोमाको धर्मनिष्ठाको विलय र अतितको स्मृतिलाई बर्तमानमा ल्याएर भौतिक मिलन भएको दर्शन प्रस्तुत गरिएको छ । यसमा मानसपुत्र (मानसिक रुपमा अरुलाई वरण गरेर जन्मिएको पुत्र) को कल्पना पनि गरिएको छ । **मोदिआईन**मा गिता दर्शनका विरुद्ध मानवतावादी दर्शनको स्थापना गरिएको छ भने **हिटलर र यहुदी**मा पनि जाति र धर्मबाट भिन्न मानविय दर्शन माथि जोड दिइएको छ । यस्तो दार्शनिकताको स्थापनामा कोइरालाको औपन्यासिक प्रयोगात्मकता पनि देखिन्छ ।

### (ङ) मिथकीय पुनर्सिजन

नेपालीमा मिथकीय पुनर्सिजन गरी लेखिएको पहिलो उपन्यास कोइरालाको **सुम्निमा** हो । यस उपन्यासमा हिन्दू पुराण तथा किराँति धर्मग्रन्थ मुन्धुमको मिथकलाई नयाँ ढाँचामा सजाएर जातीय अन्तर्मिश्रणको मान्यता प्रस्तुत गरिएको छ । मिथकलाई प्रयोग गरेर मानिसको वास्तविक स्वभाब, मनोकाङ्क्षा र अस्तित्व व्याख्या गरी समन्वयको मार्ग खोज्ने काममा यो सफल छ । त्यस्तै **मोदिआइन**मा पौराणिक कुरुक्षेत्रको लडाइँमा कृष्णको भूमिकाको मिथकलाई

नयाँ ढङ्‌गले व्याख्या गरिएको छ । धर्मका नाममा युद्ध गराएर मान्छेको विनास गर्ने कृष्ण र उनको उपदेश गिता माथि प्रश्न उठाइएको यस उपन्यासमा देवता हुन खोज्ने मान्छेले दुर्गति भोग्नुपर्ने कुरामा सचेत बनाइएको छ । **हिटलर र यहुदी** पनि संसारमा आजसम्म चलेका देव र दानवका अहम्‌युक्त लडाइँहरू र शोषणका प्रवृत्तिहरूमा नै आधारित रहेको मिथकीय उपन्यास हो । यसरी कोइरालाले मिथकको पुनर्सिजन र पुनर्व्याख्या गरेर दार्शनिकता र मनोविश्लेषणको प्रयोगले उपन्यासलाई नयाँ प्रयोगका रुपमा स्थापित गरेका छन् ।

### (च) **चरित्रचित्रणको सबलता**

मनोविश्लेषणात्मक यथार्थवादी परिपाटि अँगालेर कोइरालाले आफ्ना सबै उपन्यासमा चरित्रहरुको सबल चित्रण गरेका छन् । उनका उपन्यासमा व्यक्तिको अचेतनलाई प्रकट गर्दा असामान्य स्थितिको समेत सिर्जना भएको देखिन्छ तर त्यो पनि यथार्थकै हाँगो समातेर आएको हुन्छ । विचारलाई प्रधानता दिने यिनका पात्रहरु चिन्तक र बौद्धिक पनि छन् । तर्कमा निपूर्ण देखिने यस्ता पात्रहरू आफ्ना मान्यताको समीक्षा गर्ने भए पनि ती असामाजिक परिस्थिति र विसंगतिका शिकार भएका छन् । **तीन घुम्ति**की इन्द्रमायाको बौद्धिक सोचाइ र सचेत निर्णयले उसको अहंम् र अस्तित्वलाई संरक्षण गरेको छ । **नरेन्द्रदाइ**को नरेन्द्रमा पनि गान्धीवादी समतामूलक विचार र अस्तित्वको प्रबल अहंम विकसित भएको छ । यसले गर्दा स्वतन्त्र निर्णय गर्ने व्यवहार प्रस्तुत गरेर उ मुनरियालाई रोज्छ । यसमा मुनरिया र गौरी पनि उत्तिकै महत्वपूर्ण चरित्रमा छन् । सुम्निमाका पुलोमा र सोमदत्त आफ्नै अडान लिएर बसेका शुब्क किसिमका पात्र हुन् भने सुम्निमा यथार्थको धरातलमा आधारित पात्र हो । **मोदिआइन**की मोदीको वैधव्य स्थिति र उसको प्रखर विचार विश्लेषणात्मकता र तर्कलाई हेर्दा चरित्रको महानता स्पष्ट हुन्छ । यसरी सबै उपन्यासमा कोइरालाले चरित्रचित्रणमा बढी मेहनत गरेको सहजै देख्न सकिन्छ , जसले गर्दा उनका उपन्यासहरु चरित्रप्रधान बन्न पुगेका छन् । उनका उपन्यासका स्वत्व नै चरित्रका क्रियाकलाप र चिन्तनमा रहने कुरा **बाबु ,आमा र छोरा** तथा **हिटलर र यहुदी**बाट पनि प्रमाणित हुन्छ ।

### (छ) द्वन्द्वको सफल प्रस्तुतीकरण

कथानक क्षीण नै भए तापनि कोइरालाका उपन्यासमा दार्शनिकताको प्रतिपादनका लागि द्वन्द्वको प्रयोग भने निकै प्रवल भएको पाइन्छ । द्धन्दकै माध्यमबाट उपन्यासमा चाहेको निष्कर्ष प्राप्त हुन्छ अथवा एउटा समन्वय स्थापित हुन्छ । **तीन घुम्ति**मा इन्द्रमायाको आन्तरीक द्धन्द शक्तिशाली रहेको छ । उसका तिनै निर्णयका क्रममा भएका मानसिक द्धन्दले एउटा निर्णयमा पुयाएको घटना अत्यान्त उत्तेजक रहेको छ । **नरेन्द्रदाइ**मा गौरीको आन्तरिक द्धन्द तथा परिवार र नरेन्द्रका बिचको बाह्य द्वन्द्व निकै चर्को रहेको छ । सुम्निमा ज्ञान र भोगको दर्शनमा केन्द्रित रहेर द्धन्दमय बाताबरण सिर्जना गर्न सक्षम छ । यसमा सुम्निमा र सोमदत्तका विपरित विचारको द्धन्द अनि सोमदत्त र पुलोमाको आन्तरिक द्वन्द्व प्रखर रुपमा अगाडि आई समन्वयमा टुङ्गिएको छ । ठुलो हुनु वा असल हुनुको द्धन्दमा **मोदिआइन** रचिएको छ । **हिटलर र यहुदी** पनि दर्शनकै द्वन्द्व हो भने **बाबु , आमा र छोरा** चाहिं पारिवारिक नाता सम्बन्ध र प्रेमको चापबाट सिर्जना हुने आन्तरिक द्वन्द्वको सफल प्रस्तुति हो । यसरी हेर्दा कोइरालाका उपन्यासको गतिशिल शक्ति भनेको प्रबल द्वन्द्वको उपस्थापन हो भन्न सकिन्छ ।

### (ज) आत्मिक प्रेममा विश्वास

कोइरालाले आफ्ना उपन्यासमा प्रेम सम्वन्धी धारणाको व्याख्या गर्ने क्रममा आत्मिक प्रेमको महत्व प्रष्ट्याएका छन् । प्रेमको स्वरुप आत्माका बीच जोडिने जोडाइबाट स्पष्ट हुने भएकाले शारिरिक भोग वा सतीत्वको त्यसमा त्यति महत्व हुँदैन भन्ने उनको विचार रहेको पाइन्छ । **तीन घुम्तीकी इन्द्रमायाँ आफूले** पीताम्बरलाई आत्मिक प्रेम गरेकाले रमेश सँग शारिरिक सम्पर्क राखेर छोरी जन्माए पनि कुनै फरक नपर्ने धारणा व्यक्त गर्छे । **नरेन्द्रदाइ**मा गौरीले नरेन्द्रलाई आत्मिक प्रेम गरेकी हुँदा मुनरियासँग भागेर रोगी अवस्थामा घरमा आइपुगेको नरेन्द्रलाइ पाएर सन्तुष्ट भएकी छ । नरेन्द्र मरे पनि उसको प्रेम आफु माथि अशेष रहेकाले विधवाको पहिरन गर्न उसले इन्कार गरेको देखिन्छ । नरेन्द्रले पनि गौरीबाट आत्मिक प्रेमको अनुभव गरेको पाइन्छ । **सुम्निमा**मा पनि सोमदत्त र पुलोमाको विवाह र शारिरिक सम्पर्क भए पनि सोमदत्त सुम्निमालाई र पुलोमा भिल्ल युवकलाई आत्मिक रुपमा प्रेम गर्दछन् भन्ने कुराको पुष्टि गर्दै मानसपुत्रको काल्पनिक अवधारणा प्रकट गरिएको पाइन्छ । **बाबु , आमा र छोरा**मा

उमाले आफ्नो आत्मिक प्रेमलाई स्वीकार्दै बूढो पतिसँग जीवन बिताउन स्वीकार गरेकी छ भने **हिटलर र यहुदी**मा पनि रेवाले यस्तै धारणा व्यक्त गरेकी छ । यसबाट कोइराला आत्मिक प्रेमलाई महत्व दिने र त्यसमा विश्वास गर्ने उपन्यास लेखक हुन् भन्न सकिन्छ ।

**(झ) मानवतावादी प्रवृत्ति**

मानवलाई मानवकै रुपमा रहन दिएर उसको स्वतन्त्र अस्तित्वलाइ कदर गर्दै समानता र भातृत्वपूर्ण व्यवहार गर्नुपर्छ भन्ने भावना कोइरालाका उपन्यासमा पाइन्छ । मानिस आफ्नो यथार्थ आधारलाई भुलेर काल्पनिक डोरी समातेर देउता बन्ने धुनमा लाग्न थाल्यो भने अथवा अर्काबाट संचालित निर्देशित हुन थाल्यो भने उसले दुर्घटना भोग्नु पर्दछ भन्ने सन्देश दिने **मोदि आइन**बाट मानवको आफ्नो स्वत्वको व्याख्या हुन्छ । युद्धबाट कहिल्यै असल मान्छे जन्मन सक्दैन भन्ने भाव यसमा छ । जाति , धर्म , र राष्ट्रियताका कुरा भुलेर मानवका विच प्रेम , सद्भाव र विश्वासको फल फुलाउनु पर्छ भन्ने **हिटलर र यहुदी** पनि मानवतावादी हिसाबले महत्वपूर्ण उपन्यास हो । युद्धका विरुद्धको उनको चिन्तन सराहनीय रहेको छ । मानवतावादको आधारमा नै मान्छेको सभ्यता उच्च हुन सक्छ भन्ने उनको विश्वास उपन्यासमा पाइन्छ ।

**(ञ) विशिष्ट औपन्यासिक कला**

कोइरालाका उपन्यासको कथन शैलीमा विशिष्टता पाइन्छ । **तीन घुम्ती र बाबु , आमा छोरा**मा प्रथम पुरुष दृष्टिविन्दुको रोचक प्रयोग गरिएको छ । **तीन घम्ती** इन्द्रमायाको सम्झना अर्थात् पूर्वदीप्तिमा सम्पूर्णत आधारित उपन्यास हो भने **बाबु ,आमा र छोरा** देष्टिविन्दुको परिवर्तन भएको उपन्यास हो । यसमा पहिलो पटक बाबु र दोस्रो पटक आमालाई दृष्टि केन्द्रिय पात्रका रुपमा उभ्याई तिनीहरुकै रुपबाट कथा वाचन गराइएको छ । **नरेन्द्रदाइ** र **मोदिआइन**मा सानो बाबुलाई म पात्रको रुपमा स्थापना गरेर बालककै सम्झनाका आधारमा कथा भन्ने पद्धति अपनाइएको छ । यसरी कथानक प्रस्तुत गर्दा चाहिएको ठाउँमा कम गति र बढि महत्व दिने तथा अन्य ठाउँमा बढी गति र कम महत्व दिने प्रविधि अपनाइएको देखिन्छ । यसले उपन्यासमा संक्षिप्तता ल्याउँछ र कौतुहलपूर्ण स्थिति सिर्जना गर्दछ । **सुम्निमा**मा मनुवादह तथा मादिआइनका मछुवारिन र हदियादहलाई मान्छेको आदिमताका प्रतिकका रुपमा उभ्याउने तथा

**नरेन्द्रदाई**मा कोशीको बाढीलाई मानवीय आवेगको प्रतीकात्मक रूप दिएर प्रस्तुत गरेबाट कोइरालाको औपन्यासिक कलामा नवीनता रहेको देखिन्छ । छोटो स्वरूप र क्षीण कथानकमा वैचारिकता उन्न सक्नु उनको विशिष्टता हो ।

**(ट) भाषाशैली**

कोइरालाका उपन्यासमा बौद्धिकता र तार्किकता पाइने हुनाले भाषा पनि त्यसै अनुकुलको हुन्छ ता पनि रमणीयताको कमि त्यसमा हुँदैन । उक्ति र सूक्तिको सफल प्रयोग गरेर मीठो पार्ने कोसिस भए पनि संस्कृतनिष्ठ शब्दप्रयोगले गर्दा कतै कतै सम्प्रेषणमा बाधा पनि पुगेको पाइन्छ । खास गरी **सुम्निमा** उपन्यासमा यस्तो जटिल स्थिति उत्पन्न भएको छ । पात्र अनुसारको भाषा आंशिक मात्र भएको र अन्यत्र स्तरीय भाषा प्रयोग भएकाले यी उपन्यासहरुमा आञ्चलिक यथार्थको अनुभव हुँदैन ।

**(ठ) दार्शनिक उपन्यासकार**

कोइरालाले नेपाली उपन्यासमा जीवन र जगत् सम्बन्धी दर्शन प्रस्तुत गरेका छन् । मनोविश्लेषण, अस्तित्व, विसङ्गतिवाद मानवतावाद, आध्यात्मिकता, भौतिकता आदि सबै सैद्धान्तिक अवधारणाको यथार्थचित्र प्रयोगले उनलाई दार्शनिक उपन्यासकारको रूपमा चिनिन्छन्।

**(ड) सामाजिक उपन्यासकार**

कोइरालाले स्वयं मेरो आख्यान कुनै न कुनै सामाजिक बिन्दुलाई लिएर लेखिएको पाउन सकिन्छ भनेका छन् । **तीनघुम्ती, नरेन्द्रदाइ**मा सामाजिक यथार्थ पाइन्छ । विवाहित पत्नीसित असन्तुष्ट भइ नोकर्नीलाई टिपेर हिँड्ने नेपाली समाज परम्परा पाइन्छ । गौरीको पीडा समस्या नेपाली समाजमा नारीको पीडा हो भन्न सकिन्छ । त्यसैले कोइरालालाई नेपाली सामाजिक उपन्यासकार भन्न सकिन्छ ।

**(ढ) नारीप्रधान उपन्यासकार**

कोइरालाको उपन्यासमा नारी पात्रको प्रमुखता पाइन्छ । उनको उपन्यासमा प्रमुख पात्रको नामबाट नै शीर्षक पनि राखेका मध्ये **सुम्निमा** र **मोदिआइन** पर्दछ । **तीनघुम्ती**

उपन्यासका इन्द्रमाया प्रमुख पात्र, **नरेन्द्रदाइ**मा गौरी र मुनरिया पनि प्रमुख पात्र हुन् । **बाबु, आमा र छोरा**मा उमाको जीवनको यथार्थ घटनाको सेरोफेरोमा संरचित छ । कोइरालाको उपन्यास नारीलाई प्रमुखता बनाएर लेखिएकोले नारी वेदनाले भरिभराउ छन् । यही वेदनाले उपन्यासमा कारुणिकता ल्याएका छन् । यौन, कुण्ठा, पारिवारिक तिरस्कार र अस्तित्वका लागि सङ्घर्षरत विसङ्गत जीवन भोग्न विवश पात्रहरूले कारुणिक स्थिति सिर्जना गरेका छन् । इन्द्रमाया, सुम्निमा, गौरी, मुनरिया आदि नारी पात्रहरूका जीवन कुनै न कुनै पीडाले वेदनाको गहिरो दहमा डुबेका छन् । यसरी कोइरालाले नारीप्रधान उपन्यास रचना गर्छन् र त्यही नारी वेदना र कारुणिकताले उपन्यास उत्कर्षमा पुगेको हुन्छ ।

माथि प्रस्तुत गरिएका कोइरालाका औपचारिक प्रवृत्तिहरू बाहेक अन्य प्रवृत्तिहरू पनि पाइन्छ । उनको उपन्यासमा व्यक्ति, समाज, समस्याको व्यङ्ग्य, द्वन्द्वात्मकता, प्रगतिवादी चेत, प्रकृतवादी धारणा, चरित्र चित्रणमा सबलता, नवीनता र प्रयोगशीलता, विभिन्न विम्ब र प्रतीकको प्रयोग गर्नु पनि उनको प्रवृत्ति पाइन्छ ।

समग्रमा उपन्यासकार कोइरालाको मूल लेखन भनेको मनोविज्ञान हो । उनले मानवजीवन र मनोविज्ञानबीच अत्यन्त नजिकको आँखाले हेर्ने गरेको पाइन्छ । उनका कृतिहरूमा अस्तित्ववाद, मानवनियति, अन्याय अत्याचार, विसङ्गति, पौराणिक, ऐतिहासिक, परिवेश, मानवीय द्वन्द्व, जीवनदर्शन आधुनिक प्राचीन जीवन परिवेशको अवस्थालाई समेत व्याख्या विश्लेषण गरेका कोइरालाले खासगरी यथार्थवादी धारणा व्यक्त गर्ने क्रममा मान्छेले बाहिरी आँखाले जे देख्छ त्यो भन्दा वास्तविक धरातल छुट्टै रहेका पाइन्छ । मान्छेलाई भित्री अवस्थाले नै निर्देशन एवम् नियन्त्रण गर्छ । अतः मानव जीवनका आन्तरिक घटनालाई खोतल्याई त्यसको वैज्ञानिक रूपमा तथ्य उद्घाटन गर्नु, मनोवैज्ञानिक यथार्थवाद हो । उनले फ्रायडवादी सिद्धान्तको मूल उद्देश्य मानव जीवनमा पुरुष र नारीबीचको सम्बन्ध र सूक्ष्म अवस्थाको चित्रण गरेका छन् । कोइरालाले उपन्यासमा दार्शनिक विचार, अध्यात्मवादी, चिन्तन, मानवतावादी विचार, नियतिवादी, सामाजिक चित्रण, व्यङ्ग्यात्मकता, समन्वयवाद, सांस्कृतिक बोध, सूक्ष्म विश्लेषण, व्यक्तिगत स्वतन्त्रताका पक्षले नै जरो गाडेको पाइन्छ (अधिकारी २०५०, १५६) ।

## ३.३ नेपाली उपन्यासमा विश्वेश्वरप्रसाद कोइरालाको योगदान र मूल्याङ्कन

नेपालमा थोरै व्यक्तिहरू मात्र बहुविधा र क्षेत्रमा समान रूपमा स्थापित भएका छन् । तिनै थोरै व्यक्तिहरू मध्येका एक सशक्त तथा ज्वलन्त प्रतिभा हुन् स्‌ विश्वेश्वरप्रसाद कोइराला । आधुनिक नेपाली कथा तथा मनोवैज्ञानिक यथार्थवादी धारामा कथा लेखन आरम्भकर्ता कोइराला उपन्यासको क्षेत्रमा पनि चर्चित छन् ।

कोइरालाले आफ्नो उपन्यासहरूमा यौन मनोविश्लेषणलाई प्रमुख आधार बनाएका छन् । उनका सबै उपन्यासहरूमा कुनै न कुनै रूपमा मनोविज्ञानको प्रयोग पाइन्छ । विशेषतः उनमा मनोविश्लेषणत्मक सिद्धान्तअन्तर्गत फ्रायड, एडलर र युङ्गका सिद्धान्तलाई उनले अँगालेका छन् । उनमा रहेको मनोविश्लेषणको घनत्व तथा विशेषगरी अन्तर्मुखी चरित्रहरूलाई उपन्यासमा स्पष्ट दिएका छन् । कुनै पनि व्यक्तिको मानसिकतामा जेलिएर रहेको कुण्ठाहरूले उसको मानसिक स्थितिमा आएको आरोह अवरोहलाई बुझ्न खोजेका छन् । कोइरालाका उपन्यासमा मान्छेमा रहेका अचेतन विचार र अचेतन इच्छा तृप्त हुन नसकेको अवस्थामा त्यसको निकासको खोजी विभिन्न माध्यमबाट गरिन्छ । उनले अचेतन मनको मूल स्रोत यौन नै हो भन्ने फ्रायडको धारणलाई अनुसरण गरेका छन् । व्यक्तिमा भएको यौनेच्छा अचेतन अवस्थामा जम्मा हुनको कारण सामाजिक आचार संहितालाई मुख्य मानिएको छ । समाजको डर आफ्नो मर्यादामाथि प्रश्न चिन्ह लाग्ने त्रासका कारण व्यक्तिले आफूमा पैदा हुने समाज असम्भव यौनावेगलाई आफैमा दबाउन बाध्य हुन्छ । परिणाम स्वरूप उसमा विपरित चेष्टा र विकृतिहरू पनि पैदा हुन्छन् तर समाज आफ्नै परिवर्तन माथिको यस्तो हस्तक्षेप मन पराउँदैन । त्यसैले सामाजिक नियम बन्धनमा व्यक्तिका यौन क्रियाकलापहरूलाई सधैं नै निश्चित सीमाभित्र अटाउने प्रबन्ध मिलाएको हो भन्ने मनोविश्लेषणात्मक धारणा  कोइरालाले अगाडि सारेका छन् । कोइरालाको उपन्यासहरूको मूल उद्देश्य नै मानव कुण्ठाहरूको जटिल संरचना प्रकृयाको प्रर्दशन गर्नु र जीवनका विशेषगरी नारी जीवनका आधारभूत तत्वहरूको औचित्य प्रतिपादन गरी मनोविश्लेषणात्मक पक्षलाई समातेका छन्  (अधिकारी २०५० : १६७)।

कोइरालाको उपन्यासमा अस्तित्ववादी विसङ्गतिवादी दृष्टिकोण पाइन्छ । उनमा कामु, सार्त्र, यास्कस आदिको प्रभाव पाइन्छ । उनका उपन्यासमा पात्रहरूले सधैं आफ्नो अस्तित्व

रक्षाका लागि सङ्घर्ष गरिरहन्छन् तर अन्त्यमा जीवनको निस्सारता बाध्यता दुःख पीडा आदि प्राप्तिबोध विसङ्गत किसिमको छ । कोइरालाको उपन्यासमा मानव अस्तित्व नारी अस्तित्वको रक्षाका लागि परे पनि मान्छे नियतिको चक्रमा परेर कसरी दुःख पाउँछन्  भन्ने तथ्यलाई समेत प्रष्ट पारेका छन् । त्यसैले मान्छेको जीवन नियतिको मुठ्ठीमा कसिएको हुन्छ  भनी नियतिका प्रवृत्तिलाई अगाडि सारेका छन् । जीवनमा प्रारम्भ भाग्य विधि भन्ने नियतिको प्रयोग सुखद्भन्दा दुखद् परिणाममा पुगेको देखिन्छ । कोइरालाका उपन्यासहरूमा बौद्धिक पक्षलाई पक्रेर पात्रहरूको वजनदार अभिव्यक्ति दिन खोजिएको छ । त्यसैले उनका उपन्यासहरूमा जीवनका महत्वपूर्ण विषयहरू माथि पात्र पात्रबीच व्यापक बौद्धिक बहस र शास्त्रार्थ गराउने क्रियाकलाप समेत पाइन्छ । त्यस्तैगरी कोइरालाका सबै उपन्यासमा सामाजिकतामा मुखरित छन् । उनले नेपाली समाजका विविध पक्ष सामाजिक सांस्कृतिक राजनीतिक आध्यात्मिक ऐतिहासिक आदिलाई विशेष सामग्री बनाएर उपन्यास लेखेका छन् । कतिपय उपन्यासहरूमा सामाजिक समस्याहरूको उजागर गरेका छन् । कोइरालाको उपन्यासमा मिथकीयता पाइन्छ यस अन्तर्गत महाभारतको र गीतादर्शनको पुनः व्याख्याद्वारा कतिपय उपन्यासहरू संरचित छन् ।

कोइरालाको उपन्यासमा मानवतावादी  प्रकृतिलाई भित्राएका छन् । कुनै पनि व्यक्तिले मानवतालाई भुल्न हुँदैन भन्ने सत्यलाई पक्रेका छन् । उनको उपन्यासमा नारीवादी दृष्टिकोण पाइन्छ । अहंकार, नेपाली समाजमा नारीको अवस्था पुरुष प्रधान समाज, नारीलाई अपहेलना, तिरस्कार नारीको कोमल स्वभाव, आत्महीनता, समाज प्रतिको मर्यादित व्यवहार, समाजको कुरीतिमा पिल्सिएको अवस्था समेत प्रस्तुत गरेका छन् । कतिपय उपन्यासमा नारी भएर पनि आफ्नो बारेमा स्वतन्त्र निर्णय गर्नु पाउने र त्यसको परिणाम समेत भोग्न समेत तयार भएका नारी जीवनको अवस्था पनि पाइन्छ । उनको उपन्यासमा द्वन्द्वात्मक प्रवृत्तिलाई उजागर गरेका छन् । यसमा अर्न्तपात्रीय, अन्तरपात्रीय वर्गिय, जातिय, लैङ्गिक द्वन्द्व आदि जस्ता समस्याहरू लाई प्रस्तुत गर्न खोजेका छन् , त्यस्तैगरी उनका उपन्यासमा ऐतिहासिकता, पौराणिकता, समन्वयात्मकता, व्यङ्ग्यात्मकता, अहंकारको परिणाम, संस्मरणात्मक प्रवृत्तिलाई समेत भित्राएका छन् । उनका उपन्यास संरचनानात्मक दृष्टिले लघु र मध्यम आयाम विस्तारका पाइन्छन् । कोइरालाको उपन्यासमा सम्बन्धित कथावस्तुमा पात्रविधान, परिवेश, वातावरण, शिल्पविधान आदिको उचित समायोजन गरेका छन् । उनको उपन्यास चरित्रप्रधान भए पनि

कथानकलाई पनि महत्व दिइएको र उपन्यासमा सरल भाषाशैली, आलङ्कारिक, कलात्मक र मार्मिक प्रस्तुति गरीएको पाइन्छ (सुवेदी २०५३, १२३) ।

समग्रमा कोइरालाले नेपाली साहित्यको उपन्यास विधामा विशुद्ध सिर्जना र तटस्थ शिल्पकारिताको निमित्त उत्कृष्ट उपन्यास लेखेका छन् । उनी विश्वमानव संस्कृतिका पक्षधर मानवतावादी चिन्तक हुन् । उनको उपन्यासमा मानव अस्तित्व र मूल्यहरूलाई सफल वक्ताको रूपमा उपन्यासद्वारा प्रदान गरेका छन् । उनका उपन्यासहरू विचारवादी, राष्ट्रियता, मानव मूल्य, मानवीय नियति र अस्तित्वलाई अभिव्यक्त गर्न लेखिएका सफल कलाहरू हुन । उनको उचित प्रभाव र प्रेरणा प्राप्त भएकोले सफल चिन्तनमूलक उपन्यासकार भए । यिनले नेपाली समाजका मनोरोगी युवायुवती अथवा व्यक्तिहरूको मानसिक अवस्थाका पछाडि मूल कारकका रूपमा सामाजिक कुरीति गलत संस्कार गकिरबी र आर्थिक अवस्थाको रहस्योद्घाटन पनि गरेका छन् । कोइरालाले उपन्यासमा विसङ्गतिपूर्ण अस्तित्ववादी विचार, मनोवैज्ञानिक वर्णविश्लेषण र नियतिको प्रस्तुति कलात्मक देखिन्छ । उपन्यासकार कोइरालाको वैचारिक चाप र औपन्यासिक कला सामर्थ्ययुक्त प्रस्तुति नै नेपाली उपन्यास जगत्मा दिएको उल्लेख्य योगदान सावित हुन्छ ।

## ३.४ निष्कर्ष

साहित्यका साधक राजनीतिका प्रखर चिन्तक, विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्य र राजनीतिको फाँटमा विशेष योगदान पुऱ्याएका छन् । राजनीतिभन्दा भिन्न रहेका साहित्यकार कोइरालाले साहित्यलाई कहिल्यै पनि राजनीतिको दास बन्न दिएनन् । साहित्यलाई विचार भावनात्मक जीवनको उच्च अभिव्यक्तिको रूपमा लिएकैले गर्दा उनका रचनाहरूमा राजनीतिक गन्ध होइन बरु भावनात्मक सुगन्ध आउने गर्छ । कोइरालाले आफ्ना जीवनमा थुप्रै घाम छायाँहरूमा आफूले भोगेका, जानेका र सुनेका विषयवस्तुमा थुप्रै कथा, उपन्यास र केही मात्रामा कविता र निबन्धका माध्यमले परम्परावादी समाजलाई चेतना उन्मुख गराएका छन् । साहित्यकार कोइरालाले विशेष गरी नेपाली समाजमा व्यक्तिहरूको मानसिक अवस्थाका पछाडि मूल कारकका रूपमा जरो गाडेका सामाजिक कुरीति, गलत संस्कार र गरिबी वा आर्थिक अवस्थाको रहस्योद्घाटन आफ्ना कृतिहरूमा गरेका छन् ।

सर्वप्रथम नेपाली साहित्यमा यौन मनोविश्लेषणको सुरुवात गरेर समाजका मनोरोगी युवा युवतीका अन्तर्गतका यथावत् चित्रहरू अत्यन्त सभ्य र शिष्ट रूपमा व्यक्त गर्नु उनको आफ्नो विशेषता हो । उनका कथाहरू समाजले नदेखेको भित्री मान्छे, मानसिक अवस्थाको मान्छेको अन्तर्मन बुझ्नका लागि लेखिएका कलाहरू हुन् भने उपन्यास मानवीय नियति र अस्तित्वलाई अभिव्यक्त गर्न लेखिएका कलाहरू हुन् भन्न सकिन्छ ।

# परिच्छेद चार

# नरेन्द्रदाइ उपन्यासमा पात्र विधान

## ४.१ विषयपरिचय

उपन्यासमा विभिन्न किसिमका पात्रहरु प्रयोग भएका हुन्छन् । पात्र वा सहभागी बिना उपन्यास रचन हुन सक्दैन । पात्रको प्रस्तुतीकरणमा विभिन्न पद्दतिहरुको प्रयोग भएको पाइन्छ , तापनि उपन्यासकारले उपन्यासमा विभिन्न उमेर, लिङ्ग, स्वभाव, प्रवृत्ति, जीवनचेतना, आबद्धता र आसन्नताका आधारमा पात्रहरूको प्रयोग गरेको हुन्छ । त्यसैलाइनै सम्वन्धित उपन्यासको पात्रविधान भनिन्छ । उपन्यास एक लचिलो विधा हो । उपन्यासमा नयाँ-नयाँ पात्र, दृष्टिबिन्दु, काल्पनिक संसार आदि सबैको प्रयोग गरिन्छ । जसले गर्दा उपन्यासका जीवनको सम्पूर्ण पक्षको चित्रण हुन्छ । जीवनको समग्रताको लागि बहुल पात्र र बहुल विषयको प्रयोग गरिएको हुन्छ । यसरी आख्यानमा पात्रको रचना, प्रयोग वा व्यवस्थापनलाई नै पात्रविधान भनिन्छ अथवा पात्रहरुलाई देखाउने ढङ्ग नै चरित्र चित्रण हो (शर्मा, २०५५: ३९७)।

उपन्यासमा पात्रहरुलाई उपन्यासकारले विभिन्न तरिकाबाट उपस्थित गराउँछ । उपन्यासमा विभिन्न तरिकाबाट पात्रको उपस्थिति गराउने कार्यलाई नै पात्र विधान भनिन्छ । सामाजिक बाह्य र आन्तरिक जीवनका विभिन्न पक्षको उद्‌घाटन गर्न पात्रहरूको चयन गरेको हुन्छ । ती पात्रहरू कतै गोला,कतै च्याप्टा स्वभावका,कतै आञ्चलिक त कतै सार्वभौम, कतै आदर्श त कतै यथार्थ, आदि विभिन्न गुणहरूले युक्त भएका हुन्छन् । यस्ता विभिन्न गुणहरूले युक्त पात्रहरू उपन्यासमा कति राख्ने,कुन पात्रलाई कस्तोभुमिका दिने, पात्रलाई कुन जाति वा लिङ्गबाट चिनाउने, महिला पात्र कति,पुरूष पात्र कति राख्ने,पात्रको स्वभाव कस्तो देखाउने,कस्तो पात्रलाई मुख्य पात्र, कस्तो पात्रलाई सहायक र कस्तो पात्रलाई गौण पात्र बनाउने , कस्ता पात्रलाई सत् र असत्  पात्र बनाउने, आदि जस्ता विभिन्न पात्र व्यवस्थापनको काम उपन्यासकारले गर्दछ । पात्रलाई सर्वाधिक महत्व दिनु उपन्यासको मुख्य बिशेषता र चरित्र

चित्रण के कस्तो छ, भन्ने कुरा चरित्रको विभेदक अभिलक्षणद्वारा स्पष्ट पारिन्छ ।उपन्यासमा पात्रहरू धनी,गरिब, उच्च, मध्यम, निम्न, बालक, बृद्ध,महिला, पुरूष,सज्जन, दुर्जन जुनसुकै पनि हुन्छन् । यी पात्रहरू उपन्यासको कथानकको परिस्थितिसँग र घटनासँग नजिक हुने हुनाले पात्रहरूलाई कथानकका अनिवार्य सञ्चालक मानिन्छ । उपन्यास मानव जीवनको सम्पूर्णताको चित्रण हो ।

उपन्यासमा मानव जीवनको चित्रणका लागि पात्रले प्रत्यक्ष रूपमा उपन्यासका माध्यमबाट जीवनको सचित्र उतारेको हुन्छ । पात्रले आफू बाँचेको समाज र देशका कुराहरू उपन्यासका माध्यमबाट प्रस्तुत गर्दछ । पात्रका विविध कार्य व्यापारलाई छुट्याएर पात्रका चरित्रको बर्णन तथा बिश्लेषण प्रस्तुत गरिएको हुन्छ, यसलाई नै पात्र विधान भनिन्छ । उपन्यासमा प्रस्तुत भएका पात्रहरूले पाठकमा प्रभाव पार्दछन् भन्ने कुरा उपन्यास पढि सके पछि लामो समय सम्म छाप परीरहेकोबाट स्पष्ट हुन्छ । मानव समाज र सभ्यतालाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । मानवका शाश्वत सत्यलाई उद्घाटित गर्ने पात्रहरू पनि मान्छेका चरित्रमै उद्घाटित भएका हुन्छन् (सुवेदी, २०५१:२५) ।

## ४.१.१ पात्र

उपन्यासको तत्वगत सङ्गठनमा पात्र र तिनको चरित्र पनि एउटा महत्वपूर्ण तत्व हो । आख्यान साहित्यमा जब कथा र उपन्यासले बेग्लाबेग्लै विधागत रूप अँगाल्न थाल्यो । त्यसैबेलादेखि कथा र उपन्यासमा मानव प्रतिनिधि पात्रहरूको समावेश हुन थालेको हो । अनि त्यसै बेला देखि पात्र र तिनको चरित्र भन्नासाथ मानव प्रतिनिधि पात्रहरूलाई नै मूल रूपमा स्वीकार्न थालिएको पनि हो ।

उपन्यासका पात्रहरू खासगरी मानव जीवनबाटै ग्रहण गरिन्छ । पात्र निर्माणका मूलस्रोत पनि मानव समाज र मानव जीवन नै हो । औपन्यासिक पात्रले तिनै सामाजिक र जीवन व्यक्ति जीवनका मानवीय क्रियाकलापलाई प्रस्तुत गर्दछ । त्यसैकारण उपन्यास वास्तविक जीवन जगतको प्रतिविम्ब हो र उपन्यासकारको पात्रका माध्यमबाट मानव चरित्रको सकेसम्म यथार्थ रूपलाई लिन खोजेको हुन्छ । उपन्यासकारले पात्र निर्माणका लागि जीवनबाटै आवश्यक

तत्वहरू संकलन गरी पात्र निर्माणका लागि जीवनबाटै आवश्यक तत्वहरू संकलन गरी पाठक वर्गको ध्यान आकर्षण गर्ने अठोट लिन्छ । यिनै औपन्यासिक पात्रका माध्यमबाट उपन्यासकारले औपन्यासिक जीवन दर्शन अथवा उद्देश्य समेत प्राप्त गर्ने लक्ष्य राखेको हुन्छ । उपन्यास आख्यानात्मक साहित्यिक कृति भएकोले उपन्यासमा प्रयुक्त पात्र र तिनको चरित्रले कुनै वर्गीय विचार अथवा व्यक्तिगत विचारलाई पाठकसँग संप्रेषण गरिरहेको हुन्छ । त्यस्ता पात्रहरू नैतिक अनैतिक गुणले युक्त हुन्छन् । अनि तिनै पात्रहरूको चरित्रबाट मान्छेको बाह्य र आन्तरिक प्रवृत्तिहरू पनि उद्घाटन भएको हुन्छ । ती पात्रका माध्यमले के कस्ता विचार कसरी व्यक्त गर्ने भन्ने कुरालाई केलाउने कार्य चरित्रचित्रणद्वारा गरिन्छ ।

**नरेन्द्रदाइ** उपन्यास चरित्रप्रधान उपन्यास हो । कोइराला मनोवैज्ञानिक एवं वैचारिक उपन्यासकार भएकोले उनी मनोविश्लेषण र विचार प्रस्तुति पात्र वा चरित्रका माध्यमले गर्छन् । कोइरालाले नै **नरेन्द्रदाइ**लाई एक पुरुष चरित्र प्रधान उपन्यास हो भनेका छन् तर यस उपन्यासमा नारीपात्रको पनि प्रमुखता भेटिन्छ । यस उपन्यासमा एक दर्जन पनि नभएर चार पाँच पात्रहरू मात्र सक्रिय छन् । त्यसैले धेरै पात्रहरूको सफल प्रयोग भएको उपन्यास नरेन्द्रदाइलाई मान्न सकिन्छ । यथार्थ घटनामा आधारित उपन्यास भएकोले उपन्यासमा प्रयोग गरेका पात्रहरू उनले नजिकैबाट देखेका र भोगेका छन् ।

कोइरालाको उपन्यासको लक्ष्य कुनै खास परिस्थिति र मनस्थितिमा उभिएका पात्रहरूको व्यवहारको मुल्यांकन गर्नु रहेको छ । पात्रहरू विभिन्न आवेग, कुण्ठा, विक्षिप्तता, मनोरोग आदिले ग्रस्त छन् । नेपाली हिन्दू समाज अनुकूलका गौरी जस्ता आदर्श अनि नेपाली समाजमा परम्परागत विचार लाद्न चाहने , रुढिग्रस्त, सामन्ति,ढोंगी नरेन्द्र जस्ता दुवै खालका पात्र यस उपन्यासमा छन् । बौद्धिक स्तरका पात्रको चयनमा रुचि राख्ने कोइरालाले यस उपन्यासमा बौद्धिक सामान्य र निम्न बौद्धिक पात्रहरूको प्रयोग गरेका छन् । उपन्यासमा नरेन्द्र, गौरी र मुनरियाको जीवनमा अस्तित्व, नियति, संश्लिष्ट विसङ्गतिको सङ्केत देख्ने पात्रको रूपमा सानोबाबु सक्रिय छन् ।

**नरेन्द्रदाइ** उपन्यासमा मनोविश्लेषणात्मक रूपमा पात्रको चरित्रचित्रण गर्ने क्रममा पात्रद्वारा स्वयं आफ्नो र अरु कुनै पात्रको त्यस्तै उपन्यासकारद्वारा पात्रका बारेमा वर्णन गरी

चरित्रको चित्रण गरिएको छ । व्यक्तिवादी एवं चरित्रप्रधान उपन्यासकार कोइरालाले चरित्रचित्रणको प्रस्तुतिमा अन्तर्द्वन्दको चित्रण,कुण्ठाको चित्रण,आत्मपीडनको चिन्तन,आदिको प्रयोग गरेका छन् । संक्षेपमा भन्ने हो भने **नरेन्द्रदाइ** उपन्यासमा लेखकद्वारा पात्रका बारे स्पष्ट गर्दै वर्णनात्मक र स्वयं कृतिका पात्रहरूको संवादको माध्यमले चरित्रका बारेमा जानकारी मिल्ने नाटकिय पद्धतिको प्रयोग गरिएको छ । यसरी विविध पात्रहरूको कलात्मक संयोजन भएको **नरेन्द्रदाइ** उपन्यासमा नरेन्द्र,गौरी र मुनरिया प्रमुख पात्रहरू हुन् ।

सहायक पात्रहरू सानोबाबु, सान्नानी, फगुनी, रम्पियरी, महारानीदिदी, जुन्टुनानी, कप्तान्नी, आमा, हुन् भने गौण पात्रहरु भान्छे बाहुनी, नजरियाकी दुलही, फुपू आदि हुन् । नरेन्द्रदाइ प्रमुख पुरुष पात्र र अन्य सहायक र गौण पुरुष पात्रहरू दीनानाथ, गाडीवान, भटना, लखनमडरको छोरो, मिट्ठा, बाबु साहेव, पिताजी, भान्दाइ, कप्तानबा, लछमनिया, सार्की, मुनरियाको बाबु, मुनरियाको दुलहा, फुपूका छोराहरू, भतिजाहरू, लेलाहा, जैाहरी, बयलवान, डाक्टर, दिवानजी, भैस्वार, काका आदि हुन् ।

## ४.१.२ चरित्र वर्गीकरणका आधार

उपन्यासका सबै पात्रहरू बेग्ला बेल्लै वर्ग वा व्यक्तिका अलग अलग प्रतिनिधि बनेको हुँदा उपन्यासमा प्रयुक्त एक पात्र अर्को पात्रदेखि चरित्रगत रूपमा भिन्न देखा पर्दछ , यस अवस्थामा पात्रको चारित्रिक विशेषता के हो भन्ने प्रसङ्गमा नै पात्रको चरित्रगत वर्गीकरण गर्नु आवश्यक पर्दछ । औपन्यासिक पात्रको चरित्र वर्गीकरण र विश्लेषणमा विविध आधार पद्धतिहरू भए पनि मूल रूपमा औपन्यासिक भूमिकासँग सम्बन्धित लिङ्ग, कार्य, स्वभाव, प्रवृत्ति, आसन्नता आबद्धता आदि नै प्रमुख आधारहरू हुन् ।

**नरेन्द्रदाइ** उपन्यासमा प्रयुक्त औपन्यासिक पात्रहरूको खास चरित्र - विश्लेषण गर्नु पर्दा निम्न लिखित आधारहरू नै मूल मान्न सकिन्छ ।

### ४.१.२.१ लिङ्गका आधारमा पात्रविधान

पात्रको प्राकृतिक रूपमा नै भिन्नता छुट्याउने तत्व लिङ्ग हो । लिङ्गका आधारमा पात्रहरू स्त्री र पुरुष गरी दुई प्रकारका हुन्छन् । यसै आधारमा नरेन्द्र दाइ उपन्यासमा प्रयुक्त पात्रलाई पनि स्त्री र पुरूष गरी दुई भागमा बर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ ।कोइरालाको नरेन्द्र दाइ उपन्यासमा भाले जाति बुझाउने वा पुरुषपात्र अन्तरगत नरेन्द्र दाइ, सानोबाबु, कप्तान बा, लेलैया, मुनरियाको बाबु, भान्दाइ,पिता जी , आदि रहेका छन् । त्यस्तै प्रस्तुत उपन्यासमा स्त्रीपात्र अन्तरगत गौरी, मुनरिया, सान्नानी, जुन्टुनानी, रमपियारी,फगुनी, कप्तानी आमा, सानी आमा फुपू आदि रहेका छन् ।

### ४.१.२.२ भूमिका वा कार्यका आधारमा

उपन्यासमा देखा परेका सबै पात्रहरूको बराबरी भूमिका हुदैन । कुनै पात्रले महत्वपूर्ण भूमिका कुनै पात्रले सहायक भूमिका र कसैले गौण भूमिका निर्वाह गरेको हुन्छ । यसरी उपन्यासमा सुरुदेखि अन्त्यसम्म उपस्थित रहेका र सबै कृतिगत भूमिका निर्वाह गर्ने पात्रलाई मूल पात्र मान्न सकिन्छ । वास्तवमा मूल पात्रले नै उपन्यासको घटना सञ्चालन गरेको हुन्छ र औपन्यासिक कथानकको मूल प्रवाहमा पनि यिनै श्रेणीका पात्रको भूमिका प्रभावकारी रहेको हुन्छ । मूलपात्रको भन्दा केही कम औपन्यासिक भूमिका वा कार्य भएका पात्रलाई सहायक पात्रको श्रेणीमा राखेर हेर्न सकिन्छ । यस्ता पात्रहरूले मूलपात्रको चारित्रिक विकास र मूल घटनामा सहायक भूमिका निर्वाह गरेका हुन्छन् । सहायक पात्रको औपन्यासिक कार्य भन्दा कम वाअत्यन्तै न्यून भूमिका भएको पात्रलाई गौण पात्रको रूपमा हेर्न सकिन्छ । यी पात्रहरू उपन्यासमा एकछिन आउने, जाने र हराउने खालका हुन्छन् । यसरी औपन्यासिक भूमिका वा कार्यका आधारमा पात्रहरूलाई मूलपात्र, सहायक पात्र र गौण पात्र गरी छुट्याएर हेर्न सकिन्छ ।

कार्यका आधारमा **नरेन्द्रदाइ** उपन्यासमा नरेन्द्र, गौरी र मुनरिया प्रमुख पात्रहरू हुन् भने सान्नानी कप्तान्नी आमा, सानी आमा, महारानी दिदी, जुन्टुनानी आदि गौण पात्र हुन् । यस उपन्यासमा गौरीको जीवन चर्चाबाट सुरु भई गौरीप्रति आफ्नो पति नरेन्द्रद्वारा अपहेलना, तिरस्कार, घृणा सहन सक्ने एउटा सहनशिल नारीको रुपमा प्रस्तुत गरीएको छ । मुनरियालाई

सौताको रूपमा स्वीकार्न सक्ने सफल पत्नी, समाजको मर्यादामा सधैँ अडिग रहने आदर्श नारीको अन्त्यमा मृत्यु भएपछि नै यस उपन्यासको कथा टुङ्गिएको छ । त्यस्तै गरी यस उपन्यासमा मुनरियाको भूमिका पनि महत्वपूर्ण मानिन्छ । उनी नरेन्द्रको घरमा नोकर्नी भए पनि नरेन्द्रको चाहना अनुसार प्रेमीका, असफल पत्नीत्व समेत निर्वाह गरेकी छन् । अन्य सहायक वा गौण पात्रहरूले उपन्यासको प्रमुख पात्रको चारित्रिक विकास र कथानकको घटनालाई अघि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

### ४.१.२.३ स्वभावका आधारमा

औपन्यासिक पात्रहरूको चरित्र पनि समाजमा रहने पात्रहरूको झैं परिस्थितिअनुसार परिवर्तन हुने नहुने खालका हुन्छन् । उपन्यासमा जुन पात्र परिस्थिति अनुसार परिवर्तन हुन्छ । त्यस्ता पात्रको जीवनशैली, विचारधारा र स्वभावमा समेत परिवर्तन देखा पर्दछ, अनि त्यस्ता पात्रलाई उपन्यासमा स्वभावगत दृष्टिले परिवर्तनशील अथवा गतिशील पात्र भन्दछन् । तर कतिपय पात्रहरू उपन्यासमा शुरुदेखि अन्तसम्म उही र उस्तै जीवनशैली अपनाएर एउटै विचारधारामा बग्ने र जस्तै परिस्थितिमा पनि स्वभावमा परिवर्तन नदेखिने खालका हुन्छन् भने त्यस्ता पात्रलाई अपरिवर्तनशील वा गतिहीन वा स्थिर स्वभावका पात्र भन्दछन् । मूलतः उपन्यासमा यिनै दुई थरीका स्वभाव भएका पात्रहरू प्रयुक्त हुन्छन् ।

**नरेन्द्रदाइ** उपन्यासमा प्रयुक्त  स्वभावको आधारमा गौरी, कप्तान्नी आमा, सानी आमा, जुन्टुनानी, फगुनी गतिहीन पात्रहरू हुन् भने नरेन्द्र, मुनरिया, सान्नानी गतिशील पात्रको रूपमा देखा पर्दछन् । उपन्यासमा गौरीले जतिसुकै घृणा, पीडा, तिरस्कार अपहेलना, सौतालाई स्वीकार गर्नु परे पनि आफ्नो पति नरेन्द्रप्रतिको पतिभक्ति, पारीवारीक सम्बन्ध, समाजप्रतिको मर्यादा, पतिवरणमा सधैँ उही विचार वा स्वभाव देखिन्छ । कप्तान्नी आमा आफ्नो छोराको व्यवहारमा पनि आक्रोस, बुहारी प्रतिको माया र विश्वास सधैँ देखिन्छ । त्यस्तैगरी मुनरिया र सान्नानी गतिशील पात्रहरू हुन् । यहाँ मुनरिया नरेन्द्रको घरमा नोकर्नी भई बस्नु, फेरि नरेन्द्रकै प्रेमिका, पत्नी, भारतमा रसिक मण्डलीसँगको सम्बन्ध, सानोबाबुलाई भेट गर्दा गौरी नरेन्द्र प्रतिको सद्भाव, आस्था देखाउनु आदि जस्ता परिस्थितिले जता डोऱ्याउँछ त्यही व्यवहार गरेकी छन् । सान्नानीमा पनि गतिशील स्वभाव देखिन्छ ।

### ४.१.२.४ प्रवृत्तिका आधारमा

उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्रमा सकारात्मक गुण र नकारात्मक गुण दुवै पाइन्छ । यिनै गुणलाई चरित्रगत प्रवृत्ति पनि भन्दछन् र प्रवृत्तिकै आधारमा औपन्यासिक पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई प्रवृत्तिका हुन्छन् । उपन्यासमा सकारात्मक कार्य गर्ने पात्रहरू अनुकुल प्रवृत्तिका हुन्छन् भने नकारात्मक कार्य गर्ने पात्रहरू चाहि प्रतिकूल प्रवृत्तिका हुन्छन् ।

**नरेन्द्रदाइ** उपन्यासमा प्रयुक्त पात्रहरु मध्ये प्रवृत्तिको आधारमा  नरेन्द्र ,गौरी, सान्नानी, कप्तान्नी आमा, सानी आमा, फगुनी, फुपू अनुकूल पात्रहरू हुन् भने मुनरिया, जुन्टुनानी प्रतिकूल पात्रहरू हनु । उपन्यासमा गौरी सधैं सत्कार्य, पतिव्रता, पारिवारीक, सामाजिक प्रतिष्ठा भएकी, सत्पात्र हुन् । उनको जीवनको सकारात्मक पक्षमा सान्नानी, कप्तान्नी आमा, सानी आमा, फगुनी, फुपूले सधैं साथ दिन्छन् । यही क्रममा नरेन्द्र र कप्तान्नी आमाबीच भनाभन भएको, सान्नानीले दाजुको कुव्यवहारको आलोचना गरेको र अरु पात्रहरूले नरेन्द्रको नकारात्मक पक्षमा कुरा काटेको नरन्द्रको दुर्व्यवहारमा पिल्सिएको गौरी माथि सहानुभूति प्रकट गरेका छन् । यस उपन्यासका मुनरिया जुन्टुनानी प्रतिकूल पात्र हुन् । नरेन्द्रको विवाहित श्रीमती गौरी भएको थाहा पाएर पनि नरेन्द्रसँग लहसिनु, भागेर घर छोड्नु, रसिक मण्डलीका कार्यकर्तासँग लाग्नु, ब्यापारीसंग विवाह गर्नु र जुन्टुनानीले गौरीको शारिरिक आकर्षणको कमीले नरेन्द्र उ प्रति विकर्षित हुनु स्वभाविक भएको कुरा गर्नु, मुनरियाको प्रशंसा गर्नु आदि प्रतिकूल स्वभाव देखाएका छन् ।

### ४.१.२.५ आसन्नताका आधारमा

उपन्यासमा अधिकांश पात्रहरू उपस्थित र चित्रित हुन्छन् भने कतिपय पात्रहरू  चर्चित वा वर्णित मात्र हुन्छन् । औपन्यासिक कथानकमा हुने पात्रको उपस्थितिलाई नै औपन्यासिक पात्रको आसन्नता भन्दछन् । यो आसन्नतालाई पनि दुई आधारमा विभाजित गर्न सकिन्छ जसमा मञ्चीय र नेपथ्य पात्र नै आसन्नतागत रूपमा देखा परेका दुई वर्गका पात्रहरू हुन् । मञ्चीय पात्रहरू स्वयं उपस्थित भई औपन्यासिक कार्य गर्दछन् र ती पात्रहरूको वर्तमानको प्रतिनिधित्व पनि गर्दछन् । नेपथ्यीय पात्रहरू चाहि संस्मरणमा आएका हुन्छन् र उपन्यासमा

तिनीहरूको उपस्थिति नभएर केवल वर्णन वा चर्चा मात्र भएको हुन्छन् । यस्ता पात्रहरूले अतितकालको सङ्केत दिन्छन् ।

**नरेन्द्रदाइ** उपन्यासमा प्रयुक्त पात्रहरूमा नरेन्द्र, सानोबाबु, गौरी, मुनरिया, कप्तान्नी, आमा, सान्नानी, जुन्टुनानी, फगुनी आदि मञ्चीय पात्रहरू हुन् । यिनीहरूको प्रत्यक्ष उपस्थिती भएर उपन्यासमा क्रियाकलाप भनाभन, हिड्ने, पकाउने, भाग्ने, चिठी लेख्ने आदि क्रियाकलाप गरेका छन् । यसरी नै उपन्यासमा कथयिताले नामोच्चारण मात्र गरेको सानोबाबुकी फुपू नेपथ्यीय पात्र हुन् । यहाँ सानोबाबुकी फुपूको कुनै प्रत्यक्ष उपस्थिती पाइँदैन ।

### ४.१.२.६ आबद्धताका आधारमा

उपन्यासमा पात्रहरूको मूल औपन्यासिक कार्य व्यापारसँग के - कस्तो सम्बन्ध छ कुरा देखाउनलाई पात्रगत आबद्धता को उल्लेख गर्नु आवश्यक छ । उपन्यासमा प्रयुक्त मञ्चीय पात्रहरू उपन्यासको कार्यसँग सोझैं बाँधिएको हुँदा त्यस्ता पात्रहरूको सार्थकता झल्काउनको लागि उसको बद्धता के - कस्तो छ भन्ने कुरो हेर्नु पर्ने हुन्छ । यस आधारमा पात्रहरूको औपन्यासिक कथानकसँगको बद्धता र मुक्ततालाई छुट्याएर हेर्न सकिन्छ । मूल औपचारिक कथानक वा कार्यव्यापारसँग बद्ध पात्रहरूलाई उपन्यासबाट झिक्न मिल्दैन । यदि त्यस्ता पात्रहरूलाई झिकेमा उपन्यासको संरचना नै खल्बलिन्छ वा त्यसमा ह्रास आउन सक्छ तर मुक्त पात्रहरूलाई झिक्दा वा राख्दा त्यस्तो कुनै पनि ह्रास भने आउँदैन ।

**नरेन्द्रदाइ** उपन्यासमा नरेन्द्र, सानोबाबु, गौरी, मुनरिया, कप्तान्नी आमा बद्ध पात्रहरू हुन् भने अन्य सान्नानी, महारानी, दिदी, जुन्टुनानी, सानीआमा, फगुनी आदि मुक्त पात्रहरू हुन् ।

उपयुक्त वर्गीकरणका आधारबाहेक परीबेशका आधारमा सहरिया, गाउँले, विचारधारका आधारमा आदर्शवादी, यथार्थवादी, राष्ट्रवादी अनि अन्तर्मुखी, बहिर्मुखी पात्र भनी पात्रहरूलाई वर्गीकरण गर्ने चलन रहेको छ । यसरी हेर्दा नरेन्द्रमा शरुमा सामन्ति सोंच र चिन्तनबाट ग्रसित ढोंगी, नारीलाई कामबासनाको रुपमा मात्र हेर्ने संकीर्ण प्रवृत्ति देखिन्छ । गौरीमा आदर्श, यथार्थ, अन्तर्मुखी सबै प्रवृत्ति भेटिन्छ भने मुनरियामा यथार्थवादी र बहिर्मुखी प्रवृत्ति पाइन्छ ।

### ४.१.३ नरेन्द्रदाइ उपन्यासका पात्रहरुको औपन्यासिक भूमिकाको आधारमा वर्गीकरण

| क.सं. | पात्रको नाम | मूलपात्रको श्रेणी | सहायक पात्रको श्रेणी | गौण पात्रको श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १. | नरेन्द्र | | – | | |
| २ | गौरी | | - | | |
| ३ | मुनरिया | | - | | |
| ४ | सानोबाबु | | | | |
| ५ | सान्नानी | - | | | |
| ६ | फगुनी | - | - | | |
| ७ | रम्पियरी | - | - | | |
| ८ | महारानी दिदी | - | | | |
| ८ | जुन्टुनानी | - | | | |
| ९ | कप्तान्नी आमा | - | | | |
| | कप्तान बा | | | | |
| ९ | बाहुनी बज्यै | - | - | | |
| १० | नजरियाकीदुलही | - | - | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | फुपू | - | - | | |
| १२. | सानी आमा | - | | | |
| १३. | परेमा | - | - | - | |
| १४ | ऋामा | - | | - | |
| १५ | काकीहरू | - | - | | |
| १६ | जी आमा | - | - | | |
| १७ | काशी नोकर्नी | - | - | | |

## ४.१.४ नरेन्द्रदाइ उपन्यासका पात्रहरूको तालिकागत चरित्र वर्गीकरण

| क.सं. | नाम | भूमिका | | स्वभाव | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कृतिगत | पारिवारीक | गतिशील | गतिहीन | अनुकुल | चर्चित | मुक्त | बद्ध |
| १ | नरेन्द्र | | – | | – | | – | – | |
| २ | गौरी | | - | | - | | - | - | |
| ३ | मुनरिया | | - | | - | | | – | |
| ४ | सान्नानी | - | | - | | | - | - | - |
| ५ | सानोबाबु | | – | | – | | – | – | |
| ६ | फगुनी | | | - | | | - | - | - |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | रम्पियरी | | - | | | - | | - | |
| ८ | महारानी दिदी | - | | - | | | - | - | |
| ९ | काप्नानी आमा | - | | - | | | - | - | |
| १० | बाहुनी बजै | - | | - | | | - | - | - |
| ११ | जुन्टुनानी | - | | - | | - | | - | |
| १२ | नजरियाकी दुलही | | - | - | | | | | - |
| १३ | फुपू | - | | - | | | - | | - |
| १४ | सानीआमा | | - | - | | | - | - | |
| १५ | भान्दाइ | - | | | | | | | ✓ |
| १६ | लेलैया | - | | | | | | | |

## ४.१.५ नरेन्द्रदाइ उपन्यासका प्रयुक्त पात्रहरूको चरित्र विश्लेषण

### (क) **गौरी**

**नरेन्द्रदाइ** उपन्यासमा प्रमुख नायिकाको रूपमा गौरीको उल्लेखनीय भूमिका पाइन्छ । गौरी नरेन्द्रकी विवाहित पत्नी हो । उसको परिवारमा आदर्श बुहारी र आदर्श पत्नीले भूमिका रहेको छ । गौरी सानैमा पत्नीको रूपमा पराइघरमा भित्रिएकी थिई । विवाह गर्दा १५/१६ वर्षकी बालिका जस्ती देखिन्छ । उनमा शारीरिक अङ्ग विकासको अभाव मानसिक रूपमा नरेन्द्रको चाहना भन्दा टाढा रहेकी गौरी नरेन्द्रको पत्नी स्वीकार्य नभएर सधैं अपहेलित रहेको देखिन्छ ।

गौरी नरेन्द्रको परिवारमा आदर्श बुहारीको रूपमा उपन्यासको सुरुदेखि अन्त्यसम्म सक्रिय रहेकी छन् । उनी सधैं घरमा सफा सुग्घर हुने, सासु ससुरा, ठूला अभिभावक प्रति सेवा,

मानसम्मानमा तत्परता देखिन्छ । उनको नरम स्वभाव, मिलनसार, नारीको कोमलता र देवर नन्द तथा साना बालबालिकालाई खुब माया गरेको पाइन्छ् । उनको असल बुहारीको भूमिकाबाट परिवारका सबै सदस्य समाजका सबै व्यक्तिहरू प्रभावित छन् । उनको स्वयं पति नरेन्द्रद्वारा अपहेलित तिरस्कार भएको देखेर उनीप्रति सबै जना नै सहानुभूति प्रकट गर्दछन्  तर नरेन्द्रको आँखामा सधैं घृणा, तिरस्कारको सिकार बनेकी छन् । जुन्टुनानीले भनेको कुरामा गौरीले स्वीकार गरेकी छ । जुनकुरा गौरीले मुनरियालाई भगाउने समयमा नरेन्द्रलाई लेखेको पत्रमा उल्लेख गरेबाट प्रष्ट हुन्छ । यसको कारण गौरीको अशिक्षा र उसको अपरिपक्व शरिर देखिन्छ । गौरी उज्याली लोग्ने मानिसको जस्तो चौडा निधार, आँखा धेरै ठूला तर उनको सानो अनुहारलाई नसुहाउने, अनुहार डल्लो बान्की नपरेको नाक, होचो कद, हिस्सी परेको तर छाँट नपरेको र लोग्ने मान्छेका लागि आकर्षणहीन शारीरिक बनावट भएकी देखिन्छे  कोइराला २०४९ : १६)।

गौरी नरेन्द्रको आदर्श पत्नीको रूपमा आफ्नो स्थान ओगट्न सफल छन् । नरेन्द्रको व्यथा नरेन्द्र र गौरीबाट व्यापक चर्चा परिचर्चा हुन्छ । गौरीका बाहिरी बनावट जस्तो भएता पनि आन्तरिक बनावट उसको सारै सालीन र कुलीन छ । यस्ती साधु प्रकृतिकी गौरी सधैं सफा चिटिक्क परेर सिंगारिएर बस्छे । घर, कोठा, लिपपोत गरी ओछ्यानलाई सेतो च्यादरले छोपेर आकर्षण बनाएर राख्छे । उपन्यासकार गौरीको शरीर र वस्त्राभूषणको वर्णन गर्दै भन्छन् - 'कपाल चिल्लो पारेर टम्म कोरेकी सिउँदोमा सिन्दुरको गाढा रेखा स्निग्ध गोरो फराकिलो निधारमा एउटा ठुलो पीत चन्दनको टीका, फस्टाउन नसकेको बालिका शरीरमा साना - साना काला बुट्टा भएको छिटको टम्म परेको चोलो, हरियो सारी, गोडामा कल्ली र छातीमा सानो तिलहरी भएको पोतेको मोटो माला । उनका गोडा चिल्ला र साना (कोइराला २०४९:१८) त्यस्ती थिई गौरी । जहाँ गौरीको उपस्थिति हुन्थ्यो त्यहाँ नरेन्द्रको उपस्थिति हुदैनथ्यो । धेरै पटक आमा, बा, काका, भान्दाइ, बाबुसाहेबले नरेन्द्र र गौरीको मेल गराउने प्रयास गरे तर सुहागरातबाटै अविकसित शरीरबाट बिच्किएको नरेन्द्र झन् टाढा हुन्थ्यो । गौरीले नरेन्द्रलाई आकर्षित गर्न पढ्न थाली तर नरेन्द्र भन्थ्यो मेरा लागि ऊ छदैं छैन । यो सत्यलाई तपाईहरूले बुझी दिनुपर्‍यो र अबदेखि यस सम्बन्धमा कुनै कुरा नउठोस्  (कोइराला २०४९:११) । यसरी गौरीलाई आफ्नो कमजोरी थाहा हुन्छ र मीठो- मीठो खाएर आफ्नो

शरीरलाई विकसित पर्ने कोसिस गर्छे तर ती सब व्यर्थ हुन्छन् । त्यसैले नरेन्द्रले यौन सन्तुष्ट लिन नसकेर परिपुष्ट र आकर्षक मुनरियासँग आकर्षित हुन्छ । नरेन्द्रले गौरीप्रतिको दुर्व्यवहारका कारण घरमा बुवा आमासँग पनि भनाभन हुन्छ र उसले गौरीलाई त्यागिदिन्छ ।

नरेन्द्रबाट तिरस्कृत गौरी आदर्श हिन्दु नारीका धरोहर भएको चरित्र देखिन्छ । आफ्नो पतिले आफूलाई जतिसुकै तिरस्कार गरेपनि ऊ पतिलाई जीवन पर्यन्त मायाँ गरिरहन्छे । आफ्नो जीवनमा भाग्यलाई विश्वास गरेर सहनशील रूपमा देखिन्छे । नरेन्द्रलाई प्रेम प्रकट गराउन सानोबाबुलाई  सुपारी पठाउँछे तर नरेन्द्र अस्वीकार गर्छ । गौरीलाई अस्वीकार गरेको खबरले सानोबाबुलाई म्वाईं खान्छे रुन्छे । यसमा उनको यौनेच्छा अतृप्त भएकोले सानोबाबुलाई नै स्पर्श मार्फत अतृप्त चाहना पुरा गरेको जस्ता परिवेश उपन्यासमा देखाइएको छ ।गौरीमा हिनता, निराशा, कुण्ठा,यौन ग्रन्थि आदिको विकास हुन्छ । स्वपीडनको प्रवृत्ति उसमा विकसित हुन्छ । यी अनेक मनोवेगको गमनका लागि गौरी वर्जित नभई एक निर्दोष उपायको अवलम्बन गर्छे ।

कृष्णको मूर्तिको उपासना, सानुबाबुसित अँगालो मार्नु, चुम्बन गर्नु यस्तै उपाय हुन् (कोइराला २०४९: २३) । अन्ततः नरेन्द्रले गौरीलाई छाडी मुनरियालाई लिएर घर छाड्ने निर्णय लियो तर गौरीले नरेन्द्रको खुशीका लागि मुनरियालाई सौताका रूपमा स्वीकार्छे । अनि गौरी उसलाई रोक्ने प्रयासमा लागी । उसको प्रिय देवर सानुबाबुको सहयोग लिई । उसलाई थाहा थियो कि कसैले नरेन्द्रलाई रोक्न सक्छ भने मुनरियाले सक्थी । तसर्थ सनोबाबुका साथ गौरी मुनरियाको घरतर्फ लाग्छे । मुनरियालाई भेटिदैन । गौरी एउटा पत्र सानोबाबुलाई नरेन्द्रलाई दिनु भनी दिन्छे । सानोबाबुले त्यो पत्र नरेन्द्रलाई नदिई आफै हेर्छ । जुन पत्रमा थियो -'प्राणधार मेरो के दोष छ र यसरी म प्रेम पाउने अधिकारबाट वञ्चित  भएँ, सेवा गर्ने अधिकार पनि मबाट खोसियो.?........हजुरका श्रीचरण सेवा गर्न पाऊँ । .........मुनरियालाई आज बैनीका पदमा स्थापित गरेर उसको पनि सहायता लिने प्रयास गर्छु । .........हजुरलाई यस घरमा थाम्ने प्रयासमा यो चिठी पठाउँदैछु (कोइराला २०४९:४५) । गौरी सधै तिरस्कार अपहेलना, अपमान मात्र पाएर पनि गौरीले नोकर्नीसित प्रेम गरी अनैतिक सम्बन्ध राख्ने पतिलाई देवता मानी श्रद्धाले पूजा गरेकी छ । सधैं सेवारत रहन पाउने आग्रह गरेकी छ । यसबाट गौरी नरेन्द्रकी

चरणको दासी भएर बुहारी पत्नी आदिको कर्तव्य पालना गर्दै अस्तित्वहीन जीवन बिताउने, दाम्पत्य जीवनको सुख नपाएकी, दुःख, निराशा, एक्लोपन, लाञ्छना र आत्मपीडन सिवाय केही नभएकी (शर्मा १९९२: १४४) चरित्रको रूपमा देखा पर्छे । अर्कोतर्फ गौरी उदार, ईर्श्याहीन, पतिपरायणा, आदर्श नारीको रूपमा चिनिन्छे । गौरीले आफ्नो मानसिक पीडालाई आफूभित्रै लुकाउने र कुण्ठित जीवन बिताउन विवश छ ।

नरेन्द्रको र मुनरियाको गृहत्यागपछि सानोबाबु पनि बनारस पढ्न जान्छ । उसको त्यहाँ मुनरियासित भेट हुन्छ र सानोबाबुलाई मुनरिया गौरीलाई पत्र लेख्न अनुरोध गर्छे । गौरी प्रत्युत्तरमा सानोबाबुलाई धेरै पत्र लेख्छे । यिनै पत्रले उपन्यासको कथावस्तु अगाडि बढछ । नरेन्द्र क्षयरोगग्रस्त भएर घर फर्किएपछि गौरीका जीवनमा अचानक खुशीका दिनहरू आउँछन् । कोशीको बाढीले गाउँघरमा धेरै परिवर्तन आउँदा पनि गौरीले एक्लै घर रुगँर बसी । नरेन्द्रको सेवा गरेर दिन बिताउन थाली । केही समयपछि गौरीमा विक्षिप्तता देखा पर्छ । नरेन्द्र अनेक किसिमका अस्वभाविक कार्य गर्दथ्यो, निर्दोष चराहरू मार्दथ्यो । नरेन्द्रका यी कार्यको गौरी कुनै विरोध गर्दैनथी । यसै समयदेखी गौरीले कहिल्यै मासु नखाने भए पनि खान थाली । रोगग्रस्त पतिले एक पटक प्रेम दिएपछि गौरी प्रेमले पूर्ण रूपमा भरिन्छे । पतिको मृत्युपछि पनि गौरी सधवाको आचरण गर्छे । आफ्नो पतिको प्रेम खोसुवा मुनरिया प्रति आभार प्रकट गर्छे । अतः गौरीको चरित्रमा विचित्रता भेटिन्छ ।

गौरीको चरित्र निर्दोष छ उनीलाई नियतिले आफ्नो मुठ्ठीमा कसेको छ । उनले चाहेर पनि आफ्नो इच्छालाई दबाएर बदल्न बाध्य छ । त्यसैले गौरीको चरित्रलाई नियतिले निर्देश गरेको छ । सानोबाबुलाई पत्रमा लेख्छे -'मेरो प्यारो देवर नियतिको अगम्य चाला छ' । हामी दुःख सुख भोग गर्छौं । केही नबुझेर, क्षण-क्षणमा मात्र जिवित रहेर, त्यसैले लाग्छ, कत्रा असहनीय दुःखी क्षण छन् हाम्रा । सुख पनि त्यस्तो प्रचण्ड अग्निशिखा हो जसले क्षण भरिमै जीवनका यावत दुःखलाई पेलेर समाप्त गरिदिन्छ । त्यस शिखाको एक स्पर्शले मात्र पनि मानिस सार्थक हुन्छ । त्यही त हो नि मोक्ष (कोइराला २०४९:७०) । माथिको अभिव्यक्तिले दुःख सुखप्रति गौरीको चिन्तन देखाउँछ , नियतिवादी चरित्रलाई प्रष्ट्याउँछ । गौरीका चिठी एकपछि अर्को असामान्य हुँदै जान्छ । स्तरीय भाषामा सुन्दर पत्र लेख्ने गौरी आफ्नो पति रगत छादेर मर्न लाग्दा पनि

मलाई असल छ, खुब रमाइलो छ नरेन्द्र मलाई खुब माया गर्छन् भन्ने विचार लेख्छे । यसैबाट गौरी के राम्रो के नराम्रो भन्ने नै छुट्याउन नसक्ने अवस्थामा पुगेको कुरा स्पष्ट हुन्छ । लामो समयदेखि दुःखी नीरष, नरमाइलो जीवन बिताएकी गौरी अचानक नचिताएको कुरा पाएकोले खुशीले पागल भएकी भन्न सकिन्छ । मानिस चाहे सुख होस वा दुःख सीमाभन्दा पर पुगेपछि पागल हुन्छ भन्ने कुरा गौरीको जीवनमा घटेका परिघटनाहरुबाट बुझ्न सकिन्छ । मनोरोगी पात्र गौरीमा फ्रायडले भनेझैं अवचेतनमा दबिएर बसेका विचारहरू नै अनेकौ इच्छा, आकाङ्क्षा थिए ती अवचेतनामा लगाइएका पर्खाल भत्कँदा नग्न रूपमा प्रकट हुन लागेको स्थिति उपन्यासमा देखिन्छ । अस्तित्ववादी विर्सगतिवादी कोणबाट हेर्दा गौरीको कुनै अस्तित्व देखिन्छ । उसको अस्तित्व नै नरेन्द्र हो । गौरी अर्की सौता भगाएर लैजाने पतिलाई देवता मानेर पुजा गरेर बसेकी छ । उसका लागि पति सेवा पतिभक्ति र प्रेम एउटै कुरा हुन् (शर्मा १९९२:५३) । गौरीको जीवनबाट विसङ्गतिको स्पष्ट बोध हुन्छ । गौरी यौवन अवस्थामा विवाहित पतिबाट उपेक्षित छ । उसको जीवन ज्यादै शुष्क छ । दुःखमय दिनहरू बिताउँदा बिताउँदै केही समयका लागि रोगी पति प्राप्त भए पनि गौरीको जीवनमा कुनै तारतम्य छैन । विवश गौरीका जीवन शुन्यमा बिलाएको छ । कोशीको बालुवा हावाले उडाए झै गौरीको जीवन बिलाउँछ । गौरीले आफ्नो जीवन यात्रामा कैयौँ हण्डर खपी, पति पछि खुशी भई, पागल भई, भू-कम्पको मारमा पर्नुपर्‍यो । यो कस्तो विसङ्गति गौरीको जीवनमा ? तसर्थ गौरीको जीवन उपन्यासमा विसङ्गत छ ।

गौरीले आफ्नो जीवनमा जस्तोसुकै समस्या भोग्नु परे पनि दाम्पत्य पारिवारिक मर्यादा राख्नु गौरीको चारित्रिक विशष्टिता हो । गौरी, यौन कुण्ठा ग्रस्त नियतिवादी विसङ्गत चरित्र हो । अर्काको दोषलाई दोष नमान्ने आत्मपीडक चरित्र गौरी हो । यस अघिका कोइराला उपन्यासमा नदेखिएकी आदर्श हिन्दुनारीको प्रतिनिधि पात्र गौरी देखिएकी छ । ईर्ष्याहीन गौरी उदारता र आत्मिक प्रेमकी प्रतिमूर्ति पनि हो । यौनका दृष्टिले शारीरिक विकास नभएकाले गौरीले परित्यत्ता र यौन कुण्ठा ग्रस्त हुनु परेको छ । नारीका तीनवटा रूपहरू मध्ये मातृत्वको तीव्र इच्छा गौरीमा भेटिन्छ । नारी कोमलता उसमा भरपुर छ । आफूलाई सामाजिक मर्यादामा ढाल्ने खुबी उसमा छ । पाठक सानोबाबु लगायत सबैको सहानुभुति पाउने पात्र गौरी हो । मुनरियाको दृष्टिमा गौरी मानवीय रूपबाट देवीको स्थानमा पुगेकी छ । संगतिमा रुचि राख्ने

गौरी सहिष्णुता, धैर्य, सेवा जस्ता गुणले युक्त छ । आन्तरिक तृतीय पुरुष दृष्टिबिन्दुकी पात्र गौरी आध्यात्मिक प्रेरणाले निर्देशित छ । उसको चरित्र केही रहस्यमय र जटिल छ । कोइरालाका आफ्ना विचारहरूको बाहक गौरी यथार्थ पात्र हो । उपन्यासको भोक्ता पात्र गौरी र नरेन्द्रकै जीवन वृत्तमा उपन्यास संरचित हुनाले गौरी प्रमुख नारी पात्र हो ।

**(ख) नरेन्द्र दाइ**

सानो बाबुले वर्णन गरे अनुसार नरेन्द्र एक प्रकारको आकर्षण भएको तर रुखो तथा त्रासद व्यक्तित्व हो । उसले केटाकेटीलाई मन पराए पनि केटाकेटीहरु उसलाई देखेर भाग्न खोज्छन् । भारतमा शिक्षा पाएको, गान्धीवादी विचारको पक्षपाति तथा अहंमताको प्रवलता भएको , स्वभिमानी पात्र भएकाले उ आफ्नो निर्णयमा हठी देखिन्छ ।क्रोधलाई छल्न नसक्ने र घमण्डि भएको हुँदा नै उ आफ्नो बाबुलाइ मुख भरी जवाफ दिएर पत्नी नै जिम्मा लगाउँछ र भरिलो जीउकी मुनरिया प्रति आकर्षित हुन्छ अनि विवाहिता लिखुरी गौरीलाई उपेक्षा गर्छ । शारीरिक अतृप्तिले अहंमलाई जिते पछि जिमिदार भए पनि उ नोकर्नीसँग प्रेम गर्न थाल्छ । सामाजिक क्रान्तिको उद्घोष उसले यसरी आफ्नै घरबाट गरेको देखिन्छ । आवेशमा आएर ठाडो र अभद्र व्यवहार गर्न पनि पछि नहट्ने उ आमासँग सिधा सवाल जवाफ गरी घर छाड्ने निर्णय गर्दछ ।

आफ्नो सिद्धान्त छोड्न नचाहने उ मुनरियालाई प्रेमकि देवीका रुपमा स्थापित गर्दछ र निजी सुख प्राप्त गर्नका लागि अरुको दुखको वास्ता गर्नु हँदैन भन्ने स्वार्थको पाठ मुनरियालाई पठाउँछ । गौरीलाई आफूले छोडेपछि अर्को विवाहका लागि उसलाई स्वतन्त्र छाडिदिने नरेन्द्रले गाउँ फर्कदा मुनरियालाई पनि यो अधिकार दिएकोबाट उसको उदारता प्रकट हुन्छ ।अरुलाई दुःख दिएर आफुले सन्तुष्टि प्राप्त गर्ने परपीडन प्रबृत्तिले उसको मनमा घर गरेको देखिन्छ ।आफ्नै दुराचार र अव्यवस्थित विलासले गर्दा क्षयरोगको शिकार भएको उसलाई पछि पहिले सजिलो अवस्थामा त्याग गरेकी पत्नी सामु जान अप्ठेरो लाग्दैन । शारीरिक र आत्मिक प्रेम प्राप्त गर्न सफल भएपछि उ अन्त्यमा शान्त र निर्विकार भएको छ । नरेन्द्र प्रारम्भमा प्रतिकुल चरित्रको भए पनि पछि परिवर्तन भइ अनुकुल भएको छ भन्ने कुरा मुनरियाले सानोवावु सँग व्यक्त गरेको वर्णनबाट थाहा पाउन सकिन्छ ।

नरेन्द्र दाइ यस उपन्यासको केन्द्रिय पात्र र अनुकुल चरित्रको भएकाले नायक हो । उसका केहि क्रियाकलापले तराईको जिमिदारी जीवनको प्रतिनिधित्व गरे पनि उ व्यक्तिगत गुणले थिचिएको व्यक्तिपात्र हो । उसको मनको गाँठो फुकाउन गाह्रो छ भने परिवर्तनका घटना देखाउने हँदा उसको चरित्र परिवर्तनशिल छ, त्यसैले उ गोलो पात्र हो । सामाजिक परिप्रेक्षमा पत्नी त्यागेर हिंडेपनि नियतिले उसको जीवनमा महत्वपूर्ण प्रभाव पारेको पाइन्छ । उच्च कुलिन खानदानमा जन्मेर हुर्केको नरेन्द्र र उसको पारिवारिक परिवेश पनि उच्च बर्गको प्रतिनिधि घटनाहरु बनाएर यस उपन्यासमा प्रस्तुत गरिएको छ । नरेन्द्र एउटा विसंगतिबादि चरित्र बाकेको पात्र हो । उसले आफ्नो उमेर र यौवनमा विवाहिता पत्नीलाई जति घृणा र तिरस्कार गरेता पनि जीवनको अन्त्यमा आफु रोगले ग्रस्त भएर साहाराविहिन भएको अवस्थामा गौरीसँग एकछिन पनि छुट्टिन नसक्ने भएको छ ।

### (ग) मुनरिया

**नरेन्द्रदाइ** उपन्यासको प्रमुख चरित्र नरेन्द्रकी प्रेमिका (उपपत्नी) मुनरिया अर्को नारी पात्र हो । गरिब परिवारमा जन्मेकी मुनरिया सानैदेखि जमिन्दारको घरमा कुचो लगाउने , घर लिप्ने, पानी ल्याउने जस्ता काम गर्छे । रोगी बाबुकी एक मात्र छोरी मुनरियाले बाबुलाई पालेकी छ । मुनरियाको विवाह भइसकेको थियो तर द्विरागमन नभएकाले पिताकै घरमा बसेकी छ । समय क्रमसितै मुनरिया बढ्दै गई । उसको शरीर गौरीको अविकसित शरीरका कारण यौन आवेग भड्किएको नरेन्द्रको लागि लोभ्याउने बन्यो र नरेन्द्र उसलाई प्रेम गर्न थाल्यो । नरेन्द्रको नजरमा सुन्दर तथा आकर्षक जिउडाल भएकी मुनरियासित उसका सम्बन्ध प्रगाढ बन्दै गयो । गरिबी र अभावमा हुर्केकी मुनरियालाई नरेन्द्रले कलकत्ताबाट विभिन्न श्रृङ्गारको सामान ल्याइदिन्थे । घाँस दाउरा जाँदा नरेन्द्र मुनरियासँगे जान थाल्यो । गाउँको खुला वातावरणमा सबैको आँखा छलीछली रमाइलो गर्दै हिड्न थाले । एकदिन मुनरियाले इनारमा सार्कीलाई बाल्टीबाट पानी खान दिई । कप्तान्नी आमाले मुनरियालाई बेस्सरी गाली गरिन् । छोरो नरेन्द्रलाई पनि गाली गरिन् । जति सुकै प्रगतिशील सम्भे पनि नरेन्द्रले मुनरियालाई लिएर घर छाडनु पऱ्यो । नरेन्द्रले मुनरियालाई काठमाडौं, काशी बनारस सबैतिर घुमायो । मुनरिया आफ्नो जीवनले सार्थकता पाएको अनुभव गरी मुनरिया आफ्नो स्त्री-धन प्रेमले नरेन्द्रको शुष्क

जीवनलाई नयाँ जीवन दिएको बताउँछे । कुनै आय आर्जनको बाटो नभए पनि नरेन्द्र र मुनरियाको जीवन केही समय रमाइलोसित बित्यो । सानोबाबुसित भेट भएपछि मुनरियाका जीवनका अतीत र वर्तमानका घटनाहरू अझ खुलस्त हुन्छन् । मुनरियाले सानोबाबुलाई हाल खबर सोध्छे तर सानोबाबु पनि धेरै पहिले घरबाट आएकाले नयाँ समाचार थाहा नभएको बताउँछ । सानोबाबु मुनरियाको शारीरिक रूपमा धेरै परिवर्तन पाउँछ । फाटेको पुरानो सारी लाएकी मुनरियाको जिउडाल यस्तो देखिन्थ्यो "मुनरियाका चञ्चल आँखा झन् चञ्चल भएका छन् र केही कुञ्जित भएका चिल्ला पुष्ट, स्निग्ध, रसयुक्त र झन् राता छन् अनुहारमा पनि झन् एकदम स्निग्धमा थियो र केशमा पर्याप्त तेल लगाएर काला नागजस्ता पिठ्यूँमा लहरिदै झरेका थिए । कहाँ गाउँकी एउटी केटी र आज मेरो अगाडी उभिएकी नगरकी पूर्ण वय प्राप्त तरुणी शरीरका अवयवले चिल्लो डोलो बान्की धारण गरेको (कोइराला, २०४९:४७) । यस्तो शारीरिक अवस्था भएको भए पनि केही समयमै नरेन्द्रलाई क्षयरोग लागेर पुरानै घर फर्कने मुनरिया संकटमय अवस्थामा पुग्छे । बनारसमा रसिक मण्डलीमा बसेर मुनरिया जीवन धान्छे । ऊ अर्काको मनोरञ्जनकी साधन बन्न विवश थिई, जुनकुरा उसले सानोबाबुलाई भनेका यी भनाइले स्पष्ट हुन्छ ......"उनी पनि मलाई छाडेर गए मेरो जीवनको आधार नै चुडिएको छ, सानोबाबु (कोइराला, २०४९:४३) । यस्ता भनाइका साथ मुनरियाका आँखाबाट आँशु झरे । यहाँ मुनरियाको जीवन अत्यन्त कारुणिक बनेको छ । मुनरिया सानोबाबुसित शिक्षा र स्तर भन्दा अत्यन्त बौद्धिक र तार्किक ढंगले जीवनका विविध पक्षका बारेमा विचार व्यक्त गर्छे । आफू र नरेन्द्रबीच भएको प्रेमसम्बन्धलाई अत्यन्त स्वभाविक भएको बताउँदै मुनरिया भन्छे - "जमिन्दार कुमारको एकनासको प्रणयहरूले गरिब दासी माथि सम्पूर्ण रूपले विजय प्राप्त गर्न सक्थ्यो भने आश्चर्य के ? (शर्मा, २०३९:१८) । मुनरियाको चरित्रबाट उपन्यासकारले वास्तविक प्रेम छुट्याउन नसिकने गरी गाभिएको रूपको चर्चा गर्दै यौन सहजवृत्ति हो । यो एउटा मानसिक र शारीरिक तनावको यस्तो स्थिति हो जसलाई मान्छेले रोक्न सक्दैन भनेर त्यसलाई अन्धप्रेमको नाम दिएका छन् ।फ्रायडले वासना विहीन प्रेम बाल्यवस्थामा मात्र सम्भव छ। किशोरावस्थादेखि प्रेममा यौन पनि अनिवार्यः गाभिएको हुन्छ भन्ने कुराको समर्थन मुनरियाको चरित्रले गरेको छ (शर्मा, १९९१:१५३) ।

मुनरियाले कुनै नाफा, घाटा, बौद्धिक, व्यवहारिक तर्क नगरी प्रेमावेगलाई नरेन्द्रका समक्ष प्रस्तुत गरेको थिई । त्यसैले उसले त्यस आवेगमय प्रेमलाई अत्यन्त कठोर, दुर्दमनीय, असामाजिक भएर आयो । कोशीमा आएको बाढी जस्तै भएर मुनरियाले भनेकी छ । मुनरियाको प्रेमको अर्को पक्ष छ त्यो सामाजिक नैतिक मर्यादा भन्दा बाहिरको प्रेम हो । यदि उसले सामाजिक मर्यादा रक्षा गर्नपट्टि लागेको भए उसको प्रेम प्रेम नभएर एउटी दासी र जमिन्दार कुमारले गरेको यौन व्यभिचार हुने थियो तर नरेन्द्रले आफूलाई त्यस्तो नगरेर सम्पूर्ण रूपले प्रेम गरेको बताएर आफ्नो प्रेमको उदात्त रूपको चर्चा गरेकी छ । प्रेमको नाममा गरिने व्यभिचारको विरोध मुनरियाले गरेकी छ । मुनरियाले नाफा, नोक्सान हिसाब गरेर प्रेम गरिन । भौतिक रूपबाट हेर्दा सबैभन्दा विधरित ऊ नै देखिन्छे । एकदम निरासित र एक्ली मुनरियाकोा घर फर्कने कुनै बाटो नै थिएन । नरेन्द्रले छाडेपछि मुनरियाको कुनै सामाजिक सुरक्षा उपलब्ध रहेन तापनि प्रेमप्रति ऊ निष्ठुर छैन । ऊ नरेन्द्रका प्रति पनि निठुर छैन । लोग्ने र स्वास्नी नभए पनि प्रेमी प्रेमिका हुन सकिन्छ तर लोग्ने स्वास्नी हुँदैमा प्रेमी प्रेमिका हुन सकिन्छ भन्ने कुरा भने कुनै निश्चित हुदैँन । प्रेमको सम्बन्ध नै सर्वोपरि सम्बन्ध हो भन्ने मुनरियाको धारणा छ (शर्मा २०३९:१९) ।

नरेन्द्रलाई क्षयरोग लागेपछि हावापानीले ठीक हुन्छ भनी घर फर्काउने मुनरिया नियतिको चक्रमा परेकी छ । उसको भौतिक जीवनको मृत्यु नभए पनि मानसिक रूपमा मृत्यु भएको सम्भ्mेकी छ । विसंङ्गतिले उसको जीवनलाई कोशीको बालुवा उडाए भmैं उडाएको छ । उसले अस्तित्व रक्षाकै लागि नरेन्द्रलाई घर फर्काउने र बूढो जौहरीसित बिहे गर्ने निर्णय गरेकी छ । जस्तासुकै परिस्थितिमा पनि बाँच्ने रहरलाई जगाउने मुनरिया कोइरालाको विचित्र रचना मानिन्छ । लेखक स्वयं मुनरिया बनेर आफ्नो विचार व्यक्त गरेको छन् तसर्थ मुनरियाको संवाद अस्वाभाविक बनेको छ । मुनरियाले पढेकी छैन, तर **ऊ** बौद्धिक चिन्तनयुक्त धारणाहरू राखेकी छ । यस उपन्यासमा मुनरियाको जीवनमा तीनवटा पाटाहरू छन् । नरेन्द्रसित प्रेम हुनुपूर्वको अवस्था, नरेन्द्रसित रमाइलो प्रेममय जीवन बिताएको अवस्था र नरेन्द्र क्षयरोगग्रस्त बनेपछि मानसिक मृत्यु बोध गरी जौहरीसित विवाह गरेको अवस्थाहरू हुन् ।

मुनरिया कोइराला यथार्थ भोगाईको पात्र हो । नरेन्द्रको प्रेमबन्धनमा बाँधिएपछि यौन आवेग कोशीमा बाढी आए झैँ आएको महसुस मुनरियाले गरेकी छ । पति धनलाई अन्तिम थलो मान्ने मुनरिया गौरीको तुलनामा शारीरिक प्रेमकी प्रतीक देखिन्छे । एउटी दासी, अर्काकी पत्नी फेरि अर्कैसित प्रेममा फसेकी छ । सानैमा विवाह भएकी मुनरियासित लोग्नेको कुनै रागात्मक सम्बन्ध छैन उसमा पतिप्रति कुनै नैतिक दायित्व बोध छैन । तसर्थ नरेन्द्रलाई मुनरियाले प्रेम-देवता मानी कौमार्य चढाउनु स्वभाविक देखिएको छ। (उपाध्याय, २०३२ :२३५) । मुनरियामा प्रेमकै बाँच्ने र मर्ने भावुकता छैन । जीवनको कठोर वास्तविकताका साथ सम्झौता गरेर बाँच्ने यथार्थ चरित्र मुनरिया हो । उसमा सङ्घर्ष, पीडा सहन सक्ने शक्ति छ । असामान्य मनोदसा र यौनावेग भएकी मुनरिया मनोविश्लेषणीय चरित्र हो । मुनरियाको अस्तित्वहीन र विसङ्गत जीवन देखिन्छ जसको नरेन्द्रको माध्यमबाट प्रकट गरेकी छ । मुनरियामा ईर्श्या देखिदैन । गौरी देवी भइन् । म भने पशुको स्तरमा झरे भनेबाट उसमा हीनताबोध देखिन्छ । उसलाई यथार्थ चिन्तनयुक्त पात्रको रूपमा कोइरालाले उपन्यासमा चित्रण गरेको छ । मुनरियाको चरित्र चित्रणमा कोइरालाको विशेष ढंग रहेको देखिन्छ । सामान्यतथा कथा उपन्यासमा प्रेमिका खलनायिकाको रूपमा चित्रित हुन्छन् तर 'नरेन्द्रदाइ' मा मुनरिया खलनायिका होइन, सहनायिका हुन पुगिछ (दुवे २०३८:६२) भनिएबाट मुनरियाको चरित्रचित्रण विशेष उल्लेख्य प्रतीत हुन्छ । लेखक, पाठक, सबैको सहानुभूति मुनरियाले पनि गौरी झैँ पाएकी छ । मुनरिया नारी भएर नारीलाई ईर्ष्या होइन, सहयोग गर्नुपर्छ भन्ने सन्देश मुनरियाद्वारा प्रकट भएको छ । आफ्नो सुखलाई त्यागेर नरेन्द्रलाई मुनरियाले घर पठाएकी छ । मुनरिया गौरीको तुलनामा त्यति आदर्श छैन तर पनि उसको चरित्र सबल छ । जटिल नभएर सामान्य, निन्नवर्गीय चरित्र मुनरिया नियति र विसङ्गतिको पीडा भोगेर पनि उपन्यासमा सिङ्गो सहनायिकाको भूमिका निर्वाह गर्न सफल छन् ।

### (घ) सानोबाबु

सानोबाबू नरेन्द्रदाइ उपन्यासको द्रष्टा व्यक्ति र चरित्र पनि हो । सम्पूर्ण चरित्रहरुले उसकै दृश्यमा वा उसैसँग सम्वन्धित घटनामा मात्र देखिने अवसर पाएका छन् । उसको वाल्याकालको स्मृति नै उपन्यासमा पूर्वदिप्ति प्रयोग भएर आएको छ । नरेन्द्रको भाइ पर्ने सानोबाबू उसँग

ज्यादै डराउने तर गौरीलाई अत्यान्तै मनपराउने केटो हो । नरेन्द्रकी वहिनी सान्नानीसँग साथी बनेर रातिगेडि टिप्ने , खोलामा नुहाउने ,घोडामा घुम्ने काम गर्दा उ नै मुनरिया र नरेन्द्र दाइको एकान्त सम्वन्ध देख्ने पात्र हो । गौरी भाउजूको जवरजस्तिको चुम्बन पाउँदा लाज मान्ने भइसकेको सानोबाबु सहयोगी र आज्ञाकारी पनि देखिन्छ । नरेन्द्रलाइ गौरीले पठाइदिएको सुपारी लगिदिने काम पनि उसले गरेको छ । मुनरिया र नरेन्द्र गाउँबाट भागेपछि उ पनि केहि बर्ष पछि बनारस पढ्न जान्छ र त्यहाँ मुनरियालाइ भेट्न । नरेन्द्र विरामी परेर गाउँ फर्किसकेकाले दाइसँग उसको भेट हुँदैन तर मुनरियाले आफ्नो पूर्वकथा उसलाइ सुनाउँछे । प्रेमका बारेमा उसलाई केहि नबुझ्ने भन्दै मुनरिया आफ्नो र नरेन्द्रको पनि सफाइ पेश गर्छे । सानोबाबु गौरीसँग पत्राचार गरेर गाउँको खबर बुझ्छ । गौरी पनि उसलाई प्रेमका बारेमा तिमि केहि बुझ्दैनौ भनेर चिठि लेख्छे । गौरी नरेन्द्रको मृत्यु पछि विक्षिप्त भएको खबर पाएर सानोबाबु गाउँ गएर उसलाई वीरगञ्ज माइतीमा पूयाएर बनारस फर्किन्छ । पछि मुनरियालाई पसलमा भट्ता उसले आफुलाई मरिसकेकि भनेर जबाफ दिंदा सानोबाबु शून्यतामा विलाउँछ । मुनरिया, गौरी र नरेन्द्रले बनाएको बालुवाको त्रिकोण हल्लिएर भताभुङग भएको दृश्य कल्पना गरेर उ जीवनको निस्सारता बोध गर्दछ । सानोबाबु कथावाचकका साथै उपन्यासको सहायक चरित्र हो । उपन्यासका सवै कुरा जोडेर अनुभवमिश्रित प्रस्तुति दिनामा उसको अहंम भुमिका यस उपन्यासमा देखिएको छ (उपाध्याय, २०३२ : ४५) ।

**(ङ) सान्नानी**

सान्नानी नरेन्द्रकी बहिनी र सानुबाबुकी सखी हो । सानैदेखि सानोबाबुसित नरेन्द्रदाइको घरमा बसेकी हुनाले उनीहरूबीच बाल्य जीवनमा बडो घनिष्ट र रमाइलो देखिन्छ । सान्नानी सानोबाबुसित गाउँ - गाउँ घुम्ने, नुहाउन जाने, खेल्ने, रातीगेडी टिपेर आँखामा हाल्ने, ठट्टा गर्ने, रमाइलो गरेको पाइन्छ । नरेन्द्र र गौरीको सम्बन्ध विघटन र सुधारका बहस बालदृष्टिले भए पनि अवलोकन गर्थे । सान्नानी दाजु नरेन्द्रसित खुब डराउँछे र गौरीसित पनि डराउँछे । सान्नानी र सानोबाबु कप्तान्नी आमाका काखमा रामायण र महाभारतका कथा घण्टौसम्म सुन्थे । आमाले टीका लगाएर दिएको पैसाले सान्नानीले सानोबाबुलाई लगेर नजरियाको पसलमा

मिस्री र नरिवल किनेर खान्थे । सान्नानी मुनरियालाई मन पराउँथी । मुनरियालाई दाँती लागेको खबर सान्नानी ल्याउँछे । अन्तत : सान्नानी बिहे भएर पतिको घर जान्छे ।

यस नरेन्द्रदाइ उपन्यासमा सान्नानी सुरुदेखि देखिन्छे । उनी बाल्यवस्थामा सारै चञ्चले स्वाभावकी, नरेन्द्र र गौरी बीचको सम्बन्धमा चासो लिने, मिलनसार रहेको देखिन्छ । यस उपन्यासमा गौण पात्रको रूपमा, नरेन्द्रको बहिनी भएर स्थिर स्वाभाव, अनुकूल प्रकृतिकी मुक्त पात्रको रूपमा उपस्थित छन् ।

**(च) कप्तान्नी आमा**

**नरेन्द्रदाइ** उपन्यासमा कप्तान्नी आमा नरेन्द्रकी आमा हुन् । उनी सधैं रामायण, महाभारत आदि पढेर समय ब्यतीत गर्छिन् । उनी उपन्यासमा नरेन्द्र र गौरीको सम्बन्धलाई सुमधुर बनाउन प्रयासरत छन्  तर दुःखलाई कारक भने उपन्यासमा उनलाई नै बनाइएको छ । नियतिलाई पनि थप कारणका रूपमा लिइएको छ । उपन्यासमा “नियतिको हातको कौशल पनि कस्तो थियो कि यो अवश्यंभावी दुःखान्त नाटकको कारणका रूपमा स्वयं नरेन्द्रकै आमा हाम्री कप्तान्नी आमा आउनुभो”  (कोइराला, २०४९:२२) भनेर भनिएको छ । उनी धेरै रामायण र महाभारतका श्लोक टुक्का, नीति वचन उनलाई मुखाग्र थिए । पूजापाठमा मन लगाउने कप्तान्नी आमाको परिवारमा सम्माननीय पद थियो । आफ्नो छोरा नरेन्द्रलाई रोक्नेका निम्ति नरेन्द्रलाई धेरै सम्झाएर भनाभन पनि भयो उनीहरू बीचमा तर उनी असफल भइन् । नरेन्द्र बाँड्गिएर हिँड्नुलाई उनी पूर्वजन्मको फल मान्छिन् । परम्परावादी, जातिपातिको खुब ख्याल गर्नु उनको मुख्य विशेषता थियो । मुनरियाले सार्कीलाई इनारमा पानी खान दिएको घटना यसको प्रमाण हो । वर्गगत पात्रको रूपमा उनलाई लिन सकिन्छ । उनको माध्यमबाट नेपाली समाजको यथार्थता प्रष्ट भेटिन्छ । यस **नरेन्द्रदाइ** उपन्यासमा कप्तान्नी  आमा सुरुमा नै देखिन्छ । उनी अन्याय नगर्ने र अन्याय पनि नसहने प्रवृत्तिकी देखिन्छिन । उनी परम्परालाई नछाड्ने, अभिभावकको भूमिका निर्वाह गरेकी छन् । यस उपन्यासमा गौणपात्रको रूपमा नरेन्द्रको आमा भएर स्थिर स्वभाव भएकी, अनुकुल प्रवृत्ति, मञ्चीय पात्रको रूपमा उपस्थित छन् ।

**(छ) सानीआमा**

सानोबाबुकी आमालाई नरेन्द्रले सानीआमा भनेर बोलाउँछ । तसर्थ उनको नाम सानीआमा रहेको छ । सानीआमाको गौरी र नरेन्द्रको सम्बन्ध सुमधुर बनाउन धेरै प्रयास देखिन्छ । त्यसैले उनी सत्पात्र हुन पुगेकी छ । उनले नरेन्द्रलाई धेरैबेरसम्म ग्वालीमा सम्झाइन् । कर्तव्य, समाज समाजले जोडेको सम्बन्धका बारेमा अनि पाप पुण्यको बारेमा उनले नरेन्द्रलाई सम्झाउन तर उनको प्रयास सफल भएन । "नरेन्द्र तिमीलाई मैले सम्झाउँन सकिनँ तर यति बुझे वासनाको यो तिम्रो प्रबल उद्वेगले सबैलाई विनष्ट गर्नेछ । भलो म देख्दिनँ (कोइराला, २०४९:४०) भनेर भविष्यको दुःखद घटनाको सङ्केत सानीआमाले गरेकी छ ।

यस उपन्यासमा सानीआमा गौणपात्रको रूपमा उपस्थित छन् । उनी नरेन्द्रको सानीआमा, स्थिर स्वभाव,अनुकुल प्रवृत्तिभएको मञ्चीय पात्रको रूपमा उपस्थित पात्र हुन् ।

**(ज) जुण्टुनानी**

जुण्टुनानी नरेन्द्रकी सहयोगी र प्रतिकूल नारी चरित्रका रूपमा देखा पर्छे । ऊ नरेन्द्रको पक्षमा छे । मुनरियाको शारीरिक आकर्षणबाट ज्यादै प्रभावित छ । सुन्दरी प्रतियोगिता भएर मुनरिया सर्वसुन्दरी हुने धारणा जुण्टुनानीको छ । गौरी र नरेन्द्रको मेल गराउने प्रयास जुण्टुनानी व्यर्थ ठान्छे । आँखा र टाउको एकैपटक हल्लाउने स्वभाव भएकी जुण्टु लोग्ने र स्वास्नीको बाहिरियाले गराएको मेलले केही नहुने विचार पोख्छे । पुरुषसित हा हा ही ही गर्न मनपराउने जुण्टु चञ्चले स्वभावकी छ । जुण्टुनानी लोग्ने मान्छे स्वभावैले हक्की हुन्छन् स्वास्नीमान्छेसित ही ही खोज्ने उनीहरूकै जातीय अधिकार हो भन्छे । ऊ "गौरीमा नरेन्द्र के पाउँछ र एकचिम्टी छाती छैन, जहाँ मुनरिया अँजुली भरी लिएर हिँड्छे " (कोइराला, २०४९:१४) भनेर गौरीलाई नरेन्द्रले छाड्नु स्वभाविक हो र कारण चाहिँ गौरीको अपरिपक्वता हो भन्ने विचार व्यक्त गर्छे । गजल गाउनु पनि उसको विशेषता मानिन्छ ।

यस उपन्यासमा जुण्टुनानी मुनरियाको पक्षमा उभिएकी छ । उनी नरेन्द्रले गौरीको अँग विकासको अभावले तिरस्कार गर्नु स्वभाविक मान्छे । यहाँ गौण पात्रको रूपमा उपस्थित भएर

स्थिर चरित्रकी, प्रतिकुल स्वभाव भएकी मञ्चीय र बद्ध पात्रको रूपमा भूमिका निर्वाह गरेकी छ।

**(झ) महारानी दिदी**

कप्तान्नी आमाकी बिहे भइसकेकी छोरी महारानी दिदी हुन् । उनी गौरी र नरेन्द्रको मेल गराउने पक्षमा छन् । उनमा छुवाछुतको भेदभाव नराख्ने आधुनिक सोचाई रहेको छ । उदास स्वभावकी उनी रामायणका श्लोकहरू लयबद्ध गाउन सिपालु छन् । यस उपन्यासमा महारानी दिदी गौण पात्रको रूपमा उपस्थित भई नरेन्द्रको दिदी भएर स्थिर स्वभाव, अनुकुल प्रवृत्ति, मञ्चीय पात्रको उपस्थित छन् ।

माथि उल्लिखित नारी पात्रहरू बाहेक रम्पियरी फगुनी, फुपू बाहुनी बजै, नजरियाकी दुलही, परेमा, काकीहरू आदिको चर्चा पाइन्छ । यस उपन्यासमा गौरी र मुनरिया प्रमुख नारी पात्र केही गौण पात्रहरू र केही अति गौण पात्रहरू देखिन्छ । यी सबै नारी पात्रहरूले गौरी र नरेन्द्रबीचको सम्बन्ध अनि मुनरिया र नरेन्द्रबीच सम्बन्धको चर्चा परिचर्चामा संलग्न रहेका छन् । यी पात्रहरूले नरेन्द्र, गौरी र मुनरियाको जीवनमा घटेका घटना, अस्तित्ववादी-विसङ्गतिवादी धारणा लिएर जीवनमा सङ्घर्षरत छन् तर जीवनमा निस्सार र निरर्थक जीवन बिताउन बाधा भएको यस **नरेन्द्रदाइ** उपन्यासको सिङ्गो कथावस्तुमा सबै पात्रहरूको महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।

## ४.२ निष्कर्ष

उपन्यासकार कोइरालाका **नरेन्द्रदाइ** उपन्यासमा नारी चरित्रको प्रधानता पाइन्छ । सान्नानी र सानोबाबुको बाल्यजीवनको रमाइलो वर्णनबाट उपन्यास सुरु भएको नरेन्द्र गौरीलाई तिरस्कार गर्नु, मुनरियालाई लिएर घर छाड्नु केही रमाइलोसित जीवन बिताएको, क्षयग्रस्त अवस्थामा घर फर्केपछि नरेन्द्रको मृत्यु भएको, गौरीको पनि मृत्यु भएको, मुनरियाले पनि मानसिक मृत्यु अनुभव गरी जौहरीसित विवाह गरेको अनि सानुबाबुमा जीवनप्रति विसङ्गतिबोध जन्मेको मुख्य कथावस्तुमा आधारित उपन्यासमा पात्रहरूले उल्लेख्य भूमिका निर्वाह गरेका छन् । यथार्थ घटनामा आधारित **नरेन्द्रदाइ** उपन्यासका मुख्य पात्रहरू अस्तित्व

रक्षाका लागि स्वतन्त्र निर्णय र सम्झौता गर्छन तर नियतिको जालमा फसेर उनीहरूको जीवन विसंङ्गत देखिन्छ ।

यस उपन्यासमा कोइरालाले नारीवादी चिन्तन, नारी मनोविश्लेषण, नारीको कोमलता, सत्‌विचार, प्रतिबद्धता, यौनेच्छा, नारीको सामाजिक मानमर्यादा नारीको सही विश्लेषण गर्न सफल भएका छन् । यस उपन्यासको प्रमुख  पात्रहरूको जीवनमा अस्तित्व र विसङ्गतिको पछाडि नियतिको ठूलो हात रहेको देखिन्छ । यो उपन्यास उपन्यासकार कोइराला स्वयंले निर्माण पक्षमा राम्रो ठहराएको , परम्परा र नवीनताको सन्धि रेखाको काम गर्ने आधुनिक नेपाली उपन्यास परम्पराकै उल्लेख्य रहेको यो रचनामा  सवै पात्र वा चरित्रको सफल संयोजन पाइन्छ।

# परिच्छेद पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत **नरेन्द्र दाइ** उपन्यासमा पात्र विधान शीर्षकको शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय अन्तरर्गत समस्याकथन, शोधकार्यको उद्देश्य,पूर्वकार्यको समिक्षा, शोधको औचित्य,शोध कार्यको सिमाङ्कन,सामाग्री संकलन विधि, शोधविधि र शोध पत्रको रुपरेखा प्रस्तुत गरीएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा विश्वेश्वर प्रसाद कोइरालाको औपन्यासिक यात्राको निरूपण शीर्षक अन्तरर्गत उपन्यासकार वि.पि.को परिचय साहित्यिक व्यक्तित्व(कथाकार, उपन्यासकार, कवि, निवन्धकार, समालोचक),राजनैतिक व्यक्तित्व, उपन्यासकार वि.पि.को उपन्यास यात्रा र विभिन्न चरणहरूको विभाजनको बारेमा छोटकरीमा प्रस्तुत गरीएको छ । यसै परिच्छेद अन्तरगत कोइरालाका भिन्न-भिन्न औपन्यासिक प्रवृत्तिहरूको पनि निरूपण गरी नेपाली उपन्यासमा विश्वेश्वर प्रसाद कोइरालाको योगदान मुल्यांकन र निष्कर्षलाइ प्रस्तुत गरीएको छ ।

त्यसै गरी शोधपत्रको तेस्रो परिच्छेदमा औपन्यासिक पात्र विधानको सैद्धान्तिक स्वरूप शीर्षक अन्तर्गत विषय परिचय, पात्र परिचय,पात्र वा चरित्रका प्रकारहरू( गतिशिल/गतिहीन,यथार्थ/आदर्श,अन्तरर्मुखी र बर्हिमुखी, गोला र च्याप्टा,सार्वभौम र आञ्चलिक,पारस्परिक र मौलिक पात्रहरूको बारेमा छोटकरीमा व्याख्या गरीएको छ । चरित्र चित्रणका आधारहरुलाइ पनि यसै परिच्छेदमा प्रस्तुत गरीएको छ ।

शोधपत्रको चौथो परिच्छेदमा औपन्यासिक तत्वका आधारमा **नरेन्द्र दाइ** उपन्यासमा पात्रविधान शीर्षकअर्न्तगत विषय परिचयका साथै **नरेन्द्र दाइ** उपन्यासका प्रमुख पात्र, सहायक पात्र र गौण पात्रहरुको निर्क्यौल गरीएको छ । यस परिच्छेदमा **नरेन्द दाइ** उपन्यासमा प्रयोग भएका पात्रहरुको विशिष्टिकरण तालिका प्रस्तुत गर्दै औपन्यासिक तत्वहरूका आधारमा

उपन्यासका पात्रहरूको विश्लेषण गरीएको छ । शोध पत्रको पाँचौ परिच्छेदमा शोधको सारांश र निष्कर्षलाइ प्रस्तुत गरीएको छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोध पत्रमा कोइरालाको **नरेन्द्र दाइ** उपन्यासमा प्रयुक्त पात्रहरुको वर्गीकरण एवं विश्लेषण विभिन्न सैद्धान्तिक मान्यताका आधारमा गरीएको छ । उक्त विश्लेषणलाई आधार मानी अध्ययन गर्दा निस्कन पुगेको निष्कर्ष बुँदागत रुपमा यस प्रकार प्रस्तुत गरिएको छ ।

उपन्यासकार वि.पि कोइरालाको प्रथम पुरुष, बाहय दृष्टिविन्दुमा संरचित **नरेन्द्र दाइ** उपन्यासमा नरेन्द्र दाइ, गौरी र मुनरियाको त्रिकोणात्मक भूमिका उपन्यासको प्रारम्भ देखि अन्त्य सम्म नै महत्वपूर्ण रहेकाले नरेन्द्र दाइ, गौरी र मुनरिया यस उपन्यासका प्रमुख पात्रको रुपमा देखा परेका छन् ।

प्रस्तुत **नरेन्द्र दाइ** उपन्यासमा नरेन्द्र दाइ, गौरी र मुनरियाको भूमिकालाई प्रष्ट पार्नका लागि सानो बाबु, सान्नानी, कप्तान्नी आमा, महारानी दिदी, जुन्टु नानी , सानी आमा, पिता जी, भान्दाइ, जौहरी, फगुनी, लेलहा,मुनरियाको बाबु, लछमनियाँ,भटना, फुपू, रम्पियारी, लगायतका थुप्रै पात्रहरुसँग उपकथा जोडिएर आएको हुँदा उपर्यूक्त पात्रहरु सहायक र गौण पात्रका रुपमा उपन्यासमा प्रस्तुत भएका छन् ।

**नरेन्द्र दाइ** उपन्यासमा प्रयूक्त पात्रहरुलाई विभिन्न आधारमा वर्गीकरण गर्दा लिङ्गका आधारमा – स्त्री र पुरुष, कार्य वा भूमिकाको आधारमा- प्रमुख सहायक र गौण, प्रवृत्तिका आधारमा-अनुकुल र प्रतिकुल स्वभावका आधारमा- गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा व्यक्तिगत र वर्गीय, आसन्नताका आधारमा-मञ्चीय र नेपथ्यीय, आवद्धताका आधारमा-वद्ध र मुक्त पात्रहरु उपन्यासमा प्रस्तुत भएका छन् भने अन्य आधारमा यथार्थ, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, परम्परिक र मौलिक पात्रहरुको उपस्थिति उपन्यासमा रहेको छ ।

कथानकका आधारमा **नरेन्द्र दाइ** उपन्यासका पात्रहरूको विश्लेषण गर्नु पर्दा नरेन्द्रदाइ, गौरी र मुनरिया उपन्यासका मूल पात्र रहेता पनि सानोबाबुको बाल्यकालको स्मृति नै

उपन्यासमा पूर्वदिप्ति वनेर प्रयोग भएको छ । सानोबाबु नरेन्द्र दाइ उपन्यासको द्रष्टा व्यक्ति र महत्वपूर्ण चरित्र को भुमिकामा देखा परेको छ । सम्पूर्ण चरित्रहरुले उसकै दृष्यमा वा उसैसँग सम्बन्धित घटनामा मात्र देखिने अवसर पाएका छन् । यस उपन्यासमा पात्रहरुको कार्य व्यापारको वर्णन भन्दा पनि चरित्रहरूको वर्णन र व्याख्या तर्फ उपन्यास अभिप्रेरित भएको देखिन्छ तसर्थ नरेन्द्र दाइ उपन्यास चरित्रप्रधान उपन्यासका रूपमा सजिलै बुझ्न सकिन्छ ।

चरित्रका आधारमा हेर्दा नरेन्द्रको चरित्र शुरूमा प्रतिकूल रहेता पनि अन्त्यमा अनुकुल रहेको छ । प्रस्तुत **नरेन्द्र दाइ** उपन्यासमा प्रयुक्त पात्रहरू मध्ये नरेन्द्र, गौरी, सानोबाबु, सान्नानी,कप्तान्नी आमा, सानी आमा, फगुनी,कप्तान बा,भान्दाइ अनुकुल पात्रहरु हुन् भने मुनरिया, जुन्टुनानी प्रतिकुल पात्रहरू हुन् । उपन्यासको सारबस्तुको आधारमा पात्रहरुको चरित्र र भूमिकालाइ अध्ययन गर्दा वर्तमान समाजमा गौरी जस्ता आदर्श र सत्पात्र र नरेन्द्र र मुनरिया जस्ता पात्रहरू पनि थुप्रै भेटिन्छ । वर्तमान समाज र यस भित्र रहेका आम मानवजातिको कथासँग यस उपन्यासका पात्रहरूको चरित्र र भूमिकाले मेल खाने हुँदा यस उपन्यासका पात्रहरु वर्तमान समाजबाट टपक्क टिपेर उपन्यासमा राखे जस्तै अत्यान्तै यथार्थ र जिवन्त पात्रका रूपमा यस उपन्यासमा देखा परेका छन् । यसरी विभिन्न औपन्यासिक तत्वका आधारमा **नरेन्द्र दाइ** उपन्यासका पात्रहरूको विश्लेषण गर्दा कोइरालाको **नरेन्द्र दाइ** उपन्यास पात्र विधानका दृष्टिले अत्यन्तै सवल, सफल, र उत्कृष्ट देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, शिव (२०५०), **विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व र विचारमा,** काठमाडौँ, रत्न पुस्तक भण्डार ।

आचार्य, जयराज (२०५३), **श्री विश्वेश्वर प्रसाद कोइरालासँग लिइएको मौखिक अन्तरर्वार्ताको सारांश, अरूणोदय** अंक ३ , पृष्ठ १५/१६ ।

उपाध्याय, केशवप्रसाद(२०३२), **केही रचना केही विवेचना विश्लेषणात्मक हेराइमा नरेन्द्रदाइ** काठमाडौँः रत्न पुस्तक भण्डार ।

उपाध्याय, केशव प्रसाद(२०४०), **विचार र व्याख्या**, ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वर प्रसाद,(२०४९), **नरेन्द्र दाइ,** ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०४०), **आफ्नो कथा,** ललितपुर : साझा प्रकाशन ।

घर्ति दुर्गाबहादुर (२०६७), **मनोविश्लेषणात्मक नेपाली उपन्यास परम्परा,**ललितपुर : साझा प्रकाशन ।

ढकाल, भूपति (२०५६), **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा विचार पक्ष**, पोखरा : जयनेपाल प्रकाशन, ।

दाहाल, कृष्णप्रसाद (२०६०), **विश्वेश्रप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्व विधान,** काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दाहाल, खेम (२०५२), **"विसङ्गतिवादी दृष्टिका नरेन्द्रदाइ उपचारको सेरोफेरोको अवलोकन", गरिमा** पूर्णाङ्क १८९, पृ ७८ ।

दुवे, चन्द्रेश्वर (२०३८), **नेपाली साहित्य एक सर्भेक्षण,** काठमाडौं : ज्योति प्रकाशन ।

पराजुली, हरिप्रसाद (२०४०), **"मलाई जति परेशानी परे पनि पराजयको अनुभव कहिल्यै भएन, बी.पी. संगको अन्तर्वार्ता" बरगाछी वर्ष ८**, अङ्क ३ पृ ३४ ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यासः परम्परा र पृष्ठभूमि**, दार्जिलिङ्ग : दिपा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (२०३१), **नेपाली उपन्यासका आधारहरू,** ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०२९), **नेपाली साहित्यको ऐतिहासिक परिचय,** काठमाडौं : सहयोगी प्रकाशन ।

शर्मा, भानुभक्त (२०४९), **उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला र नरेन्द्रदाइ उपन्यास,** काठमाडौं : तलेजु प्रकाशन ।

शर्मा, शारदा(२०५३), **विश्वेश्वर प्रसाद कोइरालाका नारी पात्र(२०५३),** काठमाडौं : रुमु प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०५५), **वर्तमान राजनीति र वी.पी. को राष्ट्रिय मेलमिलाप**, ललितपुरः साझा प्रकाशन ।

शर्मा, मोहन राज (२०५९), **शैली विज्ञान**, काठमाण्डौं : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, विष्णु कुमारी (सन् १९९१), **नारी मनोविश्लेषण तथा अस्तित्वको सन्दर्भमा वि.पि.को साहित्य,** काठमाण्डौं : सयपत्री प्रकाशन ।

श्रेष्ठ, परशुराम (२०६३), **नरेन्द्रदाइ उपन्यासमा पात्रविधान**,अप्रकाशित (स्नाकोत्तर शोधपत्र ) त्रि चन्द्र कलेज, काठमाडौ ।

श्रेष्ठ, दयाराम (२०६६), **नेपाली कथा भाग ३,** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५१), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसी(यु.पी)भारत : भूमिका प्रकाशन ।

त्रिपाठी, वासुदेव(२०५६), **नेपाली साहित्य शृङ्खला (भाग - २),** काठमाडौँ : एकता बुक्स ।